# बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह एम. ए. दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र

## शोधकर्ता

मेघराज बराल
प्राइभेट
परीक्षा रोल नं. ९६२०११६
त्रि.वि.र.नं. ९-२-२७८-४१९-२००८
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर
२०८१

# निर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको *बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन* शीर्षकको शोधपत्र मेघराज बरालले मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोधकर्ताको अध्ययन र प्रस्तुतीकरणबाट म पूर्णतः सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सम्बद्ध निकाय समक्ष सिफारिस गर्दछु ।

.........................................

प्रा.डा. कृष्णप्रसाद न्यौपाने

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत मेघराज बरालले स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको पाठ्यांशीय प्रयोजनका लागि तयार गर्नु भएको *बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन* शीर्षकको शोधपत्र तयारका लागि उचित भएकाले स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ................................

विभागीय **प्र**मुख

२. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ................................

शोधनिर्देशक

३. सहप्रा.डा. दुर्गाबहादुर घर्ती ................................

बाह्य परीक्षक

# कृतज्ञताज्ञापन

*बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन* शीर्षकको प्रस्तुत अनुसन्धान कार्य मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शात्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूर्तिको लागि विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानज्यूको निर्देशनमा तयार पारेको हुँ । शोधपत्र तयारिका क्रममा आइपरेका अनेकौँ समस्याहरूको उचित समाधानका लागि आवश्यक सल्लाह सहप्रा.डा. दुर्गाबहादुर घर्ती सर मार्फत दिई शोधपत्रको निरीक्षण गरी परिष्कार परिमार्जनका निम्ती समुचित मार्गनिर्देशन दिनुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सर्वप्रथम नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाटै अध्ययन तयार गर्न पाएकोमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा शोधपत्र सम्पन्न गर्न स्वीकृती दिने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानज्यू र सहप्रा.डा. दुर्गाबहादुर घर्तीज्यू तथा विशेष उत्प्रेरणा तथा प्राज्ञिक सल्लाह र सुझाव प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै प्रस्तुत शोधपत्र गर्न सहयोग गर्नुहुने विभागका कर्मचारीहरू प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहान्छु । विभिन्न बाधा र अप्ठेराहरू आइपर्दा पनि उचित वातावरण सिर्जना गरी मेरो अध्ययनलाई अघि बढाउनका लागि सहयोगी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण व्यक्ति, परिवार, समाज र राष्ट्रप्रति सदैव ऋणी रहने छु । सामग्री सङ्कलन देखि शोधपत्र लेखनका क्रममा सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुक र मित्रजन प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । मैले यस बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेको हो । अन्त्यमा, प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

मिति : २०८१/०२/०८

शोधकर्ता

मेघराज बराल

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


| | |
|---|---|
| १.१. विषयपरिचय | १ |
| १.२. समस्याकथन | २ |
| १.३. शोधको उद्देश्य | ३ |
| १.४. पूर्वकार्यको समीक्षा | ३ |
| १.५. शोधको औचित्य र महत्त्व | ४ |
| १.६. शोधको सीमाङ्कन | ५ |
| १.७. शोधविधि | ५ |
| १.८. शोधपत्रको रूपरेखा | ५ |


## दोस्रो परिच्छेद

## बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रको परिचय


| | |
|---|---|
| २.१. परिचय | ६ |
| २.२. भौगोलिक अवस्था | ८ |
| २.३. सामाजिक अवस्था | ९ |
| २.४. आर्थिक अवस्था | १० |
| २.५. धार्मिक अवस्था | ११ |
| २.६. निष्कर्ष | १२ |

## तेस्रो परिच्छेद

## बेलबारी नगरपालिको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको विषयगत वर्गीकरण


३.१. परिचय १३

३.२ लोकसाहित्यको परिचय १३

३.३. लोकसाहित्यका विधाहरूको वर्गीकरण १४

३.३.१. लोकगीत १५

३.३.२. लोककथा १५

३.३.३. लोकगाथा १६

३.३.४. लोकनाटक १६

३.३.५. उखान-टुक्का १७

३.३.६. गाउँखाने कथा १७

३.४. लोककथाको परिचय १८

३.४.१. लोककथाको परिभाषा १९

३.४.२. लोककथाको स्वरूप २०

३.४.३. लोककथाको वर्गीकरण २१

३.५. सङ्कलित कथाको वर्गीकरण २२

३.५.१. सामाजिक लोककथा २२

(क) धनपालगढीमा मेला २२

(ख) गरिब झेलीया २३

(ग) राजा कछुवा २४

(घ) सिमसार २४

(ङ) सौतिनी आमा २५

(च) आगो र एकता २५

(छ) दाजुभाइको कथा २६

(ज) टुहुरो २७

३.५.२. भूतसम्बन्धी लोककथा २७

(क) भूतको रूख २७

३.५.३. सृष्टिसम्बन्धी लोककथा २८
(क) ब्रह्माको सृष्टि २८
३.६. निष्कर्ष २९

## चौथो परिच्छेद

## कथातत्त्वका आधारमा बेलबारी क्षेत्रमा प्रचलित लोककथाको विद्यातात्त्विक विश्लेषण

४.१. पृष्ठभूमि ३०
४.२. लोककथाका विद्यातत्त्वको सिद्धान्त ३०
४.२.१. कथावस्तु ३०
४.२.२. पात्र ३१
४.२.३. परिवेश ३२
४.२.४. भाषाशैली ३२
४.२.५. उद्देश्य ३२
४.३. सामाजिक लोककथा ३३
४.३.१. धनपालगढीमा मेला ३३
४.३.२. गरिब झेलीया ३५
४.३.३. राजा कछुवा ३८
४.३.४. सिमसार ४१
४.३.५. सौतिनी आमा ४४
४.३.६. आगो र एकता ४५
४.३.७. दाजुभाइको कथा ४८
४.३.८. टुहुरो ५१
४.४. भूतसम्बन्धी लोककथा ५३
४.४.१. भूतको रुख ५३
४.५. सृष्टिसम्बन्धी लोककथा ५५
४.५.१. ब्रह्माको सृष्टि ५५
४.६. निष्कर्ष ५७

## पाँचौ परिच्छेद

## सारांश र निष्कर्ष


५.१. सारांश ५८

५.२. निष्कर्ष ६१

परिशिष्ट ६२

(क) लोककथा ६२

(ख) क्षेत्रको नक्सा ८३

(ग) कथावाचकको विवरण ८४

सन्दर्भ सामग्रीसूची ८५

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१. विषयपरिचय

लोकसाहित्यका विविध विधाहरूअन्तर्गत एक महत्त्वपूर्ण विधाको रूपमा परिचित 'लोककथा' 'लोक' र 'कथा' दुई शब्द मिलेर बनेको समस्त शब्द हो । लोकसाहित्यका अन्य विधाहरूमा जस्तै लोककथामा पनि लोकजीवनको चित्रण गरिँदै आएको हुन्छ । लोककथाहरू प्रायः न्यायको पक्षमा उभिएका हुन्छन् । प्रायजसो कथाहरू दुःखान्त नै हुने गरेको पाइन्छ । लोककथाका विषयहरूलाई सीमामा बाँध्न गाह्रो छ । यसमा इतिहास, पुराण, धर्म तथा संस्कृति, समाज, आदि विभिन्न कुराहरूले महत्त्व पाएको हुन्छ ।

मोरङ जिल्ला नेपालको पूर्वमा अवस्थित कोशी प्रदेश अन्तर्गत पर्ने एक जिल्ला हो । यस मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर रहेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ । जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ७९ रहेका छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर २ दशमलव ५४ रहेको यो नगरमा आदिवासी जनजातिको ५७.१३ प्रतिशत, ब्राह्मण क्षेत्री ३२.२३ प्रतिशत, दलित ७.८१ र मधेसी पिछडा वर्ग २.८३ प्रतिशत रहेका छन् । साक्षरताको हिसाबले निकै अघि रहेको यो नगरको कुल साक्षरता ७४.१७ प्रतिशत रहेकोमा महिला ६६.६६ प्रतिशत र पुरुष ८३.२२ प्रतिशत रहेको छ । त्यसैगरी बेलबारी नगरपालिमा २० हजार ४ सय ५९ घरधुरी रहेकोमा औसत घरधुरी ४ छ भने लैङ्गिक अनुपात ८८.०९ रहेको छ । भने जिल्लाको सदरमुकामबाट पूर्व उत्तरमा रहेको छ बेलबारी नगरपालिका । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रूपले रमणीय स्थलको रूपमा रहेको छ । बेलबारी नगरपालिकालाई सिमसारको राजधानी पनि भनेर चिन्ने गरिन्छ । यहाँ लगभग २४ वटा जति सिमसारहरू रहेको पाइन्छ । यस नगरपालिकामा पनि बिस्तारै साहित्यकारहरूको पनि जन्म हुँदै गरेको पाइन्छ । मिथक, किंवदन्ती र लोककथाहरूको विश्लेषणात्मक अध्ययनका लेखक चतुरभक्त राई त्यसैगरी केशु विरही, तिला लेकाली, रमेश निरौला, भीम लामा लगायतका साहित्यकारहरू रहेका छन् ।

बेलबारी नगरपालिका ११ वडामा विभाजित रहेको छ । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलले रमणीय रहेको यस नगरपालिकाका रैथाने जातिका रूपमा धिमाल जातीलाई लिने गरेको पाइन्छ । यहाँ महाभारत कालमा राजा विराटको ठुलो भोटे ताल्चा रहेको र धनपाल राजाले पनि यहीँ राज्य गरेकाले यस स्थानको नाम धनपालगढी रहन गएको शिलालेखमा पाइन्छ । अहिले पनि राजा धनपालको मन्दिर र मन्दिरसँगै पोखरी पनि रहेको छ । त्यस पोखरीमा कमलको फुल फुल्ने गरेको छ । त्यसैगरी पर्यटकीय स्थलका रूपमा रहेको यहाँको प्रख्यात बेतना सिमसारका नामले चर्चित सिमसार रहेको छ । यहाँ छिमेकी नगरपालिका र अन्य जिल्लाहरूबाट पनि पर्यटकहरू घुम्न आउने गरेको पाइन्छ । महेन्द्र राजमार्गमा रहेको यस सिमसार कछुवा संरक्षण क्षेत्रका रूपमा रहेको बेतना सिमसारमा चार प्रकारका कछुवाहरू पाइन्छन् । जसमध्ये दक्षिण एसियामा लोपोन्मुख मयूरपङ्खी कछुवा पनि यहीँ रहेको पाइन्छ । बेलबारी नगरपालिका शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि क्षेत्रमा पनि सम्पन्न रहेको छ । यहाँका अधिकांश मानिस सरकारी नोकरीमा रहेका छन् भने अन्य कृषि पेसामा आबद्ध रहेका छन् । त्यसैले मेरो यस बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शिर्षकको शोधपत्र तयार पारेको हो ।

## १.२. समस्याकथन

बेलबारी नगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रमणीय स्थलहरूको बारेमा अध्ययन अनुसन्धान गरी यहाँ रहेका विभिन्न कथाहरूलाई प्रस्तुत गरिएको छ । जयसले गर्दा नेपाली समाजमा त्यसमाथि पनि पूर्वीय क्षेत्रमा रहेका कला, साहित्य र सांस्कृतिक धरोहरहरूका बारेमा प्रस्तुत गरोको हो । त्यसैले पनि यस बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शिर्षकको शोधपत्र तयारीले त्यहाँको महत्त्व अझ बढेको छ । त्यसैले यस लोकसाहित्यको एउटा महत्त्वपूर्ण पाटोको रूपमा लोककथा रहेको छ । यहीँ समस्यामा आधारित रही निम्न लिखित बुँदाहरूमा केन्द्रित भएर प्रस्तावित शोधपत्रलाई सम्पन्न गरिएको छ ।

(क) बेलबारी क्षेत्रमा प्रचलित लोककथाहरूको विषयवस्तु केकस्ता छन् ?

(ख) बेलबारी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन कसरी भएको पाइन्छ ?

## १.३. शोधको उद्देश्य

यसैलाई मध्यनजर राख्दै बेलबारी नगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको बारेमा अध्ययन अनुसन्धान गरी लोककथामा ल्याउनसकिन्छ । नेपाली समाजमा छरिएर रहेका लोककथाहरू समष्टिगत रूपमा सङ्कलन तथा अध्ययन गर्नु एक महत्त्वपूर्ण कार्य हो ।

(क) बेलबारी क्षेत्रमा प्रचलित लोककथाहरूको प्रकारको विवेचना गर्नु ।

(ख) बेलबारी क्षेत्रमा प्रचलित लोककथाहरूको विद्यातात्त्विक विश्लेषण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

बेलबारी नगरपालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको अध्ययन र अनुसन्धान गर्नु एक महत्त्वपूर्ण कार्य हो । यहाँ रहेका जातजाति, भाषा तथा धर्महरूलाई मध्यनजर गर्दै कथाहरूको अध्ययन गरिएको छ । साथै यहाँ रहेका प्रमुख रैथाने जातिको रूपमा रहेको धिमाल र त्यससँगै जोडिएर आएका अन्य जातजातिको परम्परा तथा संस्कृतिलाई ख्यालमा राख्दै कथा तयार पारिएको छ । अतः यस शोधपत्रमा लोककथाका विभिन्न अध्ययन भएका छन् । कतिपय अध्ययन लोककथाको सिद्धान्तमा केन्द्रित छन् । तिनको तल कालक्रमिक रूपमा सङ्क्षेपमा समिक्षा गरिएको छ ।

तुलसी दिवस (२०३२) ले *नेपाली लोककथा*मा नेपालका विभिन्न जिल्लामा प्रचलित १२२ वटा लोककथाहरूको अध्ययन विश्लेषण गरेका छन् । जसले यर्दा बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनको सान्दर्भिकता रहेको छ ।

रविमान लम्जेल (२०५०) ले *कोसी अञ्चलको साहित्यक इतिहास* नामक पुस्तकमा *तेरथुम जिल्लाको साहित्यिक घुम्ती* भन्ने शीर्षकमा तेरथुम जिल्लाको गा.वि.स. विभाजन क्षेत्रफल जनसङ्ख्या, जाति, पेशा, धर्म, भाषा, शिक्षाको स्थिति र तेरथुम जिल्लाको साहित्यिक गतिविधिबारे चर्चा गर्नुका साथै विभिन्न विधामा योगदान पुऱ्याउने केही तेरथुमे साहित्यकारहरूको परिचय पनि दिएका छन् । जसले यर्दा बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनको सान्दर्भिकता रहेको छ ।

चूणामणि बन्धुले (२०५८) *नेपाली लोकसाहित्य*मा नेपाली लोककथाका बारेमा लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत् भन्दा भिन्न लोकको निर्माण गरिन्छ भनेका छन् । जसले यर्दा बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनको सान्दर्भिकता रहेको छ ।

नवीन घले (२०६९) ले *सङ्खुवासभा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको विश्लेषण* शीर्षकको शोधपत्रमा लोककथाको सैद्धान्तिक परिचय, सङ्खुवासभा जिल्लाको सङक्षिप्त परिचय र सङ्खुवासभा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण गरेका छन् । जसले यर्दा बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनको सान्दर्भिकता रहेको छ ।

चतुरभक्त राई (२०७९) को *मिथक, किंवदन्ती र लोककथाहरूको विश्लेषणात्मक अध्ययन* मा नेपाली लोककथा नेपाली जनजीवनको अभिन्न अङ्ग हो जसले समाजमा व्यथित घटनाक्रमलाई कथामा प्रस्तुत गरिन्छ । जसले गर्दा पूर्वीय दर्शनमा रहेको लोकसाहित्य र लोककथाले जनमानसमा अपुरणीय योगदान पुऱ्याएको छ, भनी प्रस्तुत गरेका छन् । यसले मेरो शोधपत्रका लागि आवश्यक सामग्री सिद्ध भएको छ । जसले यर्दा बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनको सान्दर्भिकता रहेको छ ।

यसका साथै विभिन्न समयमा विभिन्न क्षेत्रका विद्वत् वर्गहरूद्वारा बेला-बेलामा लोककथाका बारेमा बेग्लाबेग्लै खोज-अनुसन्धान भएका छन् । उक्त अनुसन्धानहरूलाई यस शोधपत्रमा अटाउन सकिएको छैन । त्यसमा पनि बेलबारी नगरपालिकाको क्षेत्रमा प्रचलनमा रहेका किम्बदन्तीमा केन्द्रित रहेर मानव विकासको झ-झल्को दिलाउने लोककथाका बारेमा हालसम्म कुनै पनि अनुसन्धानात्मक कृतिहरू हाम्रो समाजमा उपलब्ध छैनन् । त्यसैले प्रस्तुत शोधपत्रमा यस अभावको पूर्ति गर्नका लागि बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेको हो ।

## १.५. शोधको औचित्य र महत्त्व

बेलबारी नगरपालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको अध्ययन र अनुसन्धान गरी युगबोध प्रतिविम्वीत भएको कुरा प्रस्तुत शोधपत्र अध्ययन गर्न चाहने जिज्ञासु पाठकलाई मार्ग निर्देशन गर्न पर्याप्त मात्रामा सहयोगी हुने हुँदा स्वतः अध्ययनको औचित्य र महत्त्व रहेको छ । यस शोधपत्रमा त्यस क्षेत्रका रीतिरिवाज, लोकविश्वास, रूढिपम्परा, सामाजिक-आर्थिक अवस्था आदिको चित्रण लोककथामा समावेश गरिएको छ । जनश्रुतिमा मात्र सीमित रहेका यस्ता अलिखित लोककथाहरूको वर्गीकरण गर्नु महत्त्वपूर्ण कुरा हो । नेपाली लोककथाको अध्ययनमा पनि थप योगदान पुऱ्याउने हुनाले प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । अतः यस शोधपत्रमा लोककथाको सङ्कलन र अध्ययन गर्ने सन्दर्भमा विभिन्न दिग्गज व्यक्तित्त्वहरूको प्रमुख सहभागिता, सल्लाह सुझाव र मार्ग दर्शनका आधारमा यो लोककथा तयार गरिएको हो ।

## १.६. शोधको सीमाङ्कन

नेपाली लोककथाले देशभित्रको सम्पूर्ण परिवेशलाई समावेश गरेर विस्तृत क्षेत्र ओगटेको छ । यस शोधपत्रमा बेलबारी नगरपालिका क्षेत्रमा रहेका प्रचलित लोककथाहरूको अध्ययन विद्या सिद्धान्तका आधारमा अनुसन्धान, सङ्कलन, वर्गीकरण गरिएको छ । यहीँ नै यस शोधपत्रको प्रमुख सीमा हो । साथै बेलबारी नगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको बारेमा यस लोककथामा अध्ययन गरिएको हो ।

(क) बेलबारी क्षेत्रमा प्रचलित लोककथाहरूको विषयवस्तु केकस्ता छन् ?

(ख) बेलबारी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन कसरी भएको पाइन्छ ?

## १.७. शोधविधि

यस शोधकार्यका लागि बेलबारी नगरपालिका पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन क्षेत्रकार्य द्वारा गरिएको छ । त्यसका लागि अन्तर्वता विधि अवलम्बन गरिएको छ । सामग्रीको विश्लेषण गुणात्मक पद्धतिमा रही पाठात्मक विधिमा गरिएको छ । लोककथाको विद्यासिद्धान्तलाई सैद्धान्तिक आधार बनाएको छ । सामग्रीको विश्लेषण लोककथाको विषयगत प्रकार र लोककथाको विद्यातत्त्वका आधारमा गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गर्नुका साथै मोटामोटी रूपमा निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

**पहिलो परिच्छेद** : शोधपरिचय

**दोस्रो परिच्छेद** : बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रको परिचय

**तेस्रो परिच्छेद** : बेलबारी क्षेत्रमा प्रचलित लोककथाको विषयगत वर्गीकरण

**चौथो परिच्छेद** : कथातत्त्वका आधारमा बेलबारी क्षेत्रमा प्रचलित लोककथाको विद्यातात्त्विक विश्लेषण

**पाँचौं परिच्छेद** : सारांश र निष्कर्ष

**परिशिष्ट**

**सन्दर्भ सामग्री सूची**

# दोस्रो परिच्छेद

# बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रको परिचय

## २.१. परिचय

मोरङ जिल्ला नेपालको पूर्वमा अवस्थित कोशी प्रदेश अन्तर्गत पर्ने एक जिल्ला हो । यस मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर रहेको छ । भने जिल्लाको सदरमुकामबाट पूर्व उत्तरमा रहेको छ बेलबारी नगरपालिका । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रूपले रमणीय रहेको यस बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ६५,८९२ रहेको छ । मोरङ जिल्ला प्राचीन कालमा विराट राजाको राजधानी र मध्यकालमा विजयपुरमा विजयनारायण पछि पाल्पाली सेन राजाको राज्य भित्र रहेको इतिहास छ । मोरङ जिल्लाका एक विराटनगर महानगरपालिका ८ नगरपालिका र ८ गाउँपालिकाहरूमध्ये बेलबारी नगरपालिका एक हो । मानव बसोबासको इतिहास र पुरातात्त्विक प्रमाणहरूको आधारमा लगभग तीन हजार वर्ष अघिदेखि बसोबास गरिआएको बेतना सिमसार क्षेत्रको पुरातात्त्विक प्रमाण र लगभग आठ सय वर्षभन्दा अगाडिको धनपालगढी क्षेत्र रहेको यो बेलबारी नगरपालिका हो । आधुनिक नेपाल निर्माणपछि ३५ वटा जिल्लाहरू हुँदा हालको मोरङ, झापा, सुनसरी एउटा जिल्ला मोरङ रहेको थियो । यो बेलबारी नगरपालिका मोरङ जिल्लाको लगभग मध्य भागमा रहेको छ ।

ऐतिहासिक कालमा यो क्षेत्र घना जङ्गलले ढाकेको थियो । अहिले पनि राजमार्ग उत्तर क्षेत्र जङ्गलले नै ढाकिएको छ । पुराना बुढापाकाहरूको भनाइ अनुसार त्यस समयमा यहाँको जङ्गल क्षेत्रमा प्रशस्त बेलको रुखहरू पाइने हुनाले कालान्तरमा यस क्षेत्रको नाम नै *बेलबारी* रहन गएको हो । अर्थात् बेलै बेलको घारी भएको हुनाले यस क्षेत्रको नाम बेलबारी रहन गएको भन्ने भनाइ रही रहेको छ । नेपाल सरकारबाट २०७१ साल वैशाखमा साबिक बेलबारी र कसेनी गाउँ विकास समिति मिलाएर नगरपालिका बनेपछि सङ्घीय राज्यको संरचना अनुसार पुन २०७३ को राज्य पुनर्संरचना पश्चात् बेलबारी नगरपालिकामा साबिक डाँगीहाट र बाहुनी गाउँ विकास समिति गाभिएर हालको बेलबारी नगरपालिका बनेको हो । यस नगरपालिका हाल ११ वटा वडाहरूमा विभाजन गरिएको छ । बेलबारी नगरपालिकाको कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकाको उत्तर तर्फ लेटाङ नगरपालिका र केराबारी गाउँपालिका पूर्वतर्फ कानेपोखरी गाउँपालिका र लेटाङ नगरपालिका, पश्चिम तर्फ सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका र दक्षिण तर्फ रङ्गेली नगरपालिका रहेका छन् । स्रोत : https://belbarimun.gov.np/en

मोरङको बेलबारी लगायतको विजयपुरमा विजयनारायण पछि पाल्पाली सेन राजा लोहांगसेनले कब्जा गरेपछि भने यो क्षेत्र पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी नदीदेखि पूर्वको मकवानपुर लोहांगसेनले भागीमा पाएको हुनाले यो क्षेत्र पनि मकवानपुरभित्र पऱ्यो । यसैगरी अझ पछि भने हरिहर सेनका नाति विधाता इन्द्र सेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा बेलबारी लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो । सेन काल भन्दा अघि नै बेलबारीको सेनकीमा धनपाल नामका एक जना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । कालान्तरमा धनपालगढीको पतन भयो र धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ । यसै क्रममा वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने बेलबारी पनि बृहत्तर नेपाल भित्र पर्न पुग्यो । त्यसपछि बेलबारी क्षेत्र मोरङको एउटा भागका रूपमा रहन पुग्यो ।

विविध कला संस्कृति र धर्मावलम्बीहरूको बसोबास रहेको यो नगर क्षेत्रमा ऐतिहासिक महत्त्वको धनपालगढी, प्राकृतिक र पर्यावरणीय रूपमा मनोरम स्थल बेतना सिमसार क्षेत्र, झलझली सिमसार, पेट्रोल खानी, रमिते डाँडा लगायत अन्य सिमसार क्षेत्रको प्रचुर सम्भावना बोकेको छ जसबाट पर्यटन प्रवर्धनमा ठुलो टेवा पुग्ने देखिन्छ ।

वि.सं. २०७८ सालको जनगणना अनुसार बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ । जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ७९ रहेका छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर २ दशमलव ५४ रहेको यो नगरमा आदिवासी जनजातिको ५७.१३ प्रतिशत, ब्राह्मण क्षेत्री ३२.२३ प्रतिशत, दलित ७.८१ र मधेसी पिछडा वर्ग २.८३ प्रतिशत रहेका छन् । साक्षरताको हिसाबले निकै अघि रहेको यो नगरको कुल साक्षरता ७४.१७ प्रतिशत रहेकोमा महिला ६६.६६ प्रतिशत र पुरुष ८३.२२ प्रतिशत रहेको छ । त्यसैगरी बेलबारी नगरपालिमा २० हजार ४ सय ५९ घरधुरी रहेकोमा औसत घरधुरी ४ छ भने लैङ्गिक अनुपात ८८.०९ रहेको छ । स्रोत : https://belbarimun.gov.np/en

## २.२. भौगोलिक अवस्था

बेलबारी नगरपालिका भौगोलिक रूपमा समथल भूभाग हो । ऐतिहासिक कालमा यो क्षेत्र घना जङ्गलले ढाकेको थियो । अहिले पनि राजमार्ग उत्तर क्षेत्र जङ्गलले नै ढाकिएको छ । पुराना बुढापाकाहरूको भनाइ अनुसार त्यस समयमा यहाँको जङ्गल क्षेत्रमा प्रशस्त बेलको रुखहरू पाइने हुनाले कालान्तरमा यस क्षेत्रको नाम नै *बेलबारी* रहन गएको हो । समुद्री सतहबाट ११२ देखि ११६ मिटर सम्म रहेको छ । अर्थात् बेलै बेलको घारी भएको हुनाले यस क्षेत्रको नाम बेलबारी रहन गएको भन्ने भनाइ रही रहेको छ । नेपाल सरकारबाट २०७१ साल वैशाखमा साबिक बेलबारी र कसेनी गाउँ विकास समिति मिलाएर नगरपालिका बनेपछि सङ्घीय राज्यको संरचना अनुसार पुन २०७३ को राज्य पुनर्संरचना पश्चात् बेलबारी नगरपालिकामा साबिक डाँगीहाट र बाहुनी गाउँ विकास समिति गाभिएर हालको बेलबारी नगरपालिका बनेको हो । यस नगरपालिका हाल ११ वटा वडाहरूमा विभाजन गरिएको छ । बेलबारी नगरपालिकाको कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकाको उत्तर तर्फ लेटाङ नगरपालिका र केराबारी गाउँपालिका पूर्वतर्फ कानेपोखरी गाउँपालिका र लेटाङ नगरपालिका, पश्चिम तर्फ सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका र दक्षिण तर्फ रङ्गेली नगरपालिका रहेका छन् ।

| **भौगोलिक अवस्था** | |
|---|---|
| नगरपालिकाको स्थापना | २०७१ साल बैशाख २५ गते मन्त्रीपरिषद्को निर्णय अनुसार |
| अवस्थिति | अक्षांस २६, ३६, १६ देखि ७८, ४३, ३३ उत्तरसम्म |
| देशान्तर | २७, ३२, २६ देखि ७८, २८, ४२ पूर्वसम्म |
| क्षेत्रफल | १३२.७९ वर्ग किलोमिटर |
| उचाइ समुन्द्री सतह देखि | ११२ देखि ११६ मिटरसम्म |
| हावापानी | उष्ण मनसुनी |
| सिमाना | |
| पूर्व | लेटाङ नगरपालिका र कानेपोखरी गाउँपालिका |
| पश्चिम | सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका |
| उत्तर | लेटाङ नगरपालिका र केराबारी गाउँपालिका |
| दक्षिण | रङ्गेली नगरपालिका |
| नगरको प्रशासनिक विभाजन | |
| प्रदेश | कोशी |
| जिल्ला | मोरङ |
| जिल्ला सदरमुकाम | विराटनगर |
| निर्वाचन क्षेत्र | प्रतिनिधि सभा क्षेत्र नं. ३ र ४, प्रदेश सभा क्षेत्र नं. ३ क र ख |
| जम्मा वडा | ११ वटा |

स्रोत : https://belbarimun.gov.np/en

## २.३. सामाजिक अवस्था

मानव बसोबासको इतिहास र पुरातात्त्विक प्रमाणहरूको आधारमा लगभग तीन हजार वर्ष अघिदेखि बसोबास गरिआएको बेतना सिमसार क्षेत्रको पुरातात्त्विक प्रमाण र लगभग आठसय वर्षभन्दा अगाडिको धनपालगढी क्षेत्र रहेको बेलबारी नगरपालिका हो । आधुनिक नेपाल निर्माणपछि ३५ वटा जिल्लाहरू हुँदा हालको मोरङ, झापा, सुनसरी एउटा जिल्ला मोरङ रहेको थियो । यो बेलबारी नगरपालिका मोरङ जिल्लाको लगभग मध्य भागमा रहेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ । जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ७९ रहेका छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर २ दशमलव ५४ रहेको यो नगरमा आदिवासी जनजातिको ५७.१३ प्रतिशत, ब्राह्मण क्षेत्री ३२.२३ प्रतिशत, दलित ७.८१ प्रतिशत र मधेसी पिछडा वर्ग २.८३ प्रतिशत रहेका छन् । साक्षरताको हिसाबले निकै अघि रहेको यो नगरको कुल साक्षरता ७४.१७ प्रतिशत रहेकोमा महिला ६६.६६ प्रतिशत र पुरुष ८३.२२ प्रतिशत रहेको छ । त्यसैगरी बेलबारी नगरपालिमा २० हजार ४ सय ५९ घरधुरी रहेकोमा औसत घरधुरी ४ छ भने लैङ्गिक अनुपात ८८.०९ रहेको छ ।

| **वि.सं. २०७८ सालको जनगणना अनुसार** | |
|---|---|
| कुल जनसङ्ख्या | ८१ हजार ७ सय ७१ जना |
| महिला | ४३ हजार ४ सय ७४ जना |
| पुरुष | ३८ हजार २ सय ७९ जना |
| आदिवासी जनजाति | ५७.१३ प्रतिशत |
| ब्राह्मण क्षेत्री | ३२.२३ प्रतिशत |
| दलित | ७.८१ प्रतिशत |
| मधेसी पिछडा वर्ग | २.८३ प्रतिशत |
| कुल साक्षरता | ७४.१७ प्रतिशत |
| कुल घरधुरी सङ्ख्या | २० हजार ४ सय ५९ जना |
| लैङ्गिक अनुपात | ८८.०९ प्रतिशत |

स्रोत : https://belbarimun.gov.np/en

## २.४. धार्मिक अवस्था

बेलबारी नगरपालिका ११ वडामा विभाजित रहेको छ । धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलले रमणीय रहेको यस नगरपालिकाका विभिन्न जातजातिहरू एक आपसमा मिलीजुली बसोबास गरिरहेका छन् । यहाँ महाभारत कालमा राजा विराटको ठुलो भोटे ताल्चा रहेको र धनपाल राजाले पनि यहीँ राज्य गरेकाले यस स्थानको नाम धनपालगढी रहन गएको सिलालेखमा पाइन्छ । अहिले पनि राजा धनपालको मन्दिर र सँगै पोखरी पनि रहेको छ । त्यस पोखरीमा कमलको फुल फुल्ने गरेको छ । त्यसैगरी पर्यटकीय स्थलका रूपमा रहेको यहाँको अर्को प्रख्यात बेतना सिमसारका नामले चर्चित सिमसार रहेको छ । यहाँ छिमेकी नगरपालिका तथा अन्य जिल्लाहरूबाट पनि पर्यटकहरू घुम्न आउने गरेका रहेछन् । महेन्द्र राजमार्गमा रहेको यस सिमसार कछुवा संरक्षण क्षेत्रका रूपमा रहेको बेतना सिमसारमा चार प्रकारका कछुवा पाइन्छन् । जसमध्ये दक्षिण एसियामा लोपोन्मुख मयूरपङ्खी कछुवा पनि यहीँ रहेको छ । विविध कला संस्कृति र धर्मावलम्बीहरूको बसोबास रहेको यो नगर क्षेत्रमा ऐतिहासिक महत्त्वको धनपालगढी, प्राकृतिक र पर्यावरणीय रूपमा मनोरम स्थल बेतना सिमसार क्षेत्र, झलझली सिमसार, पेट्रोल खानी, रमिते डाँडा लगायत अन्य सिमसार क्षेत्रको प्रचुर सम्भावना बोकेको छ जसबाट पर्यटन प्रवर्धनमा ठुलो टेवा पुग्ने देखिन्छ ।

| धार्मिक तथा पर्यटकीय स्थलहरू | | | |
|---|---|---|---|
| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम | मेला लाग्ने दिन | प्रसिद्धिका कारण |
| १. | बेतना सिमसार | नियमित पर्यटक भ्रमण तथा भनबोज भइरहने | रमणीय पर्यटकीय स्थल तथा सिमसार जरुवा पानी तथा दुर्लभ जातिका कछुवा, माछा, चरा र अन्य जलप्राणी तथा जनावरहरू |
| २. | रमिते डाँडा | नियमित पर्यटक भ्रमण तथा भनबोज भइरहने | रमणीय पर्यटकीय स्थल |
| ३. | धनपालगढी | बैशाख १० गते | ऐतिहासिक, धार्मिक, पुरातात्त्विक, सांस्कृतिक स्थलहरू |
| ४. | किरात यायोख्या (साकेला थान) | बैशाख पूर्णिमा (चण्डी थान) | जातिय, धार्मिक र सांस्कृतिक पर्यटक |
| ५. | तमु/तामाङ बौद्ध गुम्बा | ल्होसार | जातिय, धार्मिक र सांस्कृतिक पर्यटक |
| ६. | दशैं (दशहरा), तिहार, माघी, फगुवा, शिवरात्री तथा अन्य | विभिन्न महिनाहरू | जातिय, धार्मिक र सांस्कृतिक आस्था |

| | | | |
|---|---|---|---|
| | पर्वहरू | | |
| ७. | रामजानकी मन्दिर | रामनवमी | धार्मिक आस्था |
| ८. | धिमाल ग्राम महाराज थान ग्रामथान ढङ्गढङ्गे | जेठ ५ र ६ गते | धार्मिक आस्था |
| ९. | दुर्गा मन्दिर | नवरात्र भर | धार्मिक आस्था |
| १०. | भिविन्न क्रियासिल चर्चहरू | क्रिसमस | धार्मिक आस्था |

स्रोत : https://belbarimun.gov.np/en

## २.५. आर्थिक अवस्था

बेलबारी नगरपालिकाको आर्थिक अवस्था राम्रो नै रहेको छ । यहाँ रहेका खोला नाला र सिमसार क्षेत्र तथा वनसम्पदा नै यहाँको प्रमुख स्रोतका रूपमा रहेका छन् । यहाँ रहेको दुई ठुला खोलाहरू लोहन्द्रा र चिसाङबाट बर्षेनी २ करोड बन्दा बढी नै आम्दानी हुने गरेको छ । त्यसैले पनि बेलबारी नगरपालिका सम्पन्न नगरपालिका भित्र पर्दछ । जस्ले गर्दा यहाँ रहेका विपन्न गरीब परिवाहरूलाई घर समेत बनाइदिएको छ । बेलबारी नगरपालिकाले अत्यन्तै कमजोर आर्थिक अवस्था भएका नगरभित्र बस्ने नागरिकहरूका लागि नगरपालिकाले पूर्ण रूपमा निःशुल्क घर दिएको छ । जसअनुसार पहिलो चरणमा नगरभित्रका तीन वटा वडाहरू वडा नं. ३, ४ र ११ मा घरहरू निर्माण गरिएको उपमेयर ढाकाकुमारी पराजुलीले जानकारी दिनुभयो । पराजुलीका अनुसार वडा नं. ३ मा ४०, वडा नं. ४ मा २०, वडा नं. ११ मा ४० र वडा नं १० मा १ गरि जम्मा १ सय १ वटा घरहरू निर्माण गरी विपन्न वर्गलाई वितरण गरिएको हो । जसको कूल लागत जम्मा २ लाख ५० हजार रुपैयाँ खर्च भएको छ । स्रोत : https://belbarimun.gov.np/en

| **खोला तथा तालतलैयाहरू** | |
|---|---|
| मुख्य खोलाहरू | लोहोन्द्र खोला |
| | चिसाङ खोला |
| | केसलिया खोला |
| | दरलोकना खोला |
| | दुधाहा खोला |
| | धौती खोला |
| तालतलैयाहरू | बेतना सिमसार |
| | धनपालगढी पोखरी |
| | झलझली सिमसार |
| | बाशुकी ताल (बेलबारी र सुन्दरहरैचाको सिमानामा रहेको ताल) |

स्रोत : https://belbarimun.gov.np/en

## २.६. निष्कर्ष

बेलबारी नगरपालिका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रूपले रमणीय स्थलको रूपमा रहेको छ । बेलबारी नगरपालिकालाई सिमसारको राजधानी पनि भनिन्छ । यहाँ लगभग २४ वटा जति सिमसारहरू रहेका छन् । बेलबारी नगरपालिका ११ वडामा विभाजित रहेको छ । यस नगरपालिकाका विभिन्न जातजातिहरू एक आपसमा मिलीजुली बसोबास गरिरहेका छन् । यहाँ महाभारत कालमा राजा विराटको ठुलो भोटे ताल्चा रहेको र धनपाल राजाले पनि यहीँ राज्य गरेकाले यस स्थानको नाम धनपालगढी रहन गएको सिलालेखमा पाइन्छ । अहिले पनि राजा धनपालको मन्दिर र सँगै पोखरी पनि रहेको छ । त्यस पोखरीमा कमलको फुल फुल्ने गरेको छ । त्यसैगरी पर्यटकीय स्थलका रूपमा रहेको यहाँको अर्को प्रख्यात बेतना सिमसारका नामले चर्चित सिमसार रहेको छ । यहाँ छिमेकी नगरपालिका तथा अन्य जिल्लाहरूबाट पनि पर्यटकहरू घुम्न आउने गरेका रहेछन् । महेन्द्र राजमार्गमा रहेको यस सिमसार कछुवा संरक्षण क्षेत्रका रूपमा रहेको बेतना सिमसारमा चार प्रकारका कछुवा पाइन्छन् । जसमध्ये दक्षिण एसियामा लोपोन्मुख मयूरपङ्खी कछुवा पनि यहीँ रहेको छ । बेलबारी नगरपालिका शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि क्षेत्रमा पनि सम्पन्न रहेको छ । यहाँका अधिकांश मानिस सरकारी नोकरीमा रहेका छन् भने अन्य कृषि, व्यापार व्यवसाय आदि क्षेत्रमा आबद्ध रहेका छन् ।

# तेस्रो परिच्छेद

# बेलबारी नगरपालिको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको विषयगत वर्गीकरण

## ३.१. परिचय

लोकथाको अध्ययन गर्नका लागि लोककथाका विधागत सिद्धान्तको ज्ञान हुनु आवश्यक छ । यस अन्तर्गत लोकथाको परिचय, परिभाषा, स्वरुप र वर्गीकरण पर्दछन् । यस परिच्छेदमा तिनको अध्ययन गरिएको छ ।

## ३.२. लोकसाहित्यको परिचय

लोकसाहित्य 'लोक' र 'साहित्य' शब्दको मिलित स्वरूप हो । यसको अर्थ हो 'लोकको साहित्य' । लोकको अर्थ दुनियाँ भन्ने पनि हुन्छ र दुनियाँको विचार, रीतिस्थिति, संस्कृति, चाडपर्व, अन्तर्भाव आदिसँग सम्बन्धित भावहरू नै लोकसाहित्यमा प्रस्तुत हुने हुँदा यसलाई जनताको साहित्य भन्ने संज्ञाले पुकारिन्छ । मौखिक परम्परामा आधारित पुस्तौं पुस्तासम्म हस्तान्तरित हुँदै आएको साहित्यमा लोक भन्नाले दुनियाँ वा समाज र साहित्य भन्नाले लिखित वा मौखिक रूपमा व्यक्त गरिने आन्तरिक भावोद्‌गार भन्ने बुझिन्छ । तसर्थ नेपाली समाजको लोक जीवनमा प्राकृतिक रूपमा बाँचेका, सहरी तडकभडकबाट दूर दराजमा रहेका मानवहरूको सुकोमल, निष्कपट, सरल एवम् रसयुक्त अभिव्यक्तिलाई नै लोकसाहित्य भनी सङ्केत गरिन्छ । यो साहित्य समाजको दर्पण हो र यसलाई मौखिक परम्परामा अवस्थित कृत्रिमता रहित वास्तविक साहित्यको रूपमा लिने काम गरिन्छ ।

ग्रामीण समाजमा ग्रामीण समाजबाटै ग्रामीण जनकै लागि सिर्जित र त्यहीँ समाजमै जीवन्त रहिरहने साहित्य नै लोकसाहित्य भएको हुँदा यसभित्र सामान्य जनजीवनका खुसी, हाँसो, रोदन, दुःख, सुख, पीडा, आँसु, आहत, मर्म र वेदनाका यावत् अभिव्यक्तिहरू अन्तर्भूत हुन्छन् । हाम्रो जीवनभित्र आफ्ना अन्तर मनका सुस्केराहरूलाई निःसृत गर्ने क्रममा कलासाहित्य सिर्जित हुन पुग्दछ । यसभित्र बितेको काल र चलिरहेको कालको परिपूर्ण विवरण र आउने कालप्रतिको मधुर आशा व्यक्त भएको हुन्छ । यसमा अनेकन् भूखण्डहरूको प्राकृतिक, सांस्कृतिक, मनोवैज्ञानिक कला र लोक-चेतनालाई स्पष्ट प्रस्तुत गर्ने कार्यमा लोकसाहित्य सर्वोपरि स्थानमा पर्दछ भने मनोरञ्जन प्रदायक कार्यमा पनि यो साहित्य त्यत्तिकै सफलीभूत रहन्छ । प्रारम्भदेखि नै मौखिक परम्परामा आधारित रहँदै आएको लोकसाहित्य वर्तमानसम्म पनि श्रुति परम्परामा नै जीवित रहेको लोकसाहित्यको सुरुआत सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । यो सहज शैली र सरलीकृत भाषामा

नाच्ने हुनाले नै यसले सबैको मनलाई छोइ तरङ्गीत पार्दछ । समाजका सबै प्रकारका मानिसलाई एकताको अँगालोमा एकीकृत पार्न यो सफल छ । जीवनका सबै कुनाकाप्चालाई चियाउँदै घचघच्याइनु पर्ने र जातीय सेरोफेरोमा भ्रमणशील हुने हुनाले यसको परिचर्चा पनि अधिक हुने गरेको देखिन्छ । त्यसैले यसका व्याख्याताहरूले यो साहित्य भनेको आदि वेद हो भनी व्याख्या गरेका छन् ।

नेपाली लोकसाहित्यका अध्येताहरूले लोकसाहित्यलाई आदिम साहित्यको मूलबिन्दु मानेका छन् । मनभित्र समसामयिक अनुभूतिको सहज प्रस्फुटन र ऐतिहासिक प्रासङ्गिकता प्राप्त गर्न सकिने भएको हुँदा आदिमता एवम् नवीनता दुवै उपलब्ध गर्न सकिने कुरामा उनीहरू सहमत भएका छन् । यस साहित्यमा विविध उपविधाहरू अन्तर्भूत हुने भएकोले लोकका सदस्यहरूले आ-आफ्ना सभ्यता, संस्कृति, रीतिस्थिति आदिलाई आफ्नै स्थानीयताको धरातलमा प्रस्तुत गर्दछन् । यहीँ प्रस्तुति र अभिव्यक्तिको धरातलमा लोकसाहित्य परम्परादेखि गतिशील छ । विश्वको मानचित्रमा नेपाल अन्य केही देशहरूभन्दा आकारमा सानो देखिए पनि विविध जातीयताका कारण यो देशमा संस्कृति, परम्परा र रीतिस्थिति भने अत्यधिक छन् । हिरा, माणिक्य आदि रत्न आकारमा साना भए पनि मूल्यमा गहकिला भएजस्तै गरी सानो देश भए पनि यसका परम्परा र रीतिरिवाज अनेक छन् । अतः यसको वैशिष्ट्य, सौन्दर्य एवम् विशालतालाई हृदयङ्गम गर्न नेपालको लोकसाहित्यलाई अध्ययन गर्नुपर्दछ ।

लौकिक जनजीवनको यथार्थसहित मनोविज्ञान र भावनालाई आद्योपान्त बुझ्न लोकसाहित्यको अध्ययन आवश्यक छ । यो साहित्य हाम्रा पूर्वजहरूको अनुभवबाट प्राप्त सम्पत्ति पनि हो । लोकसाहित्य दुःखी, गरिब, ठुला, साना, महिना, केटाकेटी, वृद्धवृद्धा सबैको प्रिय रहँदै श्रुति परम्पराबाट प्रत्येकको गलामा भिज्दै गतिशील छ भने यो उनीहरूको अन्तर्मनदेखि निःसृत आँसु, हाँसो, दुःख, सुखको कुटुरो, पीडा, मर्म, रोदन, आह्लाद इत्यादि अन्तर्भावको सुसेली तथा प्रस्तुति पनि लोकसाहित्य हो । सिर्जनाकार अज्ञात भए पनि जीवन्तताको पृष्ठपोषक भनेर यस साहित्यलाई लोकसाहित्यमा धर्मज्ञहरूले परिभाषित गरेका छन् । प्रागऐतिहासिक कालदेखि पूर्वजहरूबाट सञ्चालित मौखिक एवम् श्रुति परम्परामा बाँच्दै आएको, लोकमानसले अनुभूत गरेका जिन्दगीका तीता मीठा रोदन, पीडा, हाँसो आदि नै लोकसाहित्य हो ।

## ३.३. लोकसाहित्यका विधाहरूको वर्गीकरण

लोककथाको पृष्ठभूमिगत अध्ययनको सन्दर्भमा लोकसाहित्यिक विधाहरूको विधागत रूपमा वर्गीकरण गर्ने काम त्यति सजिलो नहोला तथापि विविध विद्वान्हरूले विविध आधारमा आ-आफ्नै किसिमले वर्गीकरण गरेका छन् । भारतीय विद्वान् कृष्णदेव शर्माले

लोकसाहित्यलाई पाँच विधामा वर्गीकरण गरेका छन् भने नेपाली लोकसाहित्यका अध्येताहरूमध्ये जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीले सोही वर्गीकरणलाई आधार बनाएर र केहीले आफ्नै किसिमले वर्गीकरण गर्ने गरेको पाइन्छ ।

ती वर्गीकरणहरूलाई यस प्रकार प्रस्तुत गरिएको देखिन्छ :

१. लोकगीत २. लोककथा ३. लोकगाथा

४. लोकनाटक ५. उखान-टुक्का ६. गाउँखाने कथा

यिनीहरूको संक्षिप्त पृथक् पृथक् चर्चा तपसिलअनुसार गरिन्छ :

## ३.२.१. लोकगीत

लोक र गीत दुईवटा शब्दहरूको संयोजनबाट निर्मित लोकगीत नेपाली लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । सर्वसाधारण जनसमूहले मेलापात गर्दा, ढिकीजाँतो गर्दा, घाँसदाउरा गर्दा, थकाइ मार्दा आफ्ना मनका भावनात्मक अभिव्यक्तिहरूलाई साङ्गीतिक ढङ्गबाट व्यक्त गर्ने विधा हो- लोकगीत । सानो संरचना भए पनि तीक्ष्ण हुने लोकगीत एक्लै वा सामूहिक रूपमा पनि गाउन सकिन्छ । यसमा भएको रागात्मकताका कारण पनि लोकगीत गाउँदा मानिसहरू आफ्ना दुःख-कष्ट एवम् रोग-भोकलाई पनि बिर्सन्छन् । लोकसाहित्यका अन्य विधाभन्दा मौलाएको लोकगीतलाई अन्य विधाबाट अलग्याउने तत्त्व चाहिँ यसको लय हो । लय नै लोकगीतको आत्मा हो, चिन्तन हो, मनन हो । विभिन्न भाका र लयमा गाइने लोकगीतहरू जुवारी, असारे, रत्यौली, बालन इत्यादि हाम्रा गाउँघरमा प्रचलित जीवन्त ढुकढुकी हुन् ।

## ३.३.२. लोककथा

लोककथा लोक जीवनको सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्ति गर्ने एक सशक्त लोकसाहित्यक विधा हो । 'लोककथा' लाई कथा, दन्त्यकथा, बात र शास्त्र पनि भनिन्छ (गिरी, २०५५: २४) । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारका समस्त कथा साहित्यको जनक पनि भनिन्छ । जीवनका सुख-दुःख, उकाली-ओराली, घाम-छाया, हारजित, घटना-दुर्घटना आदिबाट गुज्रँदै मान्छेले सृष्टिकालदेखि वर्तमान समयसम्मको यात्रा पूरा गरेको छ । यस क्रममा ऊ कहिले शोकाकुल भएर रुँदै र कहिले खुसीले नाच्दै, गाउँदै र उफ्रँदै, कहिले प्रेमसागरमा पौडँदै, कहिले वीरताका भाव पोख्दै त कहिले घृणाका ज्वाला निकाल्दै आएको छ । यसै सिलसिलामा उसले अनन्त कल्पनाका उचाइ र गहिराइ छुने प्रयास पनि गरेको छ । यी

विभिन्न क्षणहरूमा मनभित्र खेल्ने अनेक कुराहरू कथाको रूपमा परापूर्वकालदेखि नै मौखिक परम्परामा हुर्कंदै आएको पाइन्छ । परम्परासँग जोडिएको लोकमानसको तत्त्व बोकेको मौखिक कथा नै लोककथा हो । यस किसिमको अभिप्राय बोकेको लोककथामा प्रयुक्त तथा मानवेतर पात्रहरूले श्रोतालाई विमुग्ध पारी आफूतिर आकर्षण गर्दै काल्पनिक लोकमा पुऱ्याइरहेका हुन्छन् । नेपाली लोककथाहरू "एकादेशबाट" थालिई "सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, भन्ने बेलामा यो कथा खुरुक्क आइजाला" भन्दै टुङ्ग्याइन्छ । लोककथा फुर्सदको बेलामा कथा वाचक र श्रोताका बिच रमाइलो वातावरणमा फैलने गरेको पाइन्छ । प्रायजसो लोककथा जतिवेला जहाँ पायो त्यहीँ भनिँदैन । विशेष गरी साँझपख दाम्लो बाट्ने कुचो बान्ने, नाम्लो बुन्ने, बत्ती कात्ने, मकै छोडाउने जस्ता घरेलु कामहरू गर्दै घर-आँगनीमा अर्थात् पिँढीका डिलमा अनि अँगेनीको छेउमा बसेर श्रोताहरू जुटाई विभिन्न हाउभाउका साथ कथा वाचन गरिन्छ । खासगरी बूढापाकाहरूले स-साना केटाकेटीहरूलाई भुलाउन लोककथा भन्ने प्रचलन छ । लोककथाले मनोरञ्जन दिलाउनका अतिरिक्त विविध नैतिक सन्देश दिनेजस्ता महत्त्वपूर्ण कार्यसमेत गर्ने हुनाले कथा भन्ने, सुन्ने प्रचलन हालसम्म पनि प्रायः ग्रामीण क्षेत्रहरूमा जिउँदै छ ।

## ३.३.३. लोकगाथा

कथा वा आख्यानलाई लयात्मक रूपमा व्यक्त गरिने लोकसाहित्यको कलात्मक विधा नै लोकगाथा हो । यसमा मौखिक परम्परा पाइनुका साथै लयात्मकता र कथात्मकता पनि पाइन्छ । लोक जीवनका अन्तर्वेदना, हर्षोल्लास, आनन्द, देवस्तुति, करुणादायी घटना एवम् वीरतापूर्ण साहसका कुरालाई लयात्मकता दिइएको हुन्छ लोकगाथामा लोकगीतमा झैँ लोकगाथामा नृत्य र बाजाहरू आवश्यक पर्न सक्छन् । लोकगाथामा ऐतिहासिक, पौराणिक र सामाजिक वस्तुहरू विषय भएर आएका हुन्छन् । लोकगाथा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक परम्पराबाट हस्तान्तरित हुँदै आउँछ । कुनै गाथाहरू जुनसुकै समयमा गाउन सकिन्छ भने कुनै गाथाहरू आनुष्ठानिक हुनाले अनुष्ठानका अवसरमा मात्र गाउन सकिन्छ । चाँचरी, कर्खा, सङ्गिनी इत्यादि लोकगाथाहरू हाम्रो गाउँघरमा गाउने प्रचलन यथावत् छ ।

## ३.३.४.लोकनाटक

लोकनाटक श्रव्य-दृश्य विधा हो । लोकसाहित्यको विविध विधामध्ये लोकनाटक पनि एक महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । लोकनाटकमा गीत-सङ्गीत, संवाद र नृत्य हुन्छन् (पूर्ववत्, (३५६-६०) । लोकनाटक लामो परम्पराबाट विकसित हुँदै आएको छ। नाट्य शास्त्रमा नाटकलाई 'पञ्चम देव' का रूपमा चर्चा गरिएको छ । 'ऋग्वेद' बाट पाठ्य, 'सामवेद' बाट गीत, 'यजुर्वेद' बाट अभिनय र 'अथर्वेद' बाट रसलाई लिएर यसको निर्माण भएको कुरा नाट्य शास्त्रमा उल्लिखित छ (गिरी, २०५५ : २८) । गाउँघरका चौतारी वा

सहर बजारका डबली-डबलीमा देखाइने परम्परागत नाटकलाई 'लोकनाटक' भन्दछन् । लोकनाटकको तत्त्वका रूपमा कथानक, संवाद, पात्र, अभिनय, भाषा आदिलाई लिन सकिन्छ (गिरी, २०५५: २८) । यिनै गीत, सङ्गीत, नृत्य, अभिनय, एवम् घटना, संवाद जस्ता तत्त्वहरूको सम्मिश्रण हुने हुनाले यी मनोरञ्जनपूर्ण हुन्छन् । लोकनाटकमा अभिनय कर्ताहरूले प्रयोग गर्ने भाषा, संवाद तथा भेषभूषा कृत्रिम र आडम्बर युक्त नभई लोकस्तरकै सरल-स्वाभाविक यस्ता नाटकहरू कुनै दन्त्यकथामा वा कुनै पौराणिक कथाको घटनामा आधारित हुन पनि सक्छन् (थापा, सुवेदी, २०४१: ३७७) सामाजिक रीति र नैतिक बन्धनले गर्दा प्रायः पुरुष पात्रहरूले नै लोकनाटकमा भाग लिन्छन् । यस क्रममा महिलाको भूमिका पनि पुरुष पात्रले गर्छन् । यसका निम्ति उनीहरू महिलाको भेषभूषामा सिँगारिन्छन् । आधुनिक नाटकको पृष्ठभूमि पनि लोकनाटक भएको यसको विकासमा लोकनाटकको महत्त्वपूर्ण योगदान रहेको छ । अतः समग्रमा लोकद्वारा सिर्जित रचनालाई सङ्गीत, गीत र अभिनयसहित निश्चित पात्रहरू चयन गरेर प्रदर्शन गरिने विधा नै लोकनाटक हो ।

### ३.३.५. उखान-टुक्का

उखान-टुक्का लोकसाहित्यको अर्को महत्त्वपूर्ण विधा हो । कथनलाई तीव्रतर र प्रभावोत्पादक बनाउन उखानले प्रमुख भूमिका खेलेको हुन्छ । पुस्तौँदेखि मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका उखानहरू अनुभवले खारिएका मानिसका वाणी पनि हुन् । उखान-टुक्कालाई भाषाको अलङ्कार वा गहना मानिएको छ । वास्तवमा यो अनुभवको सार हो । विद्वान्हरूले धेरै समय लगाएर व्याख्या गरी बुझाउन नसकेका कुरा एउटा उखानको प्रयोगले बुझाउन सकिन्छ । जति उखान-टुक्काको प्रयोग हुन्छ, भाषा उति नै प्रभावकारी बन्न पुग्दछ । जस्तैः ठाउँ न ठहर बुढीको रहर, बाँदरको हातमा नरिवल, आँखा लाग्नु, हाम फाल्नु इत्यादि । यस्ता टुक्काहरू लोकोक्तिका हाराहारीमा आउने विशेष अभिव्यक्ति भएकाले लेख्य भाषाको प्रयोगमा र प्रकटीकरणमा यिनीहरूको ठुलो महत्त्व देखापर्दछ । समग्रमा टुक्का भाषिक चमत्कार ल्याउन कथ्य एवम् लेख्य भाषामा प्रयोग हुने व्यञ्जनात्मक उद्गार हो भन्न सकिन्छ ।

### ३.३.६. गाउँखाने कथा

लोकसाहित्यको अन्य विधाजस्तै गाउँखाने कथा पनि लोककथाजस्तै बेलुकीपख घर-आँगनीमा जम्मा भई फुर्सदको मौका पारी प्रश्नोत्तरको विधि अपनाई प्रस्तुत गरिने रोचक विधा नै हो । कथा वाचकले प्रश्नको रूपमा कथा सोध्ने र उत्तर दिने अनि उत्तर दिन नसकेमा श्रोताले गाउँ दिनुपर्ने हुन्छ । प्रश्नकर्ताले गाउँ लिने वा गाउँखाने भएकाले यसलाई गाउँखाने कथा भनिएको हो । गाउँखाने कथालाई नेपालीमा पहेली पनि भनिन्छ । नेपालीमा विभिन्न भाषिकाहरूमा यसका निमित्त जान्नेकथा, अड्को, चिन्नेकथा, साइतर, सास्तर,

कठ्यौरा, घाउटा, भ्याँगा वा भिट्टा जस्ता नाम पनि प्रचलित छन् (गिरी, २०५५: ३०) । मोतीलाल पराजुलीले गाउँखाने कथालाई बुद्धि परीक्षण वा मनोरञ्जनका निम्ति आउने रूपकको सूक्ष्मतम रूप भनेर परिभाषित गरेका छन् (पराजुली, २०४९: १७६) ।

## ३.४. लोककथाको परिचय

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । भाषाको उत्पत्तिसँगै उत्पत्ति भएको मानिने लोककथा लोक जीवनको एउटा अभिन्न अङ्ग भएको छ । यसले लोक जीवनमा मनोरञ्जन, नैतिक शिक्षा तथा उपदेश दिने गर्दछ । लोक जीवनमा मौखिक परम्पराद्वारा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सुन्ने हुँदा यसलाई 'भन्नेकथा' पनि भनिन्छ । 'लोककथा' शब्दको प्रचलन भने लोकसाहित्यको विकासपछि मात्र भएको हो । यसले विभिन्न ऐतिहासिक घटनालाई किम्बदन्तीमा गाँस्ने, पुराणका कथालाई मौलिकतामा ढाल्ने र स्थानीय या देउदेउता तथा मेला पर्वको उत्खनन गरी विभिन्न रीतिरिवाज संस्कृति र लोक जीवनका पीडा तथा आनन्दको अभिव्यक्ति गर्दछ ।

नेपाल विश्वको मानचित्रमा छिमेकी राष्ट्रहरूको तुलनामा सानै भए पनि बहुजाति र बहुभाषिकताका कारण यो विविध संस्कार, संस्कृति र रीतिरिवाजमा भने धनी नै राष्ट्र हो । कृषिप्रधान देश नेपाल भएकाले धेरै प्रतिशत जनता कृषिमै निर्भर छन् । खेतबारीमा काम गरी थकित भएका बेला, जाडो याममा अगेनाको डिलमा बसी आगो ताप्दा, हिउँदे याममा गरिने सामाजिक रीतिरिवाजको समयमा, रातभरि कुलामा पानी कुर्दा, चौतारीमा बसी भनिने ठट्यौलीहरू अथवा कथा, पूजाआजामा दियो जगाएर बस्ता भनिने हरिभजन वा बच्चाहरू फुल्याउँदा वा सुताउँदा भनिने लोरी इत्यादि जे जति छन् ती सबै लोकसाहित्यका विधाहरू हुन् र तिनमा अत्यन्त लोकप्रिय विधा हो, लोककथा । परापूर्वकालदेखि श्रुति परम्परामा हुर्कँदै पुस्तौँ पुस्तादेखि हस्तान्तरित हुँदै मौखिक रूपमा जीवित रहँदै आएको यो लोककथा विधा बच्चा, युवा, वृद्धावृद्ध सबैलाई मनपर्छ । लोककथामा मानवीय र मानवेतर दुवैखाले पात्रहरू पाइन्छन् । लोककथामा यथार्थ जीवनका घटनाभन्दा छुट्टै काल्पनिक संसारका कुराहरू प्रस्तुत हुन्छन् । ढुङ्गा, माटो, नदी, हावा, भीर, पाखा, जनावर, भूत, देवता आदि पात्रहरूका रूपमा आएका हुन्छन् । प्राय: लोककथा मनोरञ्जन र नैतिक शिक्षा दिने उद्देश्यले प्रस्तुत हुन्छन् र यिनीहरू आधुनिक कथाभन्दा बेग्लै हुन्छन् ।

### ३.४.१.लोककथाको परिभाषा

लोककथाको बारेमा यहाँसम्म आइपुग्दा थेरथोर परिचय दिँदै लोककथा र यससँग सम्बन्धित लोकगाथा, लोकनाटक लोकगीत, उखानटुक्का आदिको छोटो चर्चा परिचर्चा गरियो । अब यस सन्दर्भमा लोककथाको परिभाषा दिनु सान्दर्भिक देखिन्छ । लोककथाका बारेका कुनै वस्तुको ठोस नाम दिएर चिनाए जस्तै ठ्यक्कै एउटै परिभाषा दिन भने सकिन्न तर पनि विभिन्न समयको कालखण्डमा विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरूको केही मोटामोटी अंश यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

(क) नेपाली शब्दकोशका अनुसार-लोककथा भनेको परम्परादेखि मौखिक रूपमा चलिआएको कथा हो (त्रिपाठी, २०४०) ।

(ख) नेपाली लोकसाहित्यका अध्ययनद्वय जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीका भनाइ अनुसार कल्पनाका धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनाश पुस्तौँपुस्ता, मुखमुखै चलेर आएका कथाहरू नै लोककथा हुन् (थापा, सुवेदी, २०४१ : ३१९) ।

(ग) धर्मराज थापा र हंसपुरे सुवेदीले अर्को एक ठाउँमा लोककथालाई यसरी चिनाएका छन्- लोककथाको मतलब हो आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिला वर्णनात्मक विषयवस्तुद्वारा बुनिएको गतिलो रचना (थापा, सुवेदी, २०४१ : २३३) ।

(घ) प्रा.डा. वासुदेव त्रिपाठीका अनुसार-लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-प्रतिपुस्ता आफ्ना सम्झनामा सुरक्षित गर्दै आएका छौँ (त्रिपाठी, २०४०) ।

(ङ) तुलसी दिवसले- "नेपाली लोककथाको अध्ययन गर्ने सन्दर्भमा लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ" भनी उल्लेख गरेका छन् (दिवस, २०३२ : ६) ।

(च) कृष्णप्रसाद पराजुलीका अनुसार- परापूर्वकालदेखि मौखिक रूपमा गाउँबस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथा कुथुङ्ग्रीको बटुलो नै लोककथा हो (पराजुली, २०५७ : ४५) ।

(छ) प्रा.डा. चूडामणि बन्धुका अनुसार- लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत भन्दा भिन्न लोकको निर्माण गरिन्छ भनी प्रस्तुत गरिएको छ (बन्धु २०५८ : २८९) ।

(ज) डा. मोतीलाल पराजुलीका अनुसार संसारका प्राणी वनस्पतिमा सुख-दुःखका मर्म या कथा-व्यथाको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति नै लोककथा हो । (पराजुली,२०५८ : २२) ।

(झ) डा. शङ्कर प्रसाद कोइरालाका अनुसार- वर्णनात्मक कथाद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसहित्यको एक उच्च विधाका रूपमा लोककथा देखिन्छ (कोइराला, २०५६ : १११) ।

यसरी माथि उल्लेखित केही नेपाली लोकसाहित्य जगत्का चर्चित व्यक्तित्त्वहरूले परिभाषाहरूका आधारमा लोककथालाई यसरी परिभाषित गर्न सकिन्छ - मानव विकासको इतिहाससँगै कथ्य एवम् श्रुति परम्परामा हुर्कंदै र फस्टाउँदै युगौंदेखि वर्तमानसम्म जीवितै रहेर अघि बढिरहेको आख्यानात्मक चमत्कार नै लोककथा हो ।

## ३.४.२. लोककथाको स्वरूप

गद्य विधामा आउने कथानकयुक्त विषयवस्तु भएको गद्य नै लोककथा हो । यसमा परम्परागत मान्यता र धारणा मात्र नभएर लोक जीवनमा दुःखसुख, आस्था, विश्वास जस्ता तत्त्वहरू पनि रहेका हुन्छन् । यसको स्वरूपलाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) यसको रचनाकार अज्ञात हुन्छ ।

(ख) स्थान र समयानुसार लोककथा परिवर्तन हुँदै जान्छ ।

(ग) यसमा भाषिक सरलता पाइन्छ ।

(घ) मानवीय र मानवेतर पात्रहरू पनि हुन्छन् ।

(ङ) कथ्य विधा भएकाले कथानकको अनिवार्यता रहन्छ ।

(च) 'एकादेश' वा 'परापूर्वकाल' देखि प्रारम्भ भई 'भन्नेलाई...' भनी अन्त्य हुन्छ ।

(छ) तिलस्मिता रहँदारहँदै पनि सामाजिक पक्ष सशक्त हुन्छ ।

(ज) समूहको आवश्यकता हुन्छ (वाचक र श्रोता) ।

(झ) लामा, छोटा, मझौला जस्ता पनि स्वरूप हुन्छन् ।

### ३.४.३. लोककथाको वर्गीकरण

प्राचीन कालका पूर्वीय आचार्यहरूले प्राचीन लोककथाहरूलाई कथागत विषयवस्तु उद्देश्य अनुसार आख्यानयुक्त रचनालाई मुख्यतया धार्मिक कथा, उपदेशात्मक कथा, मनोरञ्जनात्मक कथा गरी तीन भागमा विभाजन गरेका छन् (थापा, सुवेदी, २०४१ : १७) । प्राचीन कालमै अझ संस्कृतका प्राचीन आचार्यहरू बाटै कथा र आख्यायिका गरी लोक कथाको वर्गीकरण दुई किसिमले गरेको पाइन्छ । आनन्दवर्धनले लोककथालाई परिकथा, सबलकथा र खण्डकथा गरी तीन वर्गका बाँडेका छन् । त्यसैगरी पूर्वीय साहित्यकार हरिभद्र अचार्यले प्राचीन पूर्वीय कथाहरूलाई अर्थकथा, कामकथा, धर्मकथा र सङ्कीर्णकथा गरी चारवटा वर्गमा विभाजन गरेका छन् (दिवस, २०३३: २१) । लोककथाको विषयवस्तुलाई मापदण्ड बनाएर गरिएको उनको वर्गीकरण अपर्याप्त नै देखिन्छ ।

परापूर्व कालदेखि लोककथाहरू प्रचलित हुँदै आएर यिनको खास वर्गीकरण भने प्रस्पष्ट रूपमा देखिँदैन । यसलाई वर्गीकरण गर्न गाह्रो हुनुमा यस विधाले पाएको सर्वव्यापकता हो । व्यापक र विस्तृत क्षेत्रलाई ओगटेको भए पनि वैज्ञानिक तरिकाले वर्गीकरण गरेर यसका विविध क्षेत्रलाई केलाउने कार्यमा सफलता हासिल गर्नु यस अध्ययनको ध्येय रहेको छ प्राचीन संस्कृत साहित्यका आचार्यहरूले पनि लोककथालाई विधागत रूपमा छुट्याएर वर्गीकरण गर्ने कोसिस गरेको पाइन्छ । जस्तै : आनन्दवर्धनले लोककथालाई (सन् २०१३, पृ. ७७) मा वर्गीकरण गरेका छन् ।

१. परिकथा     २. सकल-कथा     ३. खण्ड-कथा गरी तीन भागमा विभक्त गरेको पाइन्छ ।

त्यसैगरी हरिभद्रले (इ.सं. १९५७ : १०५) मा प्राकृत संस्कृत भाषामा उल्लेख गरेका छन् ।

१. अर्थकथा     २. कामकथा     ३. धर्मकथा

४. सङ्कीर्ण कथा गरी चार भागमा विभक्त गरेका छन् ।

त्यसैगरी अर्का विद्वान् सत्येन्द्रले कथागत विषय वस्तुका आधारमा निम्न लिखित आठ भागमा विभाजन गरेका छन् (उपाध्याय, इ.सं. १९७७ : १३१) ।

१. गाथाहरू     २. पशुपक्षी सम्बन्धी कथा

३. परीका कहानीहरू     ४. विक्रमका कहानीहरू

५. साधु सन्तका कथाहरू     ६. कारण निर्देशक कहानीहरू

७. मझौला सम्बन्धी कहानीहरू     ८. निरीक्षण गर्भित कहानीहरू

यसरी विभिन्न वर्गीकरणलाई अन्वेषण गर्दा कुनै पनि विद्वान्ले सम्पूर्ण क्षेत्रलाई समेटेर लोककथालाई वर्गीकरण गरेको भेटिँदैन । तसर्थ नेपाली लोकसाहित्यमा प्रख्यात यस साहित्यका व्याख्याता तथा खोजकर्ता तुलसी दिवसले गरेका नेपाली लोककथाहरूको वर्गीकरणलाई सान्दर्भिक मान्न सकिन्छ । उनका अनुसार नेपाली लोककथालाई दस भागमा विभाजन गरेको पाइन्छ ।

(क) सांस्कृतिक-ऐतिहासिक लोककथाहरू (ख) अर्ती-उपदेशका लोककथाहरू

(ग) पशुपक्षीका लोककथाहरू (घ) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

(ङ) अति मानवीय रूपका लोककथाहरू (च) दैवी लोककथाहरू

(छ) फलफूलका लोककथाहरू (ज) साहस र बहादुरीका लोककथाहरू

(झ) धार्मिक लोककथाहरू (ञ) विविध लोककथाहरू

## ३.५. सङ्कलित कथाको वर्गीकरण

बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शिर्षक मार्फत सङ्कलित १० वटा कथाहरूको यहाँ सामाजिक लोककथा अन्तर्गत आठ वटा कथा समावेश गरिएको छ भने भूतसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथा समावेश गरिएको छ त्यसैगरी सृष्टिसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथालाई नै समावेश गरिएको छ । यी कथाहरूको सविस्तार व्यख्या गरिएको छ ।

### ३.५.१. सामाजिक लोककथा

#### (क) धनपालगढीमा मेला

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस लोककथा धार्मिक, सांस्कृतिक र ऐतिहासिक रूपमा रहेको धनपालगढीमा बालापन देखि रहँदै आएको रामलखनले यस गढीमा गर्दै आएको दिनचर्याका बारेका उल्लेख गरिएको छ । यस धनपालगढीको उत्खनन गरेर मत्त्वपूर्ण सामग्रीहरू फेलापरेको र त्यहीँ सामग्रीहरू संरक्षण र सम्बर्द्धन गर्नका लागि रामलखन र उनका गाउँहरूले तारजाली लगाएर संरक्षणमा लाग्छन् । यस भित्र रहेका पोखरीहरूको पनि संरक्षण गर्न सरसफाइ गरे एउटा पोखरीमा त सधैं कमलको फुल फुल्ने गरेको र पोखरीसँगै ढुङ्गाको शिलालेख पनि पाए त्यसमा राजा धनपालको बारेमा उल्लेख गरिएको रहेछ । राजा धनपालको मूर्ति पनि होला भन्ने ठानी खन्न थाले छन् । रामलखन अग्ररूपमा लागि खन्दा खन्दै हात्ती माथि राजा धनपाल रहेको मूर्तिमा फेला परेछ । अब यस

मूर्तिलाई कहाँ राख्ने भन्ने गाउँलेहरूले विचार गरेछन् । सपनामा उसलाई कसैले बोलाई त्यस मूर्ति जहाँ भेटिएको हो त्यहीँ स्थानमा मन्दिर बनाउनु है भन्ने आवाज मात्र आएछ । नभन्दै भोलिपल्ट त्यसै स्थानमा भेला भएर छलफल गर्न थालेपछि रामलखनले भनेछ- 'हेर्नुहोस् आज मलाई सपनामा आकाश वाणी भयो यस मूर्तिका बारेमा' भनी सबैलाई सुनाउन थालेछ । सबै गाउँलेहरूले पनि रामलखनको कुरालाई होमा हो भन्दै त्यहीँ स्थानमा मन्दिर बनाउने निर्णय गरे ।

समयसँगै अहिले त यस स्थलमा प्रत्येक वर्षको १० गते मेला समेत लाग्नथालेकाले उ झनै आनन्दित भएछ र मन मननै भन्न थालेछ- 'हेर त्यो मेरो बालापनको धनपालगढी र वृद्ध अवस्थाको धनपालगढी' भन्दै आनन्दित मनका साथ पुन भन्छ- 'धनपालगढीमा त मेला पो लागे छ ?' त्यसैले यो कथा धार्मिक, सांस्कृतिक र ऐतिहासिक रूपमा महत्त्व रहेको छ ।

## (ख) गरिब झेलीया

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । मिहिनेती किसान परिवारको बारेमा यस कथा मार्फत प्रस्तुत गरिएको छ । झेलीयाको श्रीमती र एक छोरा मात्र रहेका छन् । दिनभर अरूको घरमा काम गरेर जीवन निर्वाह गर्थे । जेनतेन जीवन चलेकै थियो । यत्तिकैमा गाउँमा महामारी फैलिएछ । झेलीयाकी श्रीमतीलाई पनि छोपेछ । झेलीयाले आफ्नी बुढीलाई अस्पतालतिर लाग्छ । अस्पताल टाढा भएकाले जाँदा जाँदै उसकी बुढीलाई विरामले निकै च्याप्छ र अस्पताल नपुग्दै मृत्यु भएछ । बिचरा झेलीया विलाप गरी रुन कराउन थालेछ । झट्ट सम्झेछ घरमा त छोरो मात्र छ के खायो होला भनी मरेको बुढीको लास लिएर घर फर्केछ ।

घरमा पुग्दा त छोरालाई पनि झाडा पखालाले थला पारेछ । बिचरा झेलीया अब के गर्ने हतार-हतार छोरो बोकेर अस्पताल दौडिन्छ । छोरोलाई पनि बाटोमा धेरैपटक पखाला लाग्यो त्यहाँ पानी र औषधि पनि नभएर धेरै गाह्रो हुन्छ । दिसा गर्दा-गर्दा साह्रै गाह्रो भएर बाबा अब म मर्छु भन्दा भन्दै कति खेर मरिसकेछ । छोराको पनि त्यसरी अस्पताल पुऱ्याउन नपाउँदै र औषधिको अभावमा मृत्यु भयो । अब झेलीयालाई पर्न सम्म पिर पऱ्यो तै पनि उ छोराको लास बोकेर घर आयो । अनि आमा छोराको लासलाई शिरकको खोल झिकेर ओडाइदियो । उ आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दाको पीडाले आफै पनि मरिरहेको महसूस गरिरहेको थियो । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले आफ्नो श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवन यापन गर्न थाल्यो ।

## (ग) राजा कछुवा

यस कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा दुई कछुवा बिच को राम्रो र राजा मैहुँ भन्ने घमण्डका बारेमा प्रस्तुत गरिएको छ । प्राकृतिक रूपमा रहेको पानीको स्रोत र पानीमै निर्भर रहने मानिस तथा जलप्राणीका बारेमा विशेष चर्चा गरिएको छ । सुन कछुवा र मयूरपङ्खी कछुवा पानीमा सयर गरिरहेको अवस्थामा केही मानवहरूको भिड त्यहीँ सिमसारमा प्रवेश गर्दछन् र हातमा मोबाइल र क्यामराले ती कछुवाका फोटाहरू लिन थाल्छन् ।

सुन कछुवा ती मानव तिर हेरी आफ्नो विभिन्न पोजमा आफूलाई प्रस्तुत गरेको देखेपछि मयूरपङ्खी कछुवाले भने छ ? हैन सुन कछुवा तिमी किन यस्तो हाउभाउ देखाएको भनेपछि उसले भन्छ मानिसहरूले मेरो फोटो खिचिरहेका छन् हेर त । हैन उनीहरूले त मेरो पो फोटो खिचेको हो भनी विवाद गरेको र सुन कछुवाले म राजा हो मेरो पो खिचेका हुन भनी घमण्ड गरेको देखाइएको छ ।

यस्तै विवादका बिच उनीहरूले को राजा हो र कस्को फोटो खिचेको भन्ने टुङ्गो लगाउनका लागि त्यस सिमसार क्षेत्र घुम्न र मनोरम दृष्यहरूको फोटो लिइरहेका मानिसहरू तर्फ जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिएको भनी प्रश्न गर्दा मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रासदी र भय मात्र हुन्छ त्यसैले तिमी मयूर जस्तो राम्रो र सुन्दर देखेर मयूरपङ्खी कछुवाको फोटो खिचेको तिमी त राजा हो राजा भन्छन् । यसरी नै यहाँ कथागत पात्रहरूको चरित्र चित्रण गरिएको छ ।

## (घ) सिमसार

यस कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा धनाढ्य साहु परिवारको चित्रण गरिएको छ । साहु निकै धनी हुन्छ तर उसको सन्तान नभएको धनमात्र ले के हुने रहेछ भन्ने बारेमा यस कथामा देखाइएको । साहु जतिबेला पनि अब मेरो सन्तान छैनन् यो सम्पत्ति मेरो सेखपछि कस्ले खाने हो भनी खाली चिन्तामा डुबिरहन्थ्यो । त्यसैक्रममा मनमनै अष्टमीको दिन व्रत बस्ने बिचार गऱ्यो । न भन्दै अष्टमीका दिन व्रत बस्यो र छोरा पनि जन्मियो । बुढाबुढी साह्रै खुसी भए र त्यस छोराको नामाकरण सिमसार राखे । छोरा हुने बिरुवाको चिल्लो पात भने झैँ सानै देखि अति नै चलाख थियो । हरेक कुरामा चाख लिने नयाँ काममा रुचि देखाउने नयाँ साथी बनाउने गर्‍थ्यो ।

सिमसार ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो तर उसको बाआमाले पठाउन चाहेनन् । उ जिद्धी गरेर साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न जाने निधो गरिसकेको थियो । सिमसार र उसका साथीहरू दार्जिलिङ जाँदै थिए बिच बाटोमा पुग्दा एउटा मन्दिरमा सुनको देवता देखेछन् । अनि सुनसान जङ्गलमा सुनको देवता देखेपछि साथीहरूले यो सुनको देवता काटेर हामी बाँडेर यहीँबाट घर जाऊँ भनी काटेर टुक्रा-टुक्रा पारेर भाग लगाए तर सिमसारले लिएन । यत्तिकैमा अचानक आँधिबेरी हुरीबतास चल्यो । कोही साथीहरू खोलामा डुबेर मरे भने कोही आँधिबेरी आउँदा रूखले च्यापिएर मरे तर सिमसारलाई भने केही भएन । सुनका टुक्रा सबै जोडिएर देवताको रूपमा त्यहीँ ठाउँमा प्रकट हुनुभयो । उसलाई देवताले रक्षा गर्नुभयो ।

## (ङ) सौतिनी आमा

यस कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । यस कथाले हरेक सवालहरूको बौद्धिक तवरले समाधान गर्न सकिने तर्क राख्दै मुख्य रूपमा मनोरञ्जन तथा सामाजिक नैतिक सन्देश दिने उद्देश्य राखेको छ । यस कथामा आएका सौतिनी आमा, बहिनी, दिदी, बाख्रा जस्ता पात्रहरूले नेपालको प्राचीनतालाई चित्रण गर्दछ ।

यस सौतिनी आमा कथामा प्रयोग भएका भाषाहरू सौतिनी, मीठो-मीठो, जङ्गल, भाग्य, रुमलिन, कौतुहलता, जीवजन्तु, खोर, अचम्म आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ । यस कथाले हरेक सवालहरूको बौद्धिक तवरले समाधान गर्न सकिने तर्क राख्दै मुख्य रूपमा मनोरञ्जन तथा सामाजिक नैतिक सन्देश दिने उद्देश्य राखेको छ । कथामा आएका सौतिनी आमा, बहिनी, दिदी, बाख्रा जस्ता पात्रहरूले नेपालको प्राचीनतालाई चित्रण गर्दछ । यस कथामा लोकमा प्रचलित पात्रहरूको प्रयोग भएको छ । कथाको भाषाशैलीमा कृत्रिमता नभई स्थानीय कथ्य भाषा भएकाले व्याकरण र उच्चारणमा त्रुटि भए तापनि सजिलैसँग बुझिने भएकाले सरल रहेको छ ।

## (च) आगो र एकता

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । मिहिनेती किसान परिवारका बारेमा कथामा प्रस्तुत गरिएको छ । उसका चारजना छोराहरू थिए । सबै मिलीजुली खेतीपाती गरिरहेका छन् । एक दिन खेतको मुसुरी बालीमा आगो लाग्छ र परिवारका सबै सदस्यहरू मिलेर निधाउँछन् । समय बित्दै

जाँदा बाआमाको मृत्यु हुन्छ र बाआमाको काम सकी चारै दाजुभाइ छुट्टिएर बस्छन् । एक आपसमा मनमुटाब मात्र हुन्छ । सहयोगी भावना पटक्कै हुँदैन । त्यसै क्रममा एक दिन ठुलो दाजुको गोठबाट आगो सल्किन्छ । उसले आगो निभाउन हारगुहार गर्छ तर मेरोमा त होइन भनी कुनै भाइहरूले पनि सहयोग गर्दैनन् । हेर्दा हेर्दै दाजुको घर पूर्ण रूपमा नष्ट हुन्छ ।

त्यसैगरी माइलो दाजुकोमा पनि आगो सल्कन थाल्छ । त्यहाँ पनि अरू भाइहरूले सहयोग गर्दैनन् । यसरी उसको घर पनि नष्ट हुन्छ । त्यसैगरी कान्छो भाइकोमा पनि आगो सल्कन थाल्छ । उसकोमा पनि कोही सहयोग गर्न जाँदैनन् तब जेठो दाजु आएर कान्छोको मात्र बचो भने पनि हामी बस्न पाउनेछौं त्यसैले सबै मिलेर आगो निभाउनु पर्छ भनेपछि सबै मिलेर आगो निभाउन सफल हुन्छन् । यसरी नै फेरी सबै दाजुभाइको एकता हुन्छ । कमसेकम अन्तिम समयमा लिएको समझदार पूर्ण निर्णयले उनीहरूले आफू बस्ने सानो छाप्रो जोगाउन सके ।

## (छ) दाजुभाइको कथा

यस कथा पारिवारिक लोककथा अन्तर्गत पर्दछ । यस लोककथामा दाजुभाइका बाआमा सानैमा मरेका र एउटी बहिनी सानै रहिछन् । छ जना दाजुभाइले धेरै दुःख कष्टका साथ ती बहिनीको पालन पोषण गरिरहेका थिए । यसैक्रममा ती दाजुभाइहरूले बिहे गरे । बिहे गरेपछि घरमा जनसङ्ख्या धेरै भयो र उनीहरूलाई खान अपुग हुन थाल्यो । त्यहीँ भएर ती दाजुभाइहरू पैसा कनाउनका लागि विदेश जान तयार भए । एउटी बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश लागेछन् ।

दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिए र घरका सबै काम पनि लगाए । जङ्गलमा गएर घाँस दाउरा पनि ल्याउन लगाए । उ सानै भएकाले रुँदै दुःख मान्दै काम लुरुलुरु गरिरही । कान्छी भाउजूले भने केही सहयोग गर्ने गरेकी रहिछन् । त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई रूख चढी सिमलका भुवा टिपी । तर रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । त्यसैक्रममा दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबैकुरा थाहा पाएपछि भोलि बिहान बहिनीलाई लिएर घर जान्छन् । बहिनीलाई साथमा लिएर घरआइ आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट समेत निकाली दिए तर कान्छी भाउजूले भने केही राम्रो गरेकाले उसलाई घरबाट ननिकाली आफैसँग राखे । यसरी नै यस कथा सार्थक रहेको छ ।

## (ज) टुहुरो

यस कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस लोककथामा गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । संयोगान्तमा पूर्ण र सबैसँग मित्रता गाँस्दा राम्रो हुने विषयवस्तु भएको यस कथामा एउटा सिकारीले टुहुरो केटोलाई पाली सिकार खेल्न सिकाउँछ । केटो बन्दुक बोकी अन्यत्र हिँड्छ । बाटामा भटमास, सियो र बाघ भेटिन्छन् र उसँग मित्रता गाँसी उसकै पछि-पछि लाग्दछन् र सबै मित्रले मिलेर एउटा गाउँमा दुःख दिइरहेकी राक्षसनी बूढीलाई मार्छन् । प्रस्तुत कथामा दुष्टतालाई नास गर्नुपर्छ भन्ने उल्लेख गर्दै टुहुरो केटाले सामान्य वस्तुसँग मित्रता गाँस्दा उ लगायत सबैलाई फाइदा हुन पुगेको विषयलाई प्रस्तुत गरिएको छ ।

यस टुहुरो कथामा प्रयोग भएका भाषाहरू टुहुरा, सिकारी, दयालु, सिकार, हुल, मद्दत, जथाभाबी, आँगन, धन-सम्पत्ति आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ । कथाकारको कल्पनाले गर्दा ढुङ्गा, माटो, जीवजन्तु, भटमास, राक्षस, मानिस सबै एक-आपसमा कुरा गर्न सक्ने यस समाजमा पाउन सकिन्न । तसर्थ यसलाई सामाजिक परिवेश भित्र राख्न सकिन्न । यसको स्थिति गाउँले भए पनि घटना भने अलौकिक छ । भटमास, बन्दुक, बाघ र सियोले मित्रता गाँसी टुहुरोलाई मद्दत गरी राक्षसनी मार्नु यसको बलियो पक्ष हो ।

# ३.५.२. भूतसम्बन्धी लोककथा

## (क) भूतको रूख

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । यसमा भूतलाई विषय बनाएर गाउँनै आतङ्कीत र नयाँ आएका परिवारलाई त झनै मर्माहत तुल्याएको छ । घर गाउँमा भएपछि उनीहरूको मुख्य पेसा भनेकै कृषि र पशुपालन हुने रहेछ । काम नगरे खानका लागि समस्या रहने चर्को गर्मी होस् या सितले छपक्क ढाकेको जाडो होस् । बिहान उठेदेखि बेलुका नसुतुन्जेल सम्म काम गर्नै पऱ्यो । त्यस माथि सामान्य परिवार भएकाले यो त झनै नियति भनौं या बाध्यता नै भनौं । जे जस्तो भएता पनि दिन क्रमिक रूपमा बित्दै गइरहेको थियो नै ।

समय बित्तै थियो मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने भएकाले समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैँ हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । जुनको उज्यालोले ढाक्दै गयो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही छैन ।

मनमा चिसो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

यस लोककथामा आएका भाषाहरू छपक्क, नियति, काठेपुल, सिँचाइ, जोइपोइ, छाया, झमक्क, सर्ल्याङ्ग, मुर्छा जस्ता शब्द तथा शब्दावलीहरू अभिप्रायको रूपमा आएका छन् र यिनले कथामा विशेष अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् । मिहिनेत र कर्मनिष्ठ दुई दम्पतीहरूलाई आधार बनाएर कथा प्रस्तुत गरिएको छ । मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैँ हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही छैन । मनमा चिसो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै मानिसहरू भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

## ३.५.३. सृष्टिसम्बन्धी लोककथा

### (क) ब्रह्माको सृष्टि

यो कथा धार्मिक तथा पौराणिक रूपमा रहेको लोककथा अन्तर्गत पर्दछ । सृष्टि समयमा पृथ्वी, मानव शून्य अवस्थामा रहँदा भगवान, ब्रह्मा, विष्णु र महादेवको बैठक स्वर्गमा बसेछ । देवगणको सल्लाह बमोजिम ब्रह्माले सबै सूक्ष्म जीव देखि ठुला-ठुला जनावर हात्ती, गैँडा, बाघ, भालु सबै खाले जीव जन्तुहरूको सृष्टि गर्नुभएछ । एक दिन विष्णु र लक्ष्मी पृथ्वीमा घुम्दै गर्दा एक घना जङ्गलमा एउटा घाइते हात्ती ठुलो वृक्ष मुनी लडिरहेको देखेछन् । हात्तीका दुवै खुट्टामा बाघले आक्रमण गरेर घाइते बनाइ दिएको रहेछ । घाइते हात्तीको खुट्टामा किरा परेर हिँड्न नसक्ने भएपछि वृक्ष मुनी नै मृत्युसँग लडिरहेछ । त्यसपछि विष्णु र लक्ष्मीले यो भएन अब मानिसको पनि सृष्टि गर्न भन्नु भएछ अनि मानिस सृष्टि भएसँगै आफ्ना गतिविधिहरू सञ्चालन गर्ने क्रममा यताउता हिड्डुल गर्न थाले तब उसले त्यो दुःखी हात्तीलाई देखेर मानिसमा दया पलाएर आयो । अनि मानिसले जङ्गलमा पाइने सबै प्रकारका जडीबुटीको प्रयोग गरी हात्तीलाई उपचार गरी निको पारे ।

त्यसैले यस ब्रह्माको सृष्टिमा सबै सूक्ष्म जीव देखि ठुला-ठुला जनावर हात्ती, गैँडा, बाघ, भालु सबै खाले जीव जन्तुहरूको सृष्टि भएको छ । तर मानव जातिको सृष्टि भने नभएकोले सन्तुलनमा गडबडी भएको देखिन्छ । त्यसै क्रममा एक दिन विष्णु र लक्ष्मी पृथ्वीमा घुम्दै गर्दा एक घना जङ्गलमा एउटा घाइते हात्ती ठुलो वृक्ष मुनी लडिरहेको देखेछन् । हात्तीका दुवै खुट्टामा बाघले आक्रमण गरेर आइते बनाइ दिएको रहेछ । घाइते हात्तीको खुट्टामा किरा परेर हिँड्न नसक्ने भएपछि वृक्ष मुनी नै मृत्युसँग लडिरहेछ । त्यसपछि विष्णु र लक्ष्मीले यो भएन अब मानिसको पनि सृष्टि गर्न भन्नु भएछ अनि मानिसको सृष्टि भएसँगै आफ्ना गतिविधिहरू सञ्चालन गर्ने क्रममा यताउता हिड्डुल गर्न थाले तब उसले त्यो दुःखी हात्तीलाई देखेर मानिसमा दयामाया पलाएर आयो । अनि मानिसले जङ्गलमा पाइने सबै प्रकारका जडीबुटीको प्रयोग गरी हात्तीलाई उपचार गरी निको पारे । त्यसैले सृष्टि क्रममा सबैको समान महत्त्व रहने रहेछ भनेर सबै देवीदेवताहरू देवलोकमा खुसीले उत्सव मनाउनु थाले ।

## ३.६. निष्कर्ष

लोककथा समय, स्थान परिस्थिति, वक्ता र श्रोताको रुचि र चाहना अनुरूप परिवर्तन भइरहने एउटा अलगै मूल्य र मान्यता बोकेको गतिशील साहित्य हो । वास्तवमा लोककथा भित्र लोक जीवन र यसका हरेक पक्ष सामाजिक, सांस्कृतिक, परम्परा आदिको चित्रण पाइन्छ । यसले समाजका हरेक पक्षको अध्ययन-अनुसन्धानमा सहयोग पुऱ्याउँछ । भाषा साहित्यका दृष्टिले पनि लोककथाहरूको अध्ययन औचित्यपूर्ण रहन्छ । यसमा भाषा सरल, सशक्त र प्रभावशाली बनेको हुन्छ भने यस्ता कथाहरू बुढापाका, शिक्षित तथा अशिक्षित वर्ग हुँदै लोक अनुभवमा खारिएर रहेका हुन्छन् ।

बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनमा केन्द्रित रहेर यस शोधपत्रमा जम्मा दशवटा कथाहरू सङ्कलन गरिएको छ । जसमा सामाजिक लोककथा, भूतसम्बन्धी लोककथा र सृष्टिसम्बन्धी लोककथा गरी तीन भागमा विभाजन गरी यसको वर्गीकरण समेत गरिएको छ । सामाजिक लोककथा अन्तर्गत आठ वटा कथा समावेश गरिएको छ भने भूतसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथा समावेश गरिएको छ त्यसैगरी सृष्टिसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथालाई नै समावेश गरिएको छ ।

# चौथो परिच्छेद

# कथातत्त्वका आधारमा बेलबारी क्षेत्रमा प्रचलित लोककथाको विद्यातात्त्विक विश्लेषण

## ४.१. पृष्ठभूमि

जसरी आधुनिक कथा निर्माणका सन्दर्भमा ख्यातिप्राप्त स्रष्टाको जरुरत पर्दछ त्यसरी लोककथा निर्माणमा स्रष्टाको जरुरत पर्दैन । लोककथा त स्थानीय वातावरणको सेरोफेरोमा जन्मिएका हुन्छन् । यी कथाहरू सरल र सामान्य ग्रामीण भाषामा प्रस्तुत हुने हुँदा बोधगम्य पनि हुन्छन् । सहजता र सरलता नेपाली लोककथाको आफ्नै वैशिष्ट्य हो । सरल र सहज हुँदाहुँदै पनि लोककथाको निर्माणमा केही निश्चित तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । लोककथा अन्वेषक भनौं वा यस विधामा चासो राख्ने विज्ञहरूको मतमा भने लोककथाका तत्त्वहरूका बारेमा एकरूपता पाइँदैन । यस साहित्यका अध्येता श्रीराम शर्माले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन, चरित्र चित्रण, वातावरण, शैली र उद्देश्यलाई लिएका छन् भने सत्येन्द्रले लोकमानस, कथावस्तु, पात्र, अभिप्राय, घटनाहरू, सङ्घटनाहरू, कथामानस, उपयोगको दृष्टि, अलङ्कारको प्रयोग र वातावरणलाई लिएको पाइन्छ ।.

## ४.२. लोककथाका विद्यातत्त्वको सिद्धान्त

लोककथा लोक जीवनको सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्ति गर्ने एक सशक्त लोकसाहित्यक विधा हो । 'लोककथा' लाई कथा, दन्त्यकथा, बात र शास्त्र पनि भनिन्छ (गिरी, २०५५: २४) । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारका समस्त कथा साहित्यको जनक पनि भनिन्छ । लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन तथा शिक्षा प्रदान गर्दै आइरहेको छ । लोककथाका तत्त्वहरूको बारेमा विद्वान्हरूका मतमतान्तर भए तापनि मोरङ जिल्लाको बेलबारी नगरपालिका क्षेत्रको सेरोफेरोमा प्रचलित लोककथालाई कथावस्तु, पात्र, परिवेश, भाषाशैली र उद्देश्यका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.२.१.कथावस्तु

कथावस्तुमा प्रारम्भ, मध्य र अन्त्यको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धन वा चारित्रिक कार्यव्यापारको स्वरूपलाई कथानक भनिन्छ । कथानक वा कथावस्तुले कथाको चरित्र विकासमा सहयोग पुऱ्याउने गर्छ र

योगदान दिने यसको मुख्य उद्देश्य हो । कथावस्तुलाई कथा संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्व मानिन्छ । कथाको मूल्य निर्धारण समेत कथावस्तुकै आधारमा हुन्छ । संसारका जुनसुकै स्थानमा प्रचलित लोककथाहरू कथावस्तुका दृष्टिले हेर्दा अत्यन्त धनी हुन्छन् । नेपाली लोककथाहरूको सेरोफेरो र यसभित्र सङ्कलित लोककथाहरू पनि कथावस्तुमा कमजोर छैनन् । बेलबारी सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले भरिपूर्ण जिल्ला भएको हुँदा यहाँ प्रचलित लोककथाहरूमा पनि कथावस्तुको गहनता, मार्मिकता र लोक जीवनसँग सामीप्य सम्बन्ध गाँसिने स्तरका छन् । यहाँका लोकथाहरूमा टुनामुना, जादु, परी, दुष्ट चरित्र आदिको प्रधानता, चरित्र एवम् उपदेश, मनोरञ्जनात्मक कथावस्तु भएका लोककथाहरू पाइन्छन् । यहाँका लोककथामा प्रतीकात्मकता पनि भेट्न सकिन्छ ।

लोककथा भित्र उपकथा पनि पाउन सकिन्छ, जसले गर्दा मुख्य कथाहरूमा भन्दा लौकिक कथाहरूमा प्रायः अन्तकथाका सङ्ख्याहरू बढी देखिन्छन् । फलस्वरूप मूख्य पात्रहरूको आन्तरिक विश्लेषणले गर्दा कथावस्तुलाई झनै कौतूहल पूर्ण बनाएको हुन्छ । कल्पना तत्त्व बढी हुने गर्दा कतिपय घटनाहरू अवास्तविक र अतिशयोक्तिपूर्ण लाग्ने गर्दछन् । यस्ता चरित्रबाट बेलबारी नगरपालिकाका लोककथाहरू पनि अछुत छैनन् । लोककथामा घटनाको प्रधानता हुन्छ । मूल कथावस्तुले विभिन्न घटनाहरूको संयोजन गर्दै अगाडि बढेको हुन्छ । कथाको लक्ष्य भने उपदेशमूलक, मनोरञ्जनात्मक, नैतिक, धार्मिक र सूचनामूलक के-कस्ता छन् भनेर अध्ययन गर्ने एउटा विन्दु हुन्छ । सङ्कलित कथाहरूलाई कथावस्तुको आधारमा कथापछि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.२.२.पात्र

कथानकपछि पात्रहरूको भूमिका हरेक लोककथामा महत्त्व पूर्ण रहेको हुन्छ । प्रकृतिमा पाइने मानव, पशुपक्षी, ढुङ्गा, माटो, नदीनाला, देवी-देवता, बोट-बिरुवा, लौरो, भटमास, जीवजन्तु इत्यादि विभिन्न पदार्थहरू लोककथाका पात्र बन्न सक्दछन् । लोककथामा यस्तो पात्र मात्र रहनुपर्छ भन्ने केही बन्देज हुँदैन । लोककथामा निर्जीवले पनि मानिसले जस्तै बोलचाल गरी मानवीय व्यवहार गरेको पाइन्छ । कुनै मुख्य पात्रका रूपमा, कुनै सहायक पात्रका रूपमा तथा कुनै गौण पात्रका रूपमा रहेका हुन्छन् र कथामा मुख्य पात्रको भूमिका मुख्य नै रहेको हुन्छ । मुख्य पात्रलाई सहयोग गरी कथानकलाई गतिशील बनाउने सहायक पात्रका रूपमा र आफू अप्रत्यक्ष रूपमै रहेर पनि कथालाई अगाडि बढाउने पात्र चाहिँ गौण पात्रका रूपमा रहेको पाइन्छ । प्रमुख पात्रहरू आदर्शवादी, लडाकु, हिम्मती, संघर्षशील, वीर, निडर, स्वाभिमानी तथा आदर्शवादी बनाएर खडा गरिएको हुन्छ । यहाँ सङ्कलित कथामा पनि उक्त तीनै प्रकारका पात्रहरू रहेका छन् ।

## ४.२.३.परिवेश

जसरी आधुनिक कथामा कथाकारको व्यक्तिगत प्रभाव बढी हुन्छ । त्यसरी नै लोककथामा कथाकारको व्यक्तिगत प्रभाव हुँदैन वा कम हुन्छ । साथै लोकथामा वाचकको वैयक्तिक भाषाका सम्बन्धमा प्रभाव परे तापनि अन्य तत्त्वमा भने त्यसको स्थान कमै रहेको हुन्छ । भाषामा वैयक्तिकभन्दा स्थान विशेषको सामाजिकताले बढी प्रभाव पारेको पाइन्छ । लोककथामा सामाजिक वातावरण कुनै न कुनै रूपमा भित्रिएको हुन्छ । लोककथा सामाजिकताको संकेत हो भने लोकतत्त्व सामाजिक वातावरणको उपस्थिति हो ।

## ४.२.४.भाषाशैली

स्वाभाविक रूपमा जनजिब्रोका उखानहरूको प्रयोग भएको पाइन्छ । 'भाग्यमा भए गोजीभरि', 'काँ पऱ्यो औसानी आफ्नै भागमा' आदि यसका उदाहरण हुन् । यसरी नै अनुकरणात्मक शब्दहरू पनि कथामा छन्– 'फ्यात्त फेको', 'सलल बग्यो' । 'स्रापदेउ', 'तन्तर-मन्तर' जस्ता स्थानीय ठेट भाषाको प्रचुर मात्रामा प्रयोग पाइन्छ । यहाँको स्थानीय मातृभाषामा लिङ्ग, वचन आदिको ख्याल नरहने भाषिक विशेषता हुँदा यसको प्रभाव पनि यी कथाहरूमा प्रत्यक्ष देख्न पाइन्छ, जस्तै : लोग्ने-स्वास्नी गएछ, केटी पनि लडेछ, मू जान्छ जस्ता शब्दहरूको प्रयोग भएको छ । यी कथामा पाइने संवाद सरल र स्पष्ट खालका छन् र यस करण सजिलै बुझ्न सकिन्छ । लोककथाको निम्ति भाषा महत्त्वपूर्ण तत्त्व हो । यसका कथा वाचक र श्रोता पनि प्रायः ग्रामीण तथा विकट क्षेत्रका अशिक्षित र अपठित जनताहरू भएका हुँदा भाषा बुझिने खालको सरल हुन्छ । लोककथामा क्लिष्ट शब्दको प्रयोग हुँदैन । यहाँ सङ्कलित कथाहरूमा प्रायः स्थानीयताको रङ्ग देख्न सकिन्छ । स्थानीय भाषिकाको प्रचुर मात्रामा प्रयोग भेट्न सकिन्छ । जस्तै 'हामी जूँ', 'लोग्नेस्वास्नी थेछ', 'आप्पा गो', 'बाउ आयो', 'म' पुनि खान्छ' जस्ता स्थानीय शब्दहरूको प्रयोग यहाँका लोककथाहरूमा प्रशस्त पाइने हुनाले स्थानीय जोसुकैले पनि सजिलै बुझ्न सक्दछन् ।

## ४.२.५.उद्देश्य

जुनसुकै कथामा उद्देश्य एउटा अनिवार्य तत्त्वका रूपमा रहन्छ । उद्देश्यमा लेखक वा रचनाकारको सामान्य वा विशिष्ट जीवन दृष्टिको विवेचना हुन्छ । लोककथाका सन्दर्भमा भन्दा समग्र लोकसाहित्यको मूल उद्देश्य जनमानसमा मनोरञ्जन दिने भए तापनि कतै न कतै, कुनै न कुनै रूपमा उद्देश्य वा विचारको पनि संलग्नता पाउन सकिन्छ । लोककथामा लोकतत्त्वको अनिवार्यताको कारणले सर्वमान्य अथवा सर्वसाधारणको जीवन दृष्टि पाउन सकिन्छ । बेलबारी नगरपालिकामा प्रचलित सङ्कलन गरिएका लोककथालाई उद्देश्यका आधारमा कथापछि विश्लेषण गरिएको छ ।

## ४.३. सामाजिक लोककथा

### ४.३.१. धनपालगढीमा मेला

#### (क) कथावस्तु

प्रस्तुत 'धनपालगढीमा मेला' लोककथा धार्मिक, सांस्कृतिक र ऐतिहासिक रूपमा रहेको धनपालगढीमा बालापन देखि रहँदै आएको रामलखनले यस गढीमा गर्दै आएको दिनचर्याका बारेका उल्लेख गरिएको छ । यस धनपालगढीको उत्खनन गरेर मत्त्वपूर्ण सामग्रीहरू फेलापरेको र त्यहीँ सामग्रीहरू संरक्षण र सम्बर्द्धन गर्नका लागि रामलखन र उनका गाउँहरूले तारजाली लगाएर संरक्षणमा लाग्छन् ।

यस भित्र रहेका पोखरीहरूको पनि संरक्षण गर्न सरसफाइ गरे एउटा पोखरीमा त सधैँ कमलको फुल फुल्ने गरेको र पोखरीसँगै ढुङ्गाको शिलालेख पनि पाए त्यसमा राजा धनपालको बारेमा उल्लेख गरिएको रहेछ । राजा धनपालको मूर्ति पनि होला भन्ने ठानी खन्न थाले छन् । रामलखन अग्ररूपमा लागि खन्दा खन्दै हात्ती माथि राजा धनपाल रहेको मूर्तिमा फेला परेछ । अब यस मूर्तिलाई कहाँ राख्ने भन्ने गाउँलेहरूले विचार गरेछन् । सपनामा उसलाई कसैले बोलाई त्यस मूर्ति जहाँ भेटिएको हो त्यहीँ स्थानमा मन्दिर बनाउनु है भन्ने आवाज मात्र कता कताबाट आएछ । नभन्दै भोलिपल्ट त्यसै स्थानमा भेला भएर छलफल गर्न थालेपछि रामलखनले भनेछ- 'हेर्नुहोस् आज मलाई सपनामा आकाश वाणी भयो यस मूर्तिका बारेमा' भनी सबैलाई सुनाउन थालेछ । सबै गाउँलेहरूले पनि रामलखनको कुरालाई होमा हो भन्दै त्यहीँ स्थानमा मन्दिर बनाउने निर्णय गरे ।

समयसँगै अहिले त यस स्थलमा प्रत्येक वर्षको १० गते मेला समेत लाग्नथालेकाले उ झनै आनन्दित भएछ र मन मननै भन्न थालेछ- 'हेर त्यो मेरो बालापनको धनपालगढी र वृद्ध अवस्थाको धनपालगढी' भन्दै आनन्दित मनका साथ पुन भन्छ- 'धनपालगढीमा त मेला पो लागे छ ?' त्यसैले यो कथा धार्मिक, सांस्कृतिक र ऐतिहासिक रूपमा महत्त्व रहेको छ ।

#### (ख) पात्र

यस धनपालगढीमा मेला लोककथामा रामलखन प्रमुख पत्र हुन भने समुदाय, पत्नी र छोराछोरी सहायक पात्रका रूपमा प्रस्तुत गरिएको छ । यसमा रामलखन सोझो असल र इमान्दार पात्रको रूपमा देखाइएको छ । जो समाजको नेत्रृत्वदायी भूमिकामा पनि देखिएको छ ।

रामलखन ऐतिहासिक धनपालगढीको रक्षक भएर समाजमा यस गढीको महत्त्व र राजा धनपालको मूर्तिको स्थापनासँगै कमल फुल्ने पोखरी आदिलाई संरक्षण गर्ने असल पात्रको रूपमा रहेको छ । समय बित्दै जाँदा यस गढीको रूपरङमा परिवर्तन भएकाले र रमणीय स्थलका रूपमा स्थापित हुँदै गएकाले मानिसहरूले यस स्थानलाई वनभोज खाने स्थलका रूपमा लिन थालेको पाइन्छ । त्यसैगरी रामलखन वृद्ध अवस्थामा प्रवेश गरेसँगै यस धनपालगढीमा त प्रत्येक वर्षको वैशाख १० गतेका दिन विशाल मेल समेत लाग्न थालेको छ । यसकारण यस कथामा समावेश गरिएको पात्र र अन्य सहायक पत्रहरूको भूमिका निकै महत्त्वपूर्ण रहेको छ ।

## (ग) परिवेश

यस कथामा परिवेशका रूपमा रहेको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व बोकेको गाउँको एक शान्त सुन्दर वातावरण रहेको स्थानका रूपमा बस्ने एक सच्चा रामलखन पात्रको रूपमा यहाँ चित्रण गरिएको छ । रामलखन ऐतिहासिक धनपालगढीको रक्षक भएर समाजमा यस गढीको महत्त्व र राजा धनपालको मूर्तिको स्थापनासँगै कमल फुल्ने पोखरी आदिलाई संरक्षण गर्ने असल पात्र रहेको छ । समय बित्दै जाँदा यस गढीको रूपरङमा गरिवर्तन भई रमणीय स्थलका रूपमा स्थापित भएकाले यहाँ मानिसहरू वनभोज खान आउने र प्रत्येक वर्षको वैशाख १० गतेका दिन विशाल मेल समेत लाग्न थालेको छ । त्यसैले यस स्थानको महत्त्व झनै रहेको छ ।

## (घ ) भाषाशैली

यस कथामा सरल, मिठो भाषाको प्रयोग गरिएको छ । साधारण गाउँले बोलिचाली र कृष्ठ भाषाशैलीको प्रयोगले सरल र बोधगम्यता दिएको छ । सबैले सजिलैसँग बुझ्न सक्ने खालका शब्दहरूको पनि चयन गरिएको छ । यसमा रामलखनलाई प्रमुख पात्र भनाइ सुरु देखि अन्तसम्म उसैलाई प्रस्तुत गरिएको छ । त्यसैले पनि यस कथा सरल, सरस भएको पाइन्छ ।

## (ङ) उद्देश्य

यस कथाको मूल उद्देश्य सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व रहेको धनपालगढीमा बसोबास गर्ने असल पात्र रामलखनलाई प्रस्तुत गरिएको छ । उ यस गढीलाई कसरी पर्यटकीय स्थल बनाउने भनी लागि परेको र समय वित्तै जाँदा यो सबै पुरा भएको छ । रामलखनद्वारा यस ऐतिहासिक धनपालगढीको रक्षा स्वरूप उ लागि परेकाले र समाजबाट पनि सहयोग पाएकाले गढीको महत्त्व र राजा धनपालको मूर्तिको

स्थापनासँगै कमल फुल्ने पोखरीको संरक्षण गर्ने असल पात्र रहेको छ । यसैगरी यस गढीको रमणीय स्थलका रूपमा स्थापित भएकाले यस स्थानमा मानिसहरू वनभोज खान आउने र मेल समेत लाग्न थालेकाले यस स्थानको महत्त्व अझ बढेर गएको छ । यसले समाजमा रहेका राम्रा स्थानको रक्षा र सम्वर्द्धन गर्नुपर्छ भन्ने सन्देश गएको छ ।

### (च) अभिप्राय

यस लोककथामा आएका भाषाहरू धनपालगढी, घाँस दाउरा, खजाना, ऐतिहासिक, बहुमूल्य, पुरातात्त्विक सम्पदा, शिलालेख, झपक्क, झसङ्ग, वाणी, आनन्दित, वनभोज, मेला जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यस्ता शब्दहरूले कथालाई प्रस्टसँग अर्थ प्रदान गर्न सहयोग पुऱ्याएको छ ।

अन्त्यमा यस 'धनपालगढीमा मेला' नामक लोककथा सन्देशमूलक र रोचक रहेको छ । रामलखन पात्र मार्फत ऐतिहासिक धनपालगढीको रक्षा र समाजमा भएका कुरीतिहरूको उजागर गरिएको छ । यस गढीको महत्त्व र राजा धनपालको मूर्तिको स्थापनासँगै कमल फुल्ने पोखरी आदिलाई संरक्षण गर्ने एक असल पात्रका रूपमा उतारिएको छ । समय बित्दै जाँदा यस गढीको रूपरङमा परिवर्तन भई रमणीय स्थलमा स्थापित भएकाले यहाँ मानिसहरू वनभोज खान आउने र प्रत्येक वर्षको वैशाख १० गतेका दिन मेल समेत लाग्न थालेको छ । त्यसैले यस स्थानको महत्त्व झनै बढेर गएको छ र यस कथामा मार्फत सन्देश दिन खोजिएको छ ।

## ४.३.२. गरिब झेलीया

### (क) कथावस्तु

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । मिहिनेती किसान परिवारको बारेमा यस कथा मार्फत प्रस्तुत गरिएको छ । झेलीयाको श्रीमती र एक छोरा मात्र रहेका छन् । दिनभर अरूको घरमा काम गरेर जीवन निर्वाह गर्थे । जेनतेन जीवन चलेकै थियो । यत्तिकैमा गाउँमा महामारी फैलिएछ । झेलीयाकी श्रीमतीलाई पनि छोपेछ । झेलीयाले आफ्नी बुढीलाई अस्पतालतिर लाग्छ । अस्पताल टाढा भएकाले जाँदा जाँदै उसकी बुढीलाई विरामले निकै च्याप्छ र अस्पताल नपुग्दै मृत्यु भएछ । बिचरा झेलीया विलाप गरी रुन कराउन थालेछ । झट्ट सम्झेछ घरमा त छोरो मात्र छ के खायो होला भनी मरेको बुढीको लास लिएर घर फर्केछ । घरमा पुग्दा त छोरालाई पनि झाडा पखालाले थला पारेछ । बिचरा झेलीया अब के गर्ने हतार-हतार छोरो बोकेर अस्पताल दौडिन्छ । छोरोलाई पनि बाटोमा धेरैपटक पखाला लाग्यो त्यहाँ

पानी र औषधि पनि नभएर धेरै गाह्रो हुन्छ । दिसा गर्दा-गर्दा साह्रै गाह्रो भएर बाबा अब म मर्छु भन्दा भन्दै कति खेर मरिसकेछ । छोराको पनि त्यसरी अस्पताल पुऱ्याउन नपाउँदै र औषधिको अभावमा मृत्यु भयो । अब झेलीयालाई पर्न सम्म पिर पऱ्यो तै पनि उ छोराको लास बोकेर घर आयो । अनि आमा छोराको लासलाई शिरकको खोल झिकेर ओडाइदियो । उ आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दाको पीडाले आफै पनि मरिरहेको महसूस गरिरहेको थियो । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले आफ्नो श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवन यापन गर्न थाल्यो ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएको प्रमुख पात्र झेलीया हो भने श्रीमती र छोरा सहायक पात्रका रूपका रहेका छन् । गाउँले गौण पात्रका रूपमा उभिएका छन् । झेलीयाको गाउँमा महामारी फैलिन्छ । झेलीयाकी श्रीमतीलाई पनि झाडापखाला लाग्छ । झेलीयाले आफ्नी बुढीलाई अस्पताल लिएर जान्छ । अस्पताल टाढा भएकाले जाँदा जाँदै बुढीलाई झाडापखालाले निकै सताउँछ र अस्पताल नपुग्दै मृत्यु हुन्छ । झेलीया रुन कराउन थाल्छ र झट्ट सम्झेछ घरमा त छोरो मात्र छ के खायो होला भनी मरेको बुढीको लास लिएर घर फर्किन्छ । घरमा पुग्दा छोरालाई पनि झाडापखालाले थला पारिसकेको हुन्छ । झेलीया हतार गर्दै छोरालाई बोकेर अस्पताल दौडिन्छ ।

छोरोलाई बाटोमा धेरैपटक पखाला लाग्छ । पानी र औषधि नभएर छोरालाई साह्रै गाह्रो हुन्छ र भन्छ बाबा अब म मर्छु भन्दा भन्दै कति खेर मरिसकेछ । छोराको पनि त्यसरी अस्पताल पुऱ्याउन नपाउँदै मृत्यु हुन्छ । झेलीयालाई पर्न सम्म पिर परे पनि उ छोराको लास बोकेर घर आउँछ । आमा र छोराको लासलाई शिरकको खोल ओढाइ दिन्छ । आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दा पीडाले आफै पनि मरिरहेको महसूस गर्छ । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवन यापन गर्न थाल्छ । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ ।

## (ग) परिवेश

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । त्यो परिवार निकै मिहिनेती किसान परिवारका रूपमा यस कथामा प्रस्तुत गरिएको छ । झेलीयाको गाउँमा महामारी फैलिन्छ । उसकी श्रीमतीलाई पनि झाडापखाला लाग्छ । झेलीयाले आफ्नी श्रीमतीलाई अस्पताल लिएर जान्छ । अस्पताल टाढा भएका कारण

झाडापखालाले निकै सताउँछ र अस्पताल नपुग्दै मृत्यु हुन्छ । झेलीया दुखित भएर झट्ट छोरालाई सम्झी मरेको बुढीको लास लिएर घर फर्किन्छ । घरमा पुग्दा छोरालाई पनि झाडापखालाले थला पारिसकेको हुन्छ । झेलीया हतार गर्दै छोरालाई बोकेर अस्पताल दौडिन्छ । छोरालाई बाटोमा धेरैपटक पखाला लाग्छ । पानी र औषधि नभएर छोरालाई साह्रै गाह्रो हुन्छ र भन्छ बाबा अब म मर्छु भन्दा भन्दै कति खेर मरिसकेछ ।

छोराको पनि त्यसरी अस्पताल पुऱ्याउन नपाउँदै मृत्यु हुन्छ । झेलीयालाई पर्न सम्म पिर परे पनि उ छोराको लास बोकेर घर आउँछ । आमा र छोराको लासलाई शिरकको खोल ओढाइ दिन्छ । आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दा पीडाले आफै पनि मरिरहेको महसूस गर्छ । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवनयापन गर्न थाल्छ । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ ।

## (घ) भाषाशैली

यस गरिब झेलीया कथामा प्रयोग भएका भाषा सरल र सजिलै बुझ्न सकिने खालका शब्दहरूको प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट पाउन सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोगका साथै कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा गाउँले गरिब परिवारको चित्रण गरी सरल र बुझिने शब्दहरूलाई मात्र प्राथमिकतामा राखिएको छ । त्यसैले गाउँ नै महामारीले थलापरेको अवस्थामा सरकार र सम्बन्धित निकायहरूले ध्यान दिनुपर्ने कुरामा जोड दिँदै समयमै सबैले औषधि उपचार पाउनु पर्ने हुन्छ । तर झेलीयाको गाउँमा त्यस्तो नभएकाले धेरैले अकालमा मृत्यु वरण गर्नु परेको यहाँ प्रस्ट रूपमा देखाइएको छ । यसरी आगामी दिनमा कसैले पनि अकालमा मृत्यु वरण गर्नु नपरो भन्ने नै यस कथाको प्रमुख उद्देश्य भएकाले यसको भाषा शैली सरल र बोधगम्यता रहेको पनि पाइन्छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै गाउँघरमा रहेका कुरीति र कुसंस्कारहरूलाई अन्त गर्नु र समयमै सबैले सही तवरबाट औषधोपचार पाउनु हो भन्ने यसको प्रमुख उद्देश्य रहेको छ । गाउँ नै महामारीबाट थलापरेको अवस्थामा सरकार र सम्बन्धित निकायहरूले ध्यान दिनुपर्ने हुन्छ । साथै समयमै औषधि र उपचार पाउनु पर्ने हुन्छ । तर झेलीयाको गाउँमा त्यस्तो नभएकाले धेरैले अकालमा मृत्यु वरण गर्नु परेको यहाँ प्रस्ट रूपमा देखाइएको छ । त्यसले पनि यस कथा मार्फत उद्देश्यको पनि सार्थकता देखिन्छ ।

## (च) अभिप्राय

यस गरिब झेलीया कथामा प्रयोग भएका भाषाहरू गरिब, महामारी, पिठ्यूँ, अलापबिलाप, चालचुल, ढलौला, शोक, जीवनयापन आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ । झेलीयाको गाउँमा महामारी फैलिन्छ । उसकी श्रीमतीलाई झाडापखाला लाग्छ । झेलीयाले आफ्नी श्रीमतीलाई अस्पताल लिएर जान्छ । अस्पताल टाढा भएकाले झाडापखालाले निकै सताउँछ र अस्पताल नपुग्दै मृत्यु हुन्छ । झेलीया दुखित भएर झट्ट छोरालाई सम्झी मरेको बुढीको लास लिएर घर फर्किन्छ । घरमा पुग्दा छोरालाई पनि झाडापखालाले थला पारिसकेको हुनाले । झेलीया हतार गर्दै छोरालाई बोकेर अस्पताल दौडिन्छ । छोरालाई बाटोमा धेरैपटक पखाला लाग्छ । पानी र औषधि नभएर छोरालाई साह्रै गाह्रो हुन्छ र भन्छ बाबा अब म मर्छु भन्दा भन्दै कति खेर मरिसकेछ । छोराको पनि त्यसरी अस्पताल पुऱ्याउन नपाउँदै मृत्यु हुन्छ । झेलीयालाई पर्न सम्म पिर परे पनि उ छोराको लास बोकेर घर आउँछ । आमा र छोराको लासलाई शिरकको खोल ओढाइ दिन्छ । आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दाको पीडाले आफै पनि मरिरहेको महसूस गर्छ । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवन यापन गर्न थाल्छ । यसले गर्दा यस कथाको पात्र तथा चरित्र पनि सार्थकता दिएको छ । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ । यस्ता शब्दहरूले कथालाई प्रस्टसँग अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् ।

## ४.३.३. राजा कछुवा

## (क) कथावस्तु

यस कथा प्राकृतिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा दुई कछुवा बिच को राम्रो र राजा मैहुँ भन्ने घमण्डका बारेमा प्रस्तुत गरिएको छ । प्राकृतिक रूपमा रहेको पानीको स्रोत र पानीमै निर्भर रहने मानिस तथा जलप्राणीका बारेमा विशेष चर्चा गरिएको छ । सुन कछुवा र मयूरपङ्खी कछुवा पानीमा सयर गरिरहेको अवस्थामा केही मानवहरूको भिड त्यहीँ सिमसारमा प्रवेश गर्दछन् र हातमा मोबाइल र क्यामराले ती कछुवाका फोटाहरू लिन थाल्छन् । सुन कछुवा ती मानव तिर हेरी आफ्नो विभिन्न पोजमा आफूलाई प्रस्तुत गरेको देखेपछि मयूरपङ्खी कछुवाले भने छ ? हैन सुन कछुवा तिमी किन यस्तो हाउभाउ देखाएको भनेपछि उसले भन्छ मानिसहरूले मेरो फोटो खिचिरहेका छन् हेर त । हैन उनीहरूले त मेरो पो फोटो खिचेको हो भनी विवाद गरेको र सुन कछुवाले म राजा हो मेरो पो खिचेका हुन भनी घमण्ड गरेको देखाइएको छ । यस्तै विवादका बिच उनीहरूले को राजा हो र कस्को फोटो खिचेको भन्ने टुङ्गो लगाउनका लागि त्यस सिमसार क्षेत्र घुम्न र

मनोरम दृष्यहरूको फोटो लिइरहेका मानिसहरू तर्फ जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिएको भनी प्रश्न गर्दा मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रासदी र भय मात्र हुन्छ त्यसैले तिमी मयूर जस्तो राम्रो र सुन्दर देखेर मयूरपङ्खी कछुवाको फोटो खिचेको तिमी त राजा हो राजा भन्छन् । यसरी नै यहाँ कथागत पात्रहरूको चरित्र चित्रण गरिएको छ ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएका पात्रहरू सिमसार क्षेत्रमा रहेका जलप्राणीहरू र मानवलाई प्रस्तुत गरिएको छ । कथाको सुरु देखि अन्तसम्म आउने जलमा निर्भर रहेका जलप्राणीहरू र त्यसैमा रहेको कछुवालाई मुख पात्र बनाइएको छ । मानवलाई सहायक पात्रका रूपमा यहाँ प्रस्तुत गरिएको छ । सुन कछुवा र मयूरपङ्खी कछुवामा को राजा कछुवा हो भन्ने बारेका यहाँ दुई कछुवाको विवाद यहाँ प्रस्तुत गरिएको छ । त्यसै विवादलाई टुङ्गोमा पुऱ्याउनका लागि उनीहरू मध्ये को राजा हो र कस्को फोटो खिचेको टुङ्गो लगाउनका लागि त्यस सिमसार क्षेत्र घुम्न र मनोरम दृष्यहरूको फोटो लिइरहेका मानिसहरू तर्फ जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिएको भनी प्रश्न गर्दा मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रासदी र भय मात्र हुन्छ त्यसैले हामीले तिमी मयूर जस्तो राम्रो र सुन्दर देखेर मयूरपङ्खी कछुवाको फोटो खिचेको तिमी त राजा हो राजा भन्छन् । यसरी नै यहाँ कथागत पात्रहरूको चरित्र चित्रण गरिएको छ ।

## (ग) परिवेश

यस लोककथामा सिमसार क्षेत्रमा रहेका जलप्राणीहरूको चित्रण गरिएको छ । यसमा मानव जातिले मात्र आफ्नो प्रभुत्व जमाउने होड हरेक प्राणीहरूमा पनि यस प्रकारको भाव हुन्छ भन्ने देखाउन खोजिएको छ । जसमा सुन कछुवा र मयूरपङ्खी कछुवा बिच राजा को हो त भन्ने बारेमा यहाँ दुई कछुवाको विवादलाई प्रस्तुत गरिएको छ । त्यसै विवादलाई टुङ्गोमा पुऱ्याउनका लागि उनीहरूले फोटो खिचिरहेका मानिसहरू तर्फ लाग्दछन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिइरहेका छौँ । हामी बिच को राजा हो भन्ने लडाइँ चलिरहेको छ । अब तिमीहरूले हाम्रो जिज्ञासालाई दूर गरिदिनेछौँ भनी हामी यहाँ आएका हौँ । तब मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रसित र भय मात्र हुनुपर्छ । त्यसैले तिमी मयूरपङ्खी कछुवा हेर्दैमा सुन्दर देखेर फोटो खिचेको हो र हामीले राजा पनि तिमीलाई नै मानेका छौँ । यसरी नै यस कथाको परिवेशका बारेमा चित्रण गरिएको छ ।

## (घ) भाषाशैली

यस राजा कछुवा कथामा प्रयोग भएका भाषा सरल, सरस र बोधगम्यता पनि रहेको छ । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा सुन कछुवा र मयूरपङ्खी कछुवा बिच राजा को हो त भन्ने बारेमा यहाँ देखाइएको छ । सिमसार क्षेत्रमा आएका पर्यटकहरूले तस्बिर लिइरहेको बेलामा दुई कछुवा बिचको द्वन्द्वलाई देखाइएको छ । त्यसै विवादलाई टुङ्गोमा पुऱ्याउनका लागि उनीहरू फोटो खिचिरहेका मानिसहरू तिर जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिइरहेका छौँ । हामी बिच को राजा हो भन्ने लडाइँमा छौँ लु भन अब । मानवले भनेछन् सुन कछुवा त अब के काम भयो र सबैबाट त्रसित मात्र भइन्छ । त्यसैले मयूरपङ्खी कछुवा नै राजा हो र उसैको फोटो खिचेको हो । यसरी नै यस कथामा भएका भाषाशैली सरल र बोधगम्यता रहेको छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै अज्ञानताबाट निस्किएर आधुनिकतामा लाग्नु पर्छ भनी देखाउन खोजिएको छ । मानिस त घमण्डी हुन्छन् नै तर यहाँ त जलप्राणीहरू पनि आफ्नो प्रभुत्वको लागि लडाइ गर्ने रहेछन् भनी देखाउन खोजिएको छ ।

यस कथामा सुन कछुवा र मयूरपङ्खी कछुवा बिच राजा को हो त भन्ने बारेमा यहाँ दुई कछुवा बिचको अहमतालाई देखाइएको छ । त्यस सिमसार क्षेत्रमा आएका पर्यटकीय मानवहरूले राम्रा-राम्रा दृष्यहरूको तस्बिर लिइरहेको बेलामा दुई कछुवा बिचको द्वन्द्वलाई देखाइएको छ । त्यसै विवादलाई टुङ्गोमा पुऱ्याउनका लागि उनीहरू फोटो खिचिरहेका मानिसहरू तिर जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कसको फोटो लिइरहेका छौँ । हामीहरू बिच को राजा हो भन्ने लडाइँ चलिरहेको छ । अब तिमीहरूले हाम्रो जिज्ञासाको समाधान गर्नेछौँ । तब मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रसित र भय मात्र हुनुपर्छ । त्यसैले तिमी मयूरपङ्खी कछुवा हेर्दैमा सुन्दर देखेर तिम्रो फोटो खिचेको हो र हामीले राजा पनि तिमीलाई नै मानेका छौँ । यसरी नै यस कथाको उद्देश्य साकार भएको छ ।

## (च) अभिप्राय

यस लोककथामा आएका भाषाहरू राजा, कछुवा, बेतना, सिमसार, गोहोरो, भ्यागुता, जलप्राणी, कहानी, सुन, मयूरपङ्खी, सयर, मानव, मोबाइल, क्यामरा, वासस्थान, भगवान, घमण्ड जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यस्ता शब्दहरूले कथालाई प्रस्टसँग अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् ।

यस कथामा सुन कछुवा र मयूरपङ्खी कछुवा बिच राजा को हो त भन्ने बारेमा यहाँ दुई कछुवा बिचको अहमतालाई देखाइएको छ । त्यस सिमसार क्षेत्रमा आएका पर्यटकीय मानवहरूले राम्रा-राम्रा दृष्यहरूको तस्बिर लिइरहेको बेलामा दुई कछुवा बिचको द्वन्द्वलाई देखाइएको छ । त्यसै विवादलाई टुङ्गोमा पुऱ्याउनका लागि उनीहरू फोटो खिचिरहेका मानिसहरू तिर जान्छन् । उनीहरू त्यहाँ पुगी भन्न थाल्छन् हे मानव हो तिमीहरूले कस्को फोटो लिइरहेका छौँ । हामीहरू बिच को राजा हो भन्ने लडाइँ चलिरहेको छ । अब तिमीहरूले हाम्रो जिज्ञासाको समाधान गर्नेछौँ । तब मानवले भनेछन् सुन कछुवा त अब के काम र सुन भए सबैबाट त्रसित र भय मात्र हुनुपर्छ । त्यसैले तिमी मयूरपङ्खी कछुवा हेर्दैमा सुन्दर देखेर फोटो खिचेको हो र हामीले राजा पनि तिमीलाई नै मानेका छौँ । यसरी नै यस कथाको उद्देश्य साकार भएको छ ।

# ४.३.४. सिमसार

## (क) कथावस्तु

यस कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा धनाढ्य साहु परिवारको चित्रण गरिएको छ । साहु निकै धनी हुन्छ तर उसको सन्तान नभएको धनमात्र ले के हुने रहेछ भन्ने बारेमा यस कथामा देखाइएको । साहु जतिबेला पनि अब मेरो सन्तान छैनन् यो सम्पत्ति मेरो सेखपछि कस्ले खाने हो भनी खाली चिन्तामा डुबिरहन्थ्यो । त्यसैक्रममा मनमनै अष्टमीको दिन व्रत बस्ने बिचार गऱ्यो । न भन्दै अष्टमीका दिन व्रत बस्यो र छोरा पनि जन्मियो । बुढाबुढी साह्रै खुसी भए र त्यस छोराको नामाकरण सिमसार राखे । छोरा हुने बिरुवाको चिल्लो पात भने झैँ सानै देखि अति नै चलाख थियो । हरेक कुरामा चाख लिने नयाँ काममा रुचि देखाउने नयाँ साथी बनाउने गऱ्यो । सिमसार ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो तर उसको बाआमाले पठाउन चाहेनन् । उ जिद्धी गरेर साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न जाने निधो गरिसकेको थियो । सिमसार र उसका साथीहरू दार्जिलिङ जाँदै थिए बिच बाटोमा पुग्दा एउटा मन्दिरमा सुनको देवता देखेछन् । अनि सुनसान जङ्गलमा सुनको देवता देखेपछि साथीहरूले यो सुनको देवता काटेर हामी बाँडेर यहीँबाट घर जाऔँ भनी

काटेर टुक्रा-टुक्रा पारेर भाग लगाए तर सिमसारले लिएन । यत्तिकैमा अचानक आँधिबेरी हुरीबतास चल्यो । कोही साथीहरू खोलामा डुबेर मरे भने कोही आँधिबेरी आउँदा रूखले च्यापिएर मरे तर सिमसारलाई भने केही भएन । सुनका टुक्रा सबै जोडिएर देवताको रूपमा त्यहीँ ठाउँमा प्रकट हुनुभयो । उसलाई देवताले रक्षा गर्नुभयो ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएका पात्रहरू सिमसार प्रमुख पात्र हो भने बुबाआमा सहायक पात्र र साथीहरू गौण पात्रका रूपका रहेका छन् । कथाको सुरु देखि अन्तसम्म नै पात्रगत विविधता छ । यहाँ धनी साहु साहुनी हुन्छन् तर छोरा नभएकाले चिन्तामा परी अष्टमीको व्रत बसी छोरा जन्मन्छ र उनीहरू खुसी भई त्यसको नाम सिमसार राख्छन् । सिमसार ठुलो भएपछि घरमा जिद्धी गरी साथीहरूसँग दार्जिलिङ जान्छ । बाटामा सुनसान ठाउँमा मन्दिर देख्छन् त्यस मन्दिरमा सुनको डल्ला हुन्छ र सबै साथी मिलेर त्यस सुनलाई टुक्रा पारी भाग लगाउँछन् तर सिमसारले त्यो मान्दैन र लिँदैन पनि । त्यसै बखत ठुलो आँधिबेरी हुरीबतास चल्छ र उसका सबै साथीहरू मर्छन् तर सिमसार सुन नलिएकाले बाच्छ । ती सबै सुन पुनः एकढिक्क हुन्छ र मन्दिरमा जान्छ । यसरी सिमसार सकुशल घरआइ खुसीसाथ बस्छ । यसले गर्दा कथाको पात्र तथा चरित्रमा पनि सार्थ छ ।

## (ग) परिवेश

यस लोककथा सामाजिक परिवेशको चित्रण गरिएको छ । यहाँ एक धनी साहु र साहुनी हुन्छन् । उनीहरूसँग सम्पत्ति भए पनि छोराछोरी नभएकाले चिन्तामा परी अष्टमीको व्रत बसी छोरा जन्मन्छ र उनीहरू खुसी भई त्यस छोराको नाम सिमसार राख्छन् । छोरा हुने बिरुवाको चिल्लो पात भने झैं सानै देखि अति नै चलाख थियो । हरेक कुरामा चाख लिने नयाँ काममा रुचि देखाउने नयाँ साथी बनाउने गऱ्यो । सिमसार ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो तर उसको बाआमाले पठाउन चाहेनन् । उ जिद्धी गरेर साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न गइनै हाल्यो । सिमसार र उसका साथीहरू दार्जिलिङ जाँदै थिए बिच बाटोमा पुग्दा एउटा मन्दिरमा सुनको देवता देखेछन् । अनि सुनसान जङ्गलमा सुनको देवता देखेपछि साथीहरूले यो सुनको देवता काटेर हामी बाँडेर यहीँबाट घर जाऊँ भनी काटेर टुक्रा-टुक्रा पारेर भाग लगाए तर सिमसारले लिएन । यत्तिकैमा अचानक आँधिबेरी हुरीबतास चल्यो । कोही साथीहरू खोलामा डुबेर मरे भने कोही आँधिबेरी आउँदा रूखले च्यापिएर मरे तर सिमसारलाई भने केही भएन । सुनका टुक्रा सबै जोडिएर देवताको रूपमा त्यहीँ ठाउँमा प्रकट हुनुभयो । उसलाई देवताले रक्षा गर्नुभयो । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ ।

## (घ) भाषाशैली

यस सिमसार लोककथामा प्रयोग भएका भाषा सरल, सरस र सजिलै बुझ्न सकिने खालका शब्दहरू प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट पाउन सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा गाउँले परिवेशमा प्रयोग हुने शब्दहरूलाई प्राथमिकता दिइएको छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै गाउँघरमा हुने सामाजिक र सांस्कृतिक परम्परा र छोराछोरी नहुँदाको पीडालाई देखाइएको छ । सम्पत्ति मात्र भएर नहुने रहेछ छोराछोरी पनि चाहिने रहेछ भन्ने यस कथाको प्रमुख उद्देश्य रहेको छ । यहाँ एक धनी साहु साहुनीले अष्टमीको व्रत बसी छोरा जन्मन्छ र उनीहरू खुसी भई त्यसको नाम सिमसार राख्छन् । तर छोरा ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो यता उसको बाआमा धेरै चिन्तित भए । तर पनि उ साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न गएरै छाड्यो । बाटामा सुनसान ठाउँमा मन्दिर देख्छन् त्यस मन्दिरमा सुनको डल्ला हुन्छ र सबै साथी मिलेर त्यस सुनलाई टुक्रा पारी भाग लगाउँछन् तर सिमसारले त्यो मान्दैन र लिँदैन पनि । त्यसै बखत ठुलो आँधिबेरी हुरीबतास चल्छ र उसका सबै साथीहरू मर्छन् तर सिमसार सुन नलिएकाले बाच्छ । ती सबै सुन पुनः एकढिक्क हुन्छ र मन्दिरमा जान्छ । यसरी सिमसार सकुशल घरआइ खुसीसाथ बस्छ । यसरी यस कथाको उद्देश्य पनि सार्थक भएको छ ।

## (च) अभिप्राय

यस सिमसार लोककथामा आएका भाषाहरू धनाढ्य, सम्पत्ति, शेष, अष्टमी, व्रत, जिद्धी, दार्जिलिङ, शोक र सन्ताप, रक्षा जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यस्ता शब्दहरूले कथालाई प्रस्टसँग अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् । यहाँ एक धनी साहु साहुनीले अष्टमीको व्रत बसी छोरा जन्मन्छ र उनीहरू खुसी भई त्यसको नाम सिमसार राख्छन् । तर छोरा ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो यता उसको बाआमा धेरै चिन्तित भए । तर पनि उ साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न गएरै छाड्यो । बाटामा सुनसान ठाउँमा मन्दिर देख्छन् त्यस मन्दिरमा सुनको डल्ला हुन्छ र सबै साथी मिलेर त्यस सुनलाई टुक्रा पारी भाग लगाउँछन् तर सिमसारले त्यो मान्दैन र लिँदैन पनि । त्यसै बखत ठुलो आँधिबेरी हुरीबतास चल्छ र उसका सबै साथीहरू मर्छन् तर सिमसार सुन नलिएकाले बाच्छ । ती सबै सुन

पुनः एकढिक्क हुन्छ र मन्दिरमा जान्छ । यसरी सिमसार सकुशल घरआइ खुसीसाथ बस्छ । यसरी यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको छ ।

## ४.३.५. सौतिनी आमा

### (क) कथावस्तु

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । यस कथाले हरेक सवालहरूको बौद्धिक तवरले समाधान गर्न सकिने तर्क राख्दै मुख्य रूपमा मनोरञ्जन तथा सामाजिक नैतिक सन्देश दिने उद्देश्य राखेको छ । यस कथामा आएका सौतिनी आमा, बहिनी, दिदी, बाख्रा जस्ता पात्रहरूले नेपालको प्राचीनतालाई चित्रण गर्दछ । यस कथा लोकमा प्रचलित पात्रहरूको प्रयोग भएको पाइन्छ ।

### (ख) पात्र

प्रस्तुत कथामा दिदीबहिनी, सौतिनी आमा र बाख्रा जस्ता पात्रहरू यसकथामा आएका छन् । कथाको घटनाक्रममा सुरुदेखि अन्त्यसम्म दिदी प्रमुख पात्रको रूपमा देखिएकी छिन् । प्रमुख पात्रको भूमिकालाई निरन्तरता दिन सौतिनी आमा यस कथामा सहायक पात्रको रूपमा देखिएकी छिन् । घटनाक्रमका प्रसङ्ग अनुसार बाख्रा र बहिनी यस कथामा गौण पात्रका रूपमा देखिएका छन् । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ ।

### (ग) परिवेश

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको बारेमा उल्लेख गरिएको छ । यसले गर्दा यस कथाको परिवेश सार्थक रहेको पाइन्छ । त्यसैले यस कथाको परिवेशमा लौकिक तथा सामाजिक जनजीवन रहेको छ ।

### (घ) भाषाशैली

यस सौतिनी आमा कथामा प्रयोग भएका भाषा सरल र सजिलै बुझ्न सकिने खालका शब्दहरूको प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट मान्न सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोगका साथै कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यसले गर्दा यसको भाषा शैली सरल र बोधगम्यता रहेको पनि पाइन्छ । यस कथामा लोकमा प्रचलित भाषामा ग्रामीण शब्दावलीहरूको प्रयोग तथा त्यहाँको स्थानीय समुदायको बोलचाल र चलनचल्तीमा रहेको हुँदा सरल भाषा शैलीको प्रयोग भएको छ ।

## (ङ) उद्देश्य

यस कथा आकारगत रूपमा सानो भएता पनि कथावस्तुको घटनाक्रमले तत्कालीन परिवेशलाई बुझाउँदै बुद्धिको उपयोगले नै कुनै पनि कठिनाइलाई समाधान गर्न सकिन्छ भन्ने देखाइएको छ । साथै धेरै लोभ गरेमा झन् बढी नोक्सानी हुने सन्देश दिन खोजिएको छ । त्यसैले यस कथा मार्फत उद्देश्यको पनि सार्थकता दिइएको हुँनाले उद्देश्य पूर्ण भएको देखिन्छ ।

## (च) अभिप्राय

यस सौतिनी आमा कथामा प्रयोग भएका भाषाहरू सौतिनी, मीठो-मीठो, जङ्गल, भाग्य, रुमलिन, कौतुहलता, जीवजन्तु, खोर, अचम्म आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ । यस कथाले हरेक सवालहरूको बौद्धिक तवरले समाधान गर्न सकिने तर्क राख्दै मुख्य रूपमा मनोरञ्जन तथा सामाजिक नैतिक सन्देश दिने उद्देश्य राखेको छ । कथामा आएका सौतिनी आमा, बहिनी, दिदी, बाख्रा जस्ता पात्रहरूले नेपालको प्राचीनतालाई चित्रण गर्दछ । यस कथामा लोकमा प्रचलित पात्रहरूको प्रयोग भएको छ । कथाको भाषाशैलीमा कृत्रिमता नभई स्थानीय कथ्य भाषा भएकाले व्याकरण र उच्चारणमा त्रुटि भए तापनि सजिलैसँग बुझिने भएकाले सरल रहेको छ ।

# ४.३.६. आगो र एकता

## (क) कथावस्तु

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । मिहिनेती किसान परिवारका बारेमा कथामा प्रस्तुत गरिएको छ । उसका चारजना छोराहरू थिए । सबै मिलीजुली खेतीपाती गरिरहेका छन् । एक दिन खेतको मुसुरी बालीमा आगो लाग्छ र परिवारका सबै सदस्यहरू मिलेर निधाउँछन् । समय बित्दै जाँदा बाआमाको मृत्यु हुन्छ र बाआमाको काम सकी चारै दाजुभाइ छुट्टिएर बस्छन् । एक आपसमा मनमुटाब मात्र हुन्छ । सहयोगी भावना पटक्कै हुँदैन । त्यसै क्रममा एक दिन ठुलो दाजुको गोठबाट आगो सल्किन्छ । उसले आगो निभाउन हारगुहार गर्छ तर मेरोमा त होइन भनी कुनै भाइहरूले पनि सहयोग गर्दैनन् । हेर्दा हेर्दै दाजुको घर पूर्ण रूपमा नष्ट हुन्छ ।

त्यसैगरी माइलो दाजुकोमा पनि आगो सल्कन थाल्छ । त्यहाँ पनि अरू भाइहरूले सहयोग गर्दैनन् । यसरी उसको घर पनि नष्ट हुन्छ । त्यसैगरी कान्छो भाइकोमा पनि आगो

सल्कन थाल्छ । उसकोमा पनि कोही सहयोग गर्न जाँदैनन् तब जेठो दाजु आएर कान्छोको मात्र बचो भने पनि हामी बस्न पाउनेछौँ त्यसैले सबै मिलेर आगो निभाउनु पर्छ भनेपछि सबै मिलेर आगो निभाउन सफल हुन्छन् । यसरी नै फेरी सबै दाजुभाइको एकता हुन्छ । कमसेकम अन्तिम समयमा लिएको समझदार पूर्ण निर्णयले उनीहरूले आफू बस्ने सानो छाप्रो जोगाउन सके ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएका पात्रहरू नन्दलाल प्रमुख पात्र हो भने श्रीमती र छोराबुहारी सहायक पात्रका रूपका रहेका छन् । कथाको सुरु देखि अन्तसम्म नै पात्रगत विविधता छ । यहाँ बुबाआमा हुन्जेल सबै छोराबुहारी मिलेर बसेको । केही पर्दा पनि तुरुन्तै गरिहाल्ने देखिएको छ । तर जब बुबाआमाको मृत्यु हुन्छ अनि चारै दाजुभाइ अलग-अलग बसे तर पनि पानी एउटै मात्र इनार भएकाले सधैँ त्यसमा कलह मात्र भइरहने । त्यसकरणले गर्दा त्यस इनारलाई पनि पुरी दिएर गाउँको टुबेलबाट पानी ल्याउन थाले त्यो पनि टाढा र धरै भिडभएकाले दुःख पनि पाए । समय बित्तै जाँदा ती दाजुभाइकोमा आगो लाग्नथाल्छ मेरोमा त हैन भनी एकले अर्कोलाई सहयोग गर्दैन आगो भने एकपछि अर्को गर्दै सबैकोमा पुग्छ । कान्छो भाइकोमा पुगेपछि जेठो दाजुले अब यसरी भएन भनी सबै भाइहरूलाई सहयोग मागी एउटा भए पनि त बास हुन्छ भनेर पर गाउँको टुबेलबाट सबै दाजुभाइ र बुहारीहरू मिलेर निभाउँछन् । यसरी नै पुनः सबैमा एकता कायम रहन्छ । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ ।

## (ग) परिवेश

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । त्यो परिवार निकै मिहिनेती किसान परिवारका रूपमा यस कथामा प्रस्तुत गरिएको छ । जसमा नन्दलाल प्रमुख पात्र हो भने श्रीमती र छोराबुहारी सहायक पात्रका रूपका चित्रण गरिएको छ । कथाको सुरु देखि अन्तसम्म नै पात्रगत विविधता र गाउँले परिवेशको सफा चित्र कोरिएको छ । यहाँ बुबाआमा हुन्जेल सबै छोराबुहारी मिलेर बसेको देखिन्छ भने बाआमाको मृत्यु पश्चात् चारै दाजुभाइ अलग-अलग भएर बसेको हाम्रो सामाजिक परम्परालाई यहाँ प्रस्तुत गरिएको छ । यस लोककथामा दाजुभाइ बिच सम्पत्तिका नाममा हुने झैँ-झगडा र मनमुटाबका बारेमा देखाइएको छ । कथाको अन्तमा चारै दाजुभाइकोमा आगो लागेको र आगो निभाउन सहयोग एकले अर्कालाई माग्दा नगरेको पछि जेठो दाजुले अब यसरी भएन भनी सबै भाइहरूलाई सहयोग मागी एउटा भए पनि त बासबस्न हुन्छ भनेर पर गाउँको टुबेलबाट सबै दाजुभाइ र बुहारीहरू मिलेर आगो निभाउँछन् । यसरी नै पुनः सबैमा एकता कायम रहन्छ । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ ।

## (घ) भाषाशैली

यस आगो र एकता लोककथामा प्रयोग भएका भाषा सरल, सरस र सजिलै बुझ्न सकिने खालका शब्दहरू प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यसकथा उत्कृष्ट पाउन सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोगका साथै कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा गाउँले परिवेशमा प्रयोग हुने शब्दहरूलाई प्राथमिकता दिइएको छ । बुबाआमा हुन्जेल सबै छोराबुहारी मिलेर बसेको । तर बुबाआमाको मृत्युपछि चारै दाजुभाइ अलग-अलग बस्न थालेको तर पानी खाने इनार एउटै भएकाले सधैँ त्यसमा कलह मात्र भइरहने जस्ता कुरा देखाइएको छ । पछि समय बित्तै जाँदा तिनीहरूको घरमा आगो लागेको र एकले अर्कालाई सहयोग माग्दा नगरेको पछि कान्छो भाइकोमा आगो पुगेपछि जेठो दाजुले अब यसरी भएन भनी सबै भाइहरूलाई सहयोग मागी एउटा भए पनि त बास हुन्छ भनेर पर गाउँको टुबेलबाट सबै दाजुभाइ र बुहारीहरू मिलेर निभाउँछन् । यसरी नै पुनः सबैमा एकता कायम हुन्छ । यसरी नै यस कथामा भएका भाषा शैली सरल र बोधगम्यता रहेको छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै गाउँघरमा बुबाआमापछि दाजुभाइ र भाउजू बुहारीहरूमा हुने सम्पत्तिको कलह र झैं-झगडाका बारेमा प्रस्तुत गरिएको छ । आमाबुबा हुँदा सबै मिलीजुली रहने तर बाआमाको सेखपछि त्यसमा परिवर्तन आई कसले बढी अंश पाउने भन्ने बारेमा गाउँघरमा हुँदै आएको परिस्थिति र बाध्यताका बारेमा प्रस्तुत कथा मार्फत देखाउन खोजिएको छ । यस कथाको मूल उद्देश्य भनेकै समाज र घरपरिवारमा एकता र भाइचाराको सह अस्तित्व सधैँ भरी रही रहोस् सबैमा एकता कायम भइरहोस् भन्ने नै हो ।

त्यसैले यहाँ बुबाआमा हुन्जेल सबै छोराबुहारी मिलेर बसेको । तर बुबाआमाको मृत्युपछि चारै दाजुभाइ अलग-अलग बस्न थालेको तर पानी खाने इनार एउटै भएकाले सधैँ त्यसमा कलह मात्र भइरहने । त्यसकरणले गर्दा इनारलाई पनि पुरी दिएर गाउँको टुबेलबाट पानी ल्याएर खान थालेका त्यो पनि धरै भिड हुने गरेकाले दुःख पाएको देखाइएको छ । कथाको अन्तमा चारै दाजुभाइकोमा आगो लागेको र आगो निभाउन सहयोग एकले अर्कालाई माग्दा नगरेको पछि जेठो दाजुले अब यसरी भएन भनी सबै भाइहरूलाई सहयोग मागी एउटा भए पनि त बासबस्न हुन्छ भनेर पर गाउँको टुबेलबाट सबै दाजुभाइ र बुहारीहरू मिलेर आगो निभाउँछन् । यसरी नै पुनः सबैमा एकता कायम रहन्छ । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ ।

## (च) अभिप्राय

यस आगो र एकता लोककथामा आएका भाषाहरू एकता, डिपु, मेहनती, अचानक, सामूहिक, अन्न, भोकमरी, छाप्रा, धुवाँ, विरासत, टुबेल जस्ता शब्दहरूको प्रयोग यस कथामा गरिएको छ । यस्ता शब्दहरूले कथालाई प्रस्टसँग अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् । तसर्थ बुबाआमा हुन्जेल सबै छोराबुहारी मिलेर बसेको । तर बुबाआमाको मृत्युपछि चारै दाजुभाइ अलग-अलग बस्न थालेको तर पानी खाने इनार एउटै भएकाले सधैँ त्यसमा कलह मात्र भइरहने जस्ता कुरा देखाइएको छ । पछि समय बित्तै जाँदा तिनीहरूको घरमा आगो लागेको र एकले अर्कालाई सहयोग माग्दा नरेको पछि कान्छो भाइकोमा आगो पुगेपछि जेठो दाजुले अब यसरी भएन भनी सबै भाइहरूलाई सहयोग मागी एउटा भए पनि त बास हुन्छ भनेर पर गाउँको टुबेलबाट सबै दाजुभाइ र बुहारीहरू मिलेर निभाउँछन् । यसरी नै पुनः सबैमा एकता कायम हुन्छ । त्यसैले यस कथा मार्फत सबै मिलेर बस्नुपर्ने र एकताबद्ध भएर काम गरे सधैँ सफल र राम्रो हुने यस आगो र एकता कथा मार्फत सन्देश दिन खोजिएको छ ।

## ४.३.७. दाजुभाइको कथा

## (क) कथावस्तु

यस कथा पारिवारिक लोककथा अन्तर्गत पर्दछ । यस लोककथामा दाजुभाइका बाआमा सानैमा मरेका र एउटी बहिनी सानै रहिछन् । छ जना दाजुभाइले धेरै दुःख कष्टका साथ ती बहिनीको पालन पोषण गरिरहेका थिए । यसैक्रममा ती दाजुभाइहरूले बिहे गरे । बिहे गरेपछि घरमा जनसङ्ख्या धेरै भयो र उनीहरूलाई खान अपुग हुन थाल्यो । त्यहीँ भएर ती दाजुभाइहरू पैसा कनाउनका लागि विदेश जान तयार भए । एउटी बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश लागेछन् । दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिए र घरका सबै काम पनि लगाए । जङ्गलमा गएर घाँस दाउरा पनि ल्याउन लगाए । उ सानै भएकाले रुँदै दुःख मान्दै काम लुरुलुरु गरिरही । कान्छी भाउजूले भने केही सहयोग गर्ने गरेकी रहिछन् । त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई रूख चढी सिमलका भुवा टिपी । तर रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । त्यसैक्रममा दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबैकुरा थाहा पाएपछि भोलि बिहान बहिनीलाई लिएर घर जान्छन् । बहिनीलाई साथमा लिएर घरआइ आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट समेत निकाली दिए तर कान्छी भाउजूले भने केही राम्रो गरेकाले उसलाई घरबाट ननिकाली आफैसँग राखे । यसरी नै यस कथा सार्थक रहेको छ ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएका पात्रहरू दाजुभाइ प्रमुख पात्रका रूपमा रहेका छन् । बहिनी र भाउजूहरू सहायक पात्र हुन् भने बाआमा गौण पात्र रहेका छन् । छ दाजुभाइका सानी एक मात्र बहिनी हुन्छिन् । बाआमा सानैमा मरेका हुन्छन् । दाजुभाइले बिहे गरेपछि घरमा जनसङ्ख्या धेरै भयो र उनीहरूलाई खान अपुग हुन थाल्यो । बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश लागेछन् । दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिई घरका सबै काम लगाउँछन् । उ सानै भएकाले रुँदै भए पनि ती सबै काम लुरुलुरु गर्नुपऱ्यो ।

त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई सिमलका भुवा टिपी रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबैकुरा थाहा पाएपछि बहिनीलाई घर ल्याई आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट निकाल्छन् तर कान्छी भाउजूलाई निकाल्दैनन् । त्यसपछि सबैजना मिलिमिली बस्छन् । यसले गर्दा यस कथाको पात्र तथा चरित्र सिद्ध भएको पाइन्छ ।

## (ग) परिवेश

यस पारिवारिक लोककथाको रूपमा रहेको छ । दाजुभाइले बिहे गरेपछि घरमा मान्छेको सङ्ख्या धेरै हुन्छ र खान अपुग हुन थाल्छ । त्यहीँ भएर बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश जान्छन् । दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिई घरका सबै काम लगाउँछन् । उ सानै भएकाले रुँदै भए पनि ती सबै काम लुरुलुरु गर्नुपऱ्यो । त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई सिमलका भुवा टिपी रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबैकुरा थाहा पाएपछि बहिनीलाई घर ल्याई आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट निकाल्छन् तर कान्छी भाउजूलाई निकाल्दैनन् । त्यसपछि सबैजना मिलिमिली बस्छन् । यसले गर्दा यस कथाको पात्रगत परिवेशलाई सार्थकता दिएको पाइन्छ ।

## (घ) भाषाशैली

यस दाजुभाइको कथामा प्रयोग भएका भाषा सरल, सरस र सजिलै बुझ्न सकिने खालका शब्दहरूको चयन गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट र बोधगम्यता पाउन सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । जसले गर्दा कथा पढ्दा पढौँपढौँ लागिरहने छ । कहीँ कतै पनि अप्ठ्यारा शब्दहरूको प्रयोग गरिएको छैन । यस कथामा गाउँले पारिवारिक परिवेशको प्रयोग हुने शब्दहरूलाई प्राथमिकता दिइएको छ । त्यसैले यस दाजुभाइको कथा भाषा र शैलीका आधारमा उत्कृष्ट पाइन्छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै गाउँघरमा हुने सामाजिक र पारिवारिक संस्कार र परम्पराको बारेमा यहाँ प्रकाश पारिएको छ । दाजुभाइले बिहे गरेपछि घरमा मान्छेको सङ्ख्या धेरै हुन्छ र खान अपुग हुन थाल्छ । त्यहीँ भएर बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश जान्छन् । दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिई घरका सबै काम लगाउँछन् । उ सानै भएकाले रुँदै भए पनि ती सबै काम लुरुलुरु गर्नुपऱ्यो । त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई सिमलका भुवा टिपी रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबैकुरा थाहा पाएपछि बहिनीलाई घर ल्याई आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट निकाल्छन् तर कान्छी भाउजूलाई निकाल्दैनन् । त्यसपछि सबैजना मिलिमिली बस्छन् । यसरी यस कथाको उद्देश्य पनि सार्थक भएको छ ।

## (च) अभिप्राय

यस लोककथामा प्रस्तुत भएको पारिवारिक रूपमा गाउँले परिवेशलाई चित्रण गरिएको छ । छ दाजुभाइकी एक मात्र सानी बहिनी हुन्छिन् । बाआमा सानैमा मरेका हुन्छन् र दाजुभाइले बिहे गरेपछि घरमा जनसङ्ख्या धेरै भयो र उनीहरूलाई खान अपुग हुन थाल्यो । बहिनीको राम्रो हेरचाह गर्न आफ्ना स्वास्नीहरूलाई लगाई विदेश लागेछन् ।

दाजुहरू गएपछि भाउजूहरूले निकै दुःख दिई घरका सबै काम लगाउँछन् । उ सानै भएकाले रुँदै भए पनि ती सबै काम लुरुलुरु गर्नुपऱ्यो । त्यहीँ क्रममा एकदिन जङ्गलमा सिमलको भुवा लिन पठाए र उ जङ्गल गई सिमलका भुवा टिपी रूखबाट ओर्लन नसकी त्यहीँ बसिरही । दाजुहरू पनि पैसा कमाएर घर आउँदै गर्दा रात परेपछि त्यसै रूखको

फेदमा बास बस्छन् । बहिनीको आँसु तल बसेका दाजुहरूलाई लाग्छ र हेर्दा बहिनी रहिछ । तल ओराली सबै कुरा थाहा पाएपछि बहिनीलाई साथमा लिएर घर आई आफ्ना स्वास्नीहरूलाई गालिगरी घरबाट निकाल्छन् तर कान्छी भाउजूलाई निकाल्दैनन् । त्यसपछि सबैजना मिलिमिली बस्छन् । यसले गर्दा यस कथाको पात्र तथा चरित्र सिद्ध भएको छ । यसरी यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको छ ।

## ४.३.८. टुहुरो

### (क) कथावस्तु

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको चित्रण गरिएको छ । संयोगान्तमा पूर्ण र सबैसँग मित्रता गाँस्दा राम्रो हुने विषयवस्तु भएको यस कथामा एउटा सिकारीले टुहुरो केटोलाई पाली सिकार खेल्न सिकाउँछ । केटो बन्दुक बोकी अन्यत्र हिँड्छ । बाटामा भटमास, सियो र बाघ भेटिन्छन् र उसँग मित्रता गाँसी उसकै पछि-पछि लाग्दछन् र सबै मित्रले मिलेर एउटा गाउँमा दुःख दिइरहेकी राक्षसनी बूढीलाई मार्छन् । बूढीको सम्पत्ति गाउँलेहरूले केटालाई नै दिन्छन् र सबै सुखपूर्वक बस्छन् । प्रस्तुत कथामा दुष्टतालाई नास गर्नुपर्छ भन्ने उल्लेख गर्दै टुहुरो केटाले सामान्य वस्तुसँग मित्रता गाँस्दा उ लगायत सबैलाई फाइदा हुन पुगेको विषयलाई प्रस्तुत गरिएको छ ।

### (ख) पात्र

यस लोककथामा प्रस्तुत भएको प्रमुख पात्र टुहुरोलाई लिन सकिन्छ किनभने सुरुदेखि अन्त्यसम्म उसको भूमिका मुख्य छ । उसँग भेट भएका भटमास, सियो, बन्दुक र बाघ सबै सहायक पात्रको रूपमा देखापर्दछन् । राक्षसनी खलपात्र हो भने गाउँलेहरू गौण पात्र हुन् । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ ।

### (ग) परिवेश

यस लोककथा सामाजिक गाउँले र गरिब परिवारको बारेमा उल्लेख गरिएको छ । यसले गर्दा यस कथाको परिवेश सार्थक रहेको पाइन्छ । यसको परिवेश एउटा दन्त्यकथामा पाइने खालको मान्न सकिन्छ । कथाकारको कल्पनाले गर्दा ढुङ्गा, माटो, जीवजन्तु, भटमास, राक्षस, मानिस सबै एक-आपसमा कुरा गर्न सक्ने यस समाजमा पाउन सकिन्न । तसर्थ यसलाई सामाजिक परिवेश भित्र राख्न सकिन्न । यसको स्थिति गाउँले भए पनि घटना भने अलौकिक रहेको छ । भटमास, बन्दुक, बाघ र सियोले मित्रता गाँसी टुहुरोलाई मद्दत गरी राक्षसनी मार्नु यसको बलियो पक्ष हो ।

## (घ) भाषाशैली

यस टुहुरो कथामा प्रयोग भएका भाषा सरल र सजिलै बुझ्न सकिने खालका शब्दहरूको प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट मान्न छ । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा ब्रह्माण्डको सृष्टिका बारेमा सरल रूपमा चित्रण गरी सरल र बुझिने शब्दहरूलाई मात्र प्राथमिकतामा राखिएको छ । यसले गर्दा यसको भाषा र शैली सरल र बोधगम्यता रहेको पनि पाइन्छ । परेको बखत, भिजेको भटमास, ढिप्पी गरे, सँघार बस्यो जस्ता सरल शब्द प्रयोग भएका संवाद यस कथामा पाउन सकिन्छ ।

## (ङ) उद्देश्य

कुनै पनि वस्तुलाई घृणा नगरी साथमा साथ लिइयो भने टुहुराका पनि दिन राम्रा हुन्छन् भन्ने ज्ञान दिँदै मिलनसार भए पशुपक्षी र निर्जीव पदार्थले समेत साथ दिएको यस कथामा दर्साइएको छ । अरूको दुःखलाई नष्ट गर्ने उपाय गरी समाजलाई भयरहित तुल्याएर सामाजिक व्यक्ति बन्ने सन्देश उक्त कथाले दिएको छ । त्यसैले यस कथा मार्फत उद्देश्यको पनि सार्थकता दिइएको हुँनाले उद्देश्य पूर्ण भएको देखिन्छ ।

## (च) अभिप्राय

यस टुहुरो कथामा प्रयोग भएका भाषाहरू टुहुरा, सिकारी, दयालु, सिकार, हुल, मद्दत, जथाभाबी, आँगन, धन-सम्पत्ति आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ । कथाकारको कल्पनाले गर्दा ढुङ्गा, माटो, जीवजन्तु, भटमास, राक्षस, मानिस सबै एक-आपसमा कुरा गर्न सक्ने यस समाजमा पाउन सकिन्न । तसर्थ यसलाई सामाजिक परिवेश भित्र राख्न सकिन्न । यसको स्थिति गाउँले भए पनि घटना भने अलौकिक छ । भटमास, बन्दुक, बाघ र सियोले मित्रता गाँसी टुहुरोलाई मद्दत गरी राक्षसनी मार्नु यसको बलियो पक्ष हो ।

## ४.४. भूतसम्बन्धी लोककथा

### ४.४.१. भूतको रूख

### (क) कथावस्तु

यो कथा सामाजिक लोककथा अन्तर्गत पर्दछ । यस कथामा एउटा गरिब परिवारको चित्रण गरिएको छ । यसमा भूतलाई विषय बनाएर गाउँनै आतङ्कीत र नयाँ आएका परिवारलाई त झनै मर्माहत तुल्याएको छ । घर गाउँमा भएपछि उनीहरूको मुख्य पेसा भनेकै कृषि र पशुपालन हुने रहेछ । काम नगरे खानका लागि समस्या रहने चर्को गर्मी होस् या सितले छपक्क ढाकेको जाडो होस् । बिहान उठेदेखि बेलुका नसुतुन्जेल सम्म काम गर्नै पर्‍यो । त्यस माथि सामान्य परिवार भएकाले यो त झनै नियति भनौँ या बाध्यता नै भनौँ । जे जस्तो भएता पनि दिन क्रमिक रूपमा बित्दै गइरहेको थियो नै ।

समय बित्तै थियो मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने भएकाले समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैँ हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । जुनको उज्यालोले ढाक्दै गयो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही छैन । मनमा चिसो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

### (ख) पात्र

यस लोककथामा प्रस्तुत भएका सबै मानवीय पात्रहरू हुन् । कथाको सुरु देखि अन्तसम्म आउने गाउँले गरिब परिवारलाई प्रमुख पात्र बनाइएको छ । स्वास्नी प्रमुख पात्रका रूपमा रहेकी छन् । भने लोग्ने, आमा र बुढो मान्छे सहायक पात्रको रूपमा छन् । तराईको गाउँले परिवेश र साधारण परिवारको चित्रण गरिएको छ ।

घर र हाम्रो खेत एक किलोमिटर पर खोलाको नजिकै पर्‍यो । खेत जानका लागि बिचमा नहर थियो नहरमा सानो काठे पुल पनि हालिएको थियो । त्यस क्षेत्रको सिँचाइ भनेकै सोही नहरको पानी थियो । दुई जोइपोइ निकै मेहनत गर्ने भएकाले नै होला खेतमा अबेरसम्म काम गरी घर फर्कने गरिन्थ्यो । यसै गाउँमा धेरै पहिलेबाट बसोबास गर्दै आउनु भएको आमाले भन्नु हुन्थ्यो– 'नानी तपाइँहरू धेरै मिहिनेती हुनुहुँदो रहेछ काम पनि धेरै

गर्ने तर तपाईंहरूको खेत पर खोलाको नजिकै पर्दछ । त्यस स्थानमा त भूतको बास छ भन्ने गरेको छ कतिले त साँझ पर्नासाथ देखा परेको छ भन्ने गरेका छन् होस गर्नुस् है ?' भनी हामीलाई भन्ने गर्नुहुन्थ्यो तर हामी हा..... के को भूत नसुत नि हामी त त्यस्तो कुरामा विश्वास गर्दैनौं । समय बित्तै थियो मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने भएकाले समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैं हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही छैन । मनमा चिसो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

## (ग) परिवेश

यस लोककथाले धेरै ग्रामीण र गरिबीको चित्रण गरिएको छ । यसमा समसामयिक गाउँले परिवेशको चित्रण गरिएको छ । गाउँमा नयाँ र सोझासाझा दम्पतीहरूका बारेमा यहाँ प्रस्तुत गरिएको छ । उनीहरू निकै मिहिनेत र लगनशील पत्रका रूपमा परिचित छन् । उनीहरूको खेत खोलाको नजिकै रहेको र त्यहाँ पुग्न नहर समेत तरेर जानुपर्ने एकान्त स्थानमा रहेकाले भूत प्रेतको भय रहेको देखाइएको छ ।

## (घ) भाषाशैली

यस कथामा प्रयोग भएका भाषा सरल, सरस, कृलिष्ठ गाउँले नेपाली भाषाको नै प्रयोग गरिएको छ । कहीँ कतै गाउँले परिवेशका शब्दहरू प्रयोग भएता पनि सबै भाषा शैली सरल र बोधगाम्यता नै छन् । गाउँघरमा हुने गरेका कुसंस्कार र कुप्रथाबाट अझ पनि समुदाय ग्रस्त नै रहेको छ । मानोकल्पीत भूतबाट अझै मानिसहरू कतिको त्रासमा हुँदा रहेछन् भन्ने देखाइएको छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य भनेकै अज्ञानताबाट निस्किएर आधुनिकतामा लाग्नुपर्छ भनी देखाउन खोजिएको छ । मङ्सिर महिनाको व्यस्त समयमा खेतीपाती भित्र्याउने र लगाउने निकै चटारो परेको अवस्थालाई पात्रगत रूपमा चित्रण गरिएको छ । धान काट्ने र बिटा लगाउनु पर्ने व्यस्तताले गर्दा समय बितेको पत्तै नहुने र धान काट्दा काट्दै झमक्क साँझ भैं हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । बाले भनेको

रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही पनि छैन । मनमा चिसो सो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख । यसरी यस भूतको रूख कथाबाट ग्रामीण परिवेशमा हुने कुरीति र पछ्यौंटे पनलाई प्रस्तुत गरिएको छ ।

## (च) अभिप्राय

यस लोककथामा आएका भाषाहरू छपक्क, नियति, काठेपुल, सिँचाइ, जोइपोइ, छाया, झमक्क, सर्ल्याङ्ग, मुर्छा जस्ता शब्द तथा शब्दावलीहरू अभिप्रायको रूपमा आएका छन् र यिनले कथामा विशेष अर्थ प्रदान गर्न सहयोग पुऱ्याएका छन् । मिहिनेत र कर्मनिष्ठ दुई दम्पतीहरूलाई आधार बनाएर कथा प्रस्तुत गरिएको छ । मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैं हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही छैन । मनमा चिसो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै मानिसहरू भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

# ४.५. सृष्टिसम्बन्धी लोककथा

## ४.५.१. ब्रह्माकको सृष्टि

## (क) कथावस्तु

यो कथा धार्मिक तथा पौराणिक लोककथा अन्तर्गत पर्दछ । सृष्टि समयमा पृथ्वी, मानव शून्य अवस्थामा रहँदा भगवान, ब्रह्मा, विष्णु र महादेवको बैठक स्वर्गमा बसेछ । देवगणको सल्लाह बमोजिम ब्रह्माले सबै सूक्ष्म जीव देखि ठुला-ठुला जनावर हात्ती, गैंडा, बाघ, भालु सबै खाले जीव जन्तुहरूको सृष्टि गर्नुभएछ । एक दिन विष्णु र लक्ष्मी पृथ्वीमा घुम्दै गर्दा एक घना जङ्गलमा एउटा घाइते हात्ती ठुलो वृक्ष मुनी लडिरहेको देखेछन् । हात्तीका दुवै खुट्टामा बाघले आक्रमण गरेर घाइते बनाइ दिएको रहेछ । घाइते हात्तीको खुट्टामा किरा परेर हिँड्न नसक्ने भएपछि वृक्ष मुनी नै मृत्युसँग लडिरहेछ । त्यसपछि विष्णु र लक्ष्मीले यो भएन अब मानिसको पनि सृष्टि गर्न भन्नु भएछ अनि मानिस सृष्टि भएसँगै

आफ्ना गतिविधिहरू सञ्चालन गर्ने क्रममा यताउता हिड्डुल गर्न थाले तब उसले त्यो दुःखी हात्तीलाई देखेर मानिसमा दया पलाएर आयो । अनि मानिसले जङ्गलमा पाइने सबै प्रकारका जडीबुटीको प्रयोग गरी हात्तीलाई उपचार गरी निको पारे । त्यसैले सृष्टि क्रममा सबैको समान महत्त्व रहने रहेछ भनेर सबै देवीदेवताहरूले खुसीले उत्सव मनाउनु थाले ।

## (ख) पात्र

यस लोककथामा प्रस्तुत भएको प्रमुख पात्र भगवान, ब्रह्मा, विष्णु र महादेवलाई बनाइएको छ । भने सहायक पात्रका रूपमा लक्ष्मी र हात्तीलाई मानिएको छ । त्यसैगरी गौण पात्रका रूपमा मानव जातिलाई लिइएको छ । यसले गर्दा यस कथाको पात्र तथा चरित्रमा पनि सार्थकता दिएको छ ।

## (ग) परिवेश

यस धार्मिक तथा पौराणिक लोककथामा स्वर्ग लोक र पृथ्वीको साथै सम्पूर्ण ब्रह्माण्डको सृष्टिका बारेमा उल्लेख गरिएको छ । यसले गर्दा यस कथाको परिवेश सार्थक रहेको पाइन्छ । ब्रह्माद्वारा सृष्टि गर्दा त्रुटि भएको र पुन सबै देवगणहरू मिलेर छलफल गरी मानव जातिको पनि सृष्टि गरिएकाले पृथ्वीको सन्तुलनमा पनि समानता आएको देखाइएको छ ।

## (घ) भाषाशैली

यस ब्रह्माको सृष्टि कथामा प्रयोग भएका भाषा सरल र सजिलै बुझ्न सकिने खालका शब्दहरूको प्रयोग गरिएको छ । भाषा र शैलीका आधारमा यस कथा उत्कृष्ट मान्न सकिन्छ । यसमा सरल नेपाली भाषाको प्रयोगका साथै कहीँ कतै पनि गहन शब्दको प्रयोग गरिएको छैन । यस कथामा ब्रह्माण्डको सृष्टिका बारेमा सरल रूपमा चित्रण गरी सरल र बुझिने शब्दहरूलाई मात्र प्राथमिकतामा राखिएको छ । यसले गर्दा यसको भाषा शैली सरल र बोधगम्यता रहेको पनि पाइन्छ ।

## (ङ) उद्देश्य

यो लोककथाको मूलभूत उद्देश्य ब्रह्माको सृष्टिमा त्रुटि भएकाले मानवको पनि सृष्टि गर्नुपर्ने भन्ने सन्देश दिन खोजिएको छ । जङ्गलमा घाइते हात्तीको उपचारका लागि पनि मानवको उपस्तिथि जरुरत रहेकाले ब्रह्माको सृष्टिमा मानवको उदय भएको पाइन्छ । त्यसैले यस कथा मार्फत उद्देश्यको पनि सार्थकता दिइएको हुँनाले उद्देश्य पूर्ण भएको देखिन्छ ।

## (च) अभिप्राय

यस ब्रह्माको सृष्टि कथामा प्रयोग भएका भाषाहरू भगवान, सृष्टि, पृथ्वी, सयर, वृक्ष, चित्कार, वृत्तान्त, सिर्जना, दयामाया आदि शब्दहरूको प्रयोगसँगै यस कथाको अभिप्राय पनि सार्थक र सिद्ध भएको पाउन सकिन्छ ।

त्यसैले यस ब्रह्माको सृष्टिमा सबै सूक्ष्म जीव देखि ठुला-ठुला जनावर हात्ती, गैंडा, बाघ, भालु सबै खाले जीव जन्तुहरूको सृष्टि भएको छ । तर मानव जातिको सृष्टि भने नभएकोले सन्तुलनमा गडबडी भएको देखिन्छ । त्यसै क्रममा एक दिन विष्णु र लक्ष्मी पृथ्वीमा घुम्दै गर्दा एक घना जङ्गलमा एउटा घाइते हात्ती ठुलो वृक्ष मुनी लडिरहेको देखेछन् । हात्तीका दुवै खुट्टामा बाघले आक्रमण गरेर आइते बनाइ दिएको रहेछ । घाइते हात्तीको खुट्टामा किरा परेर हिँड्न नसक्ने भएपछि वृक्ष मुनी नै मृत्युसँग लडिरहेछ । त्यसपछि विष्णु र लक्ष्मीले यो भएन अब मानिसको पनि सृष्टि गर्न भन्नु भएछ अनि मानिसको सृष्टि भएसँगै आफ्ना गतिविधिहरू सञ्चालन गर्ने क्रममा यताउता हिड्डुल गर्न थाले तब उसले त्यो दुःखी हात्तीलाई देखेर मानिसमा दयामाया पलाएर आयो । अनि मानिसले जङ्गलमा पाइने सबै प्रकारका जडीबुटीको प्रयोग गरी हात्तीलाई उपचार गरी निको पारे । त्यसैले सृष्टि क्रममा सबैको समान महत्त्व रहने रहेछ भनेर सबै देवीदेवताहरू देवलोकमा खुसीले उत्सव मनाउनु थाले ।

## ४.६. निष्कर्ष

बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययनमा केन्द्रित रहेर यस शोधपत्रमा जम्मा दशवटा कथाहरू सङ्कलन गरिएको छ । उक्त कथाहरूलाई कथावस्तु, पात्र परिवेश, भाषाशैली, उद्देश्य र अभिप्राय विधामा आधारित भएर प्रत्येक कथाको वर्गीकरण गरिएको छ । जसमा सामाजिक लोककथा, भूतसम्बन्धी लोककथा र सृष्टिसम्बन्धी लोककथा गरी तीन भागमा विभाजन गरी यसको वर्गीकरण समेत गरिएको छ । सामाजिक लोककथा अन्तर्गत आठ वटा कथा समावेश गरिएको छ भने भूतसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथा समावेश गरिएको छ त्यसैगरी सृष्टिसम्बन्धी लोककथा अन्तर्गत एक वटा कथालाई नै समावेश गरिएको छ । यी कथाहरूमा समसामयिक परिवेश र सरल भाषा शैलीको प्रयोगसँगै नेपाली पनलाई पूर्ण रूपमा ढालिएर तयार पारिएको छ ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१. सारांश

बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शीर्षकको यस शोधपत्रलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि पाँचवटा परिच्छेदगत अध्यायहरूमा विभाजन गरिएको छ । जसअनुसार पहिलो परिच्छेदमा शोधपरिचय अन्तर्गत विषय परिचय, समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य तथा महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन तथा शोधविधि र शोधको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा लोककथाको परिचय र विधागत वर्गीकरण अन्तर्गत लोकसाहित्यको परिचय, लोकसाहित्यका विधाहरूको वर्गीकरण, लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का, गाउँखाने कथा र निष्कर्ष गरी लोकसाहित्यका उपविधाहरूको संक्षिप्त चिनारी प्रस्तुत गरिएको छ । साथै लोककथाको परिचय, लोककथाको परिभाषा, लोककथाको स्वरूप, लोककथाका तत्त्वहरू, लोककथाको वर्गीकरण, नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा र निष्कर्ष समेत समावेश गरिएको छ । तेस्रो परिच्छेदमा कथा तत्त्वका आधारमा बेलबारी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण गरी दश वटा कथाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा बेलबारी नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण गरी लोककथाको विधातत्त्वका आधारमा विश्लेषण समेत गरिएको छ । यस अध्ययनको पाँचौं तथा अन्तिम अध्यायमा सारांश र निष्कर्ष अन्तर्गत समग्र शोधपत्रको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी सन्दर्भसूची समेत समावेश गरी यसलाई पूर्णता दिइएको छ । यसले गर्दा समग्र शोधपत्र तयार पारिएको छ ।

तसर्थ मोरङ जिल्ला नेपालको पूर्वमा अवस्थित कोशी प्रदेश अन्तर्गत पर्ने एक जिल्ला हो । यस मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर रहेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ । जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ७९ रहेका छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर २ दशमलव ५४ रहेको यो नगरमा आदिवासी जनजातिको ५७.१३ प्रतिशत, ब्राह्मण क्षेत्री ३२.२३ प्रतिशत, दलित ७.८१ र मधेसी पिछडा वर्ग २.८३ प्रतिशत रहेका छन् । साक्षरताको हिसाबले निकै अघि रहेको यो नगरको कुल साक्षरता ७४.१७ प्रतिशत रहेकोमा महिला ६६.६६ प्रतिशत र पुरुष ८३.२२ प्रतिशत रहेको छ । त्यसैगरी बेलबारी नगरपालिमा २० हजार ४ सय ५९ घरधुरी रहेकोमा औसत घरधुरी ४ छ भने लैङ्गिक अनुपात ८८.०९ रहेको छ । भने जिल्लाको सदरमुकामबाट पूर्व उत्तरमा

रहेको छ बेलबारी नगरपालिका । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रूपले रमणीय स्थलको रूपमा रहेको छ । बेलबारी नगरपालिकालाई सिमसारको राजधानी पनि भनेर चिन्ने गरिन्छ । यहाँ लगभग २४ वटा जति सिमसारहरू रहेको पाइन्छ । यस नगरपालिकामा पनि बिस्तारै साहित्यकारहरूको पनि जन्म हुँदै गरेको पाइन्छ । मिथक, किंवदन्ती र लोककथाहरूको विश्लेषणात्मक अध्ययनका लेखक चतुरभक्त राई त्यसैगरी केशु विरही, तिला लेकाली, रमेश निरौला, भीम लामा लगायतका साहित्यकारहरू रहेका छन् । मिथक, किंवदन्ती र लोककथाहरूको विश्लेषणात्मक अध्ययनका लेखक चतुरभक्त राई त्यसैगरी केशु विरही, तिला लेकाली, रमेश निरौला, भीम लामा लगायतका साहित्यकारहरू रहेका छन् । बेलबारी नगरपालिका ११ वडामा विभाजित रहेको छ । धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलले रमणीय रहेको यस नगरपालिकाका विभिन्न जातजातिहरू एक आपसमा मिलीजुली बसोबास गरिरहेका छन् । यहाँ महाभारत कालमा राजा विराटको ठुलो भोटे ताल्चा रहेको र धनपाल राजाले पनि यहीँ राज्य गरेकाले यस स्थानको नाम धनपालगढी रहन गएको सिलालेखमा पाइन्छ । अहिले पनि राजा धनपालको मन्दिर र सँगै पोखरी पनि रहेको छ । त्यस पोखरीमा कमलको फुल फुल्ने गरेको छ । त्यसैगरी पर्यटकीय स्थलका रूपमा रहेको यहाँको अर्को प्रख्यात बेतना सिमसारका नामले चर्चित सिमसार रहेको छ । यहाँ छिमेकी नगरपालिका तथा अन्य जिल्लाहरूबाट पनि पर्यटकहरू घुम्न आउने गरेका रहेछन् । महेन्द्र राजमार्गमा रहेको यस सिमसार कछुवा संरक्षण क्षेत्रका रूपमा रहेको बेतना सिमसारमा चार प्रकारका कछुवा पाइन्छन् । जसमध्ये दक्षिण एसियामा लोपोन्मुख मयूरपङ्खी कछुवा पनि यहीँ रहेको छ । बेलबारी नगरपालिका शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि क्षेत्रमा पनि सम्पन्न रहेको छ । यहाँका अधिकांश मानिस सरकारी नोकरीमा रहेका छन् भने अन्य कृषि पेसामा आबद्ध रहेका छन् ।

प्रस्तुत शोधपत्रमा बेलबारी नगरपालिका क्षेत्रमा प्रचलित दशवटा लोककथालाई विभिन्न व्यक्ति, घटना र सन्दर्भको आधारमा सङ्कलन गरिएको छ । उक्त कथाहरूलाई लोकतान्त्रिक कथा संरचनाको आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्ययनमा बेलबारी नगरपालिका क्षेत्रलाई परिवेशको आधार मानी चलनचल्तीमा रहेका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यसले नेपाली लोककथाको अध्ययनको बढ्दो क्रमलाई निरन्तरता दिइरहेको पाइन्छ । झन्डै लोपोन्मुख अवस्थामा पुगिसकेको सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक र मौलिक क्षेत्रका यस्ता कथाहरूले विभिन्न अध्येताहरूलाई पछिसम्म घचघच्याइने काम गर्नेछ । यस क्षेत्रमा प्रचलित लोककथाहरूले ऐतिहासिक एवम् धार्मिक, सामाजिक, सांस्कृतिक परिवेशलाई समेट्न, खोजेको पाइन्छ । यसका साथै स्थानीयताको प्रशस्त प्रभाव पनि उक्त कथाहरूमा पाइन्छ ।

बेलबारी नगरपालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूका बारेमा अध्ययन गरिएको हो । यहाँ रहेका प्रमुख जातजाति, भाषा र धर्म, परम्परा तथा संस्कृतिलाई ध्यानमा राख्दै कथा तयार पारिएको हो । लोककथाका साथै अन्य लोकसाहित्यिक विधासँग सम्बन्धित विषयहरूमा अझ बढी खोज अनुसन्धान र अन्वेषण गरी आगामी दिनहरूमा यस क्षेत्रको साहित्यिक अध्ययन अझ गर्नु पर्ने देखिएको छ । यस क्षेत्रको शैक्षिक उन्नति हुने क्रममा यहाँका मानिसहरू बेलायत, अमेरिका, क्यानडा, कोरिया, साउदी, कतार, दुबई, भारत आदि देशहरूसम्म कमाइ गर्न पुगेका छन् । देशकै ठुला-ठुला शहरहरू विराटनगर, धरान, काठमाडौँ, पोखरा, चितवन, लगायतका सहरहरूमा बसोबास गर्दै आएका छन् । अब आउने पछिल्ला पिँढीहरूले यस्ता अनुसन्धानका विषयगत सामग्रीहरू मध्येमा यो शोधपत्रले केही मात्रामा भए पनि ऊर्जा थप्ने काम गर्नेछ भन्ने विश्वास लिएको छु ।

## ५.२. निष्कर्ष

बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शीर्षकको यस शोधपत्रलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि पाँचवटा परिच्छेदगत अध्यायहरूमा विभाजन गरिएको छ । जसअनुसार पहिलो परिच्छेदमा शोधपरिचय अन्तर्गत विषय परिचय, समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य तथा महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन तथा शोधविधि र शोधको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा लोककथाको परिचय र विधागत वर्गीकरण अन्तर्गत लोकसाहित्यको परिचय, लोकसाहित्यका विधाहरूको वर्गीकरण, लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का, गाउँखाने कथा र निष्कर्ष गरी लोकसाहित्यका उपविधाहरूको संक्षिप्त चिनारी प्रस्तुत गरिएको छ । साथै लोककथाको परिचय, लोककथाको परिभाषा, लोककथाको स्वरूप, लोककथाका तत्त्वहरू, लोककथाको वर्गीकरण, नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा र निष्कर्ष समेत समावेश गरिएको छ । तेस्रो परिच्छेदमा कथा तत्त्वका आधारमा बेलबारी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण गरी दश वटा कथाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा बेलबारी नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण गरी लोककथाको विधातत्त्वका आधारमा विश्लेषण समेत गरिएको छ । यस अध्ययनको पाँचौँ तथा अन्तिम अध्यायमा सारांश र निष्कर्ष अन्तर्गत समग्र शोधपत्रको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी सन्दर्भसूची समेत समावेश गरी यसलाई पूर्णता दिइएको छ । यसले गर्दा समग्र शोधपत्र तयार पारिएको छ ।

बेलबारी नगरपालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूका बारेमा अध्ययन गरिएको हो । यहाँ रहेका प्रमुख जातजाति, भाषा र धर्म, परम्परा तथा संस्कृतिलाई ध्यानमा राख्दै कथा तयार पारिएको हो । लोककथाका साथै अन्य लोकसाहित्यिक विधासँग सम्बन्धित विषयहरूमा अझ बढी खोज अनुसन्धान र अन्वेषण गरी आगामी दिनहरूमा यस क्षेत्रको साहित्यिक अध्ययन अझ गर्नु पर्ने देखिएको छ । यस क्षेत्रको शैक्षिक उन्नति हुने क्रममा यहाँका मानिसहरू बेलायत, अमेरिका, क्यानडा, कोरिया, साउदी, कतार, दुबई, भारत आदि देशहरूसम्म कमाइ गर्न पुगेका छन् । देशकै ठुला-ठुला शहरहरू विराटनगर, धरान, काठमाडौँ, पोखरा, चितवन, लगायतका सहरहरूमा बसोबास गर्दै आएका छन् । अब आउने पछिल्ला पिँढीहरूले यस्ता अनुसन्धानका विषयगत सामग्रीहरू मध्येमा यो शोधपत्रले केही मात्रामा भए पनि ऊर्जा थप्ने काम गर्नेछ भन्ने विश्वास लिएको छु ।

## परिशिष्ट

प्रस्तुत बेलबारी नगरपालिकाको पूर्व दक्षिण क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शिर्षक बनाइ गरिएको अध्ययनका आधारमा तयार पारिका कथाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

## १. सामाजिक लोककथा

### १.१. धनपालगढीमा मेला

रामलखन अहिले ५० वर्षका भए । उनले सानै देखि खेल्ने, घाँस दाउरा गर्ने र गर्मी याममा शीतलता लिने ठाउँ हो धनपालगढीको जङ्गल । उनलाई थाहा छ कि यस धनपालगढीको ऐतिहासिक महत्त्व छ भन्ने बारेमा । उनले बेलाबेलामा यस स्थानमा बाहिरबाट मानिसहरू आइ खनेको र त्यहाँबाट विभिन्न प्रकारका बहुमूल्य खजाना तथा धेरै पुराना इँटाहरू समेत निकालेको देखेछन् रे रामलखनले ।

त्यो सबै कुरा त्यस आसपासका अन्य मानिसहरूले पनि सो कुराका बारेका जानकारी पाउन थाले र भन्न थाले अबदेखि यस ऐतिहासिक स्थलको संरक्षण र सम्बर्द्ध हामी आफैले गर्नुपर्छ हाम्रो यस क्षेत्रको बहुमूल्य वस्तुहरूको पनि हामी आफैले जोगाएर राख्नुपर्छ । यो कुरा सुनेर रामलखन पनि हो त है हाम्रो गाउँठाउँमा यस प्रकारको बहुमूल्य वस्तु र पुरातात्विक सम्पदा रहेकोले यसको त संरक्षण गर्नै परो नि भन्ने उद्देश्यका साथ सबै समुदाय मिली लागि परे ।

केही समयपछि सबै मानिसहरू मिलेर यस धनपालगढीको संरक्षणमा लागे । यसको सबैतिरबाट तारबार गरे । यस भित्र रहेका पोखरीहरूको पनि संरक्षण गर्न सरसफाइ गरे एउटा पोखरीमा त सधैँ कमलको फुल फुल्ने गरेको र पोखरीसँगै ढुङ्गाको शिलालेख पनि पाए त्यसमा राजा धनपालको बारेमा उल्लेख गरिएको रहेछ । र राजा धनपालको मूर्ति पनि होला भन्ने ठानी खन्न थाले छन् । रामलखन अग्ररूपमा लागि खन्दा खन्दै मूर्ति फेला पारेछन् । त्यो मूर्ति ढुङ्गाले बनाइएको रहेछ । हात्ती माथि राजा धनपाल रहेको मूर्तिमा फेला परेछ । अब यस मूर्तिलाई कहाँ राख्ने भन्ने गाउँलेहरूले विचार गरेछन् । आजलाई यति नै भो भोलि यसको विषयमा टुङ्गोमा पुगौला भनी आ-आफ्नो घर तर्फ लागेछन् ।

रामलखन पनि घर पुगी त्यसै मूर्तिका बारेमा मात्र सोचीमात्र बसेछ । श्रीमती र छोराछोरीले सोध्दा केही होइन भनी खानाखाई सुतेछन् । ओछ्यानमा त्यहीँ मूर्तिका बारेमा सोच्दा सोच्दै कति खेर झपक्क निदाएछ । सपनामा उसलाई कसैले बोलाई त्यस मूर्ति जहाँ भेटिएको हो त्यहीँ स्थानमा मन्दिर बनाउनु है भन्ने आवाज मात्र कता कताबाट आएछ ।

निन्द्राबाट झसङ्ग भएर बिउँझिँदा त त्यो त सपनामा पो भनेको रहेछ । धन्य प्रभु भनी सबै आज त्यसै स्थानमा भेला भएर छलफल गर्न थालेपछि रामलखनले भनेछ- 'हेर्नुहोस् आज मलाई सपनामा आकाश वाणी भयो यस मूर्तिका बारेमा' भनी सबैलाई सुनाउन थालेछ । रामलखन हातले देखाउँदै 'हेर्नुस् यो मूर्ति यहीँ स्थानमा मन्दिर बनाइ स्थापना गर्नुपर्छ रे ।' भन्दै आकाश वाणीको सम्पूर्ण कुरा सुनाए छ । सबै गाउँलेहरूले पनि रामलखनको कुरालाई होमा हो भन्दै त्यहीँ स्थानमा मन्दिर बनाउने निर्णय गरेछन् ।

समय बित्दै गइरहेको थियो । धनपालगढीको पनि स्तर उन्नति राम्रो हुँदै गएको र बाहिरबाट पनि मानिसहरू घुम्न आउन थालेको र वनभोज खानाका लागि पनि धेरै परपरबाट मानिसहरू आएको देखेर रामलखन पनि आनन्दित भएछन् । समय बितेसँगै अहिले त यस धनपालगढीमा प्रत्येक वर्षको बैशाख १० गते ठुलो मेला समेत लाग्न थालेकाले उ झनै आनन्दित भएछ । र मन मननै भन्न थालेछ- 'हेर त्यो मेरो बालापनको धनपालगढी र अहिले वृद्धअवस्थाको धनपालगढी' भन्दै मनमनै आनन्दित मनले पुन भन्छ - 'धनपालगढीमा त मेला पो लागे छ ?'

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : कृष्णप्रसाद बराल

उमेर : ६८ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-५, मोरङ

## १.२. गरिब झेलीया

एकादेशमा एकजना झेलीया नाम गरेको मान्छे थियो । उ साह्रै गरिब रहेछ । उसका एक छोरा र एउटी श्रीमती रहेछन् । दिनभर अरूको घरमा काम गरेर जीवन निर्वाह गर्दथे । जेनतेन जीवन चलेकै थियो । यत्तिकैमा एक्कासि गाउँमा महामारी फैलिएछ । झेलीयाकी श्रीमतीलाई पनि छोपेछ । अनि झेलीयाले आफ्नी बुढीलाई पिठ्यूँमा बोकेर अतार-हतार अस्पतालतिर हिँडेछ ।

अस्पताल धेरै टाढा रहेछ बाटोमा जाँदा जाँदा उसकी बुढीलाई सात पटक त पखाला लागेछ अनि उसको अस्पताल नपुग्दै मृत्यु भएछ । बिचरा झेलीया अलापबिलाप गरी रुन कराउन मात्र थालेछ । अब के गर्ने जति रोए पनि फर्केर आउने होइन आफ्नो मन आफैँले बुझाएछ । सम्झेछ घरमा त छोरो मात्र छ के खायो होला अब छिटो घर जानुपर्छ भनी मरेको बुढीको लास लिएर घर फर्केछ ।

उता घरमा जाँदा छोरालाई पनि झाडापखाला पो लागेर हिँड्न नसक्ने अवस्थामा पुगिसकेको थियो । बिचरा झेलीया अब के गर्ने हतार हतार छोरो बोकेर अस्पताल दौडिए छ । त्यतिबेला गाउँमा जीवनजल पनि पाइँदैनथ्यो । छोरोलाई पनि बाटोमा धेरैपटक पखाला लाग्यो त्यहाँ पानी पनि भएन औषधि पनि भएन जीवनजल त झन् हुने कुरो नै भएन र दिसा गर्दा गर्दा साह्रै गाह्रो भएर होला बाबा अब म मर्छु भनेछ अझै पनि झेलीयाले छिटो छिटो दौडिएर अस्पताल पुर्‍याउन सकिन्छ कि भनेर आस गर्दै हिँडिरहेको थियो ।

छोरो पिठ्यूँमा केही चालचुल गरेको थिएन निधाएछ भनेर पिठ्यूँबाट झिकेर बोलायो बाबु-बाबु भनेर तर उ त सधैँको लागि निधाएको रहेछ बोलेन । उसको आफ्नो बासँग अन्तिम शब्द बाबा मलाई साह गाह्रो भो अब म मर्छु भन्ने नै भयो । छोराको पनि त्यसरी अस्पताल पुर्‍याउन नपाउँदै र औषधिको अभावमा मृत्यु भयो । अब झेलीयालाई पनि पर्न सम्म पिर पर्‍यो तै पनि उ घरमा आउनु पर्थ्यो । उ छोराको लास बोकेर घर आयो बाटोमा उसलाई साह्रै गाह्रो भयो आफू नै ढलौला जस्तो भो उ बाटोमा एक्लै बेसरी रोयो चिच्यायो तर 'हुने हार दैव नटार' भन्ने उखानै छ नि आखिर घर आउनै पर्ने थियो । यो बाहेक उसँग अरू केही विकल्प पनि त थिएन ।

त्यसपछि ती आमा छोराको लासलाई शिरकको खोल झिकेर ओडाइदियो । उसलाई सहयोग गर्न पनि गाउँमा मान्छे धेरै थिएनन् । उसलाई छोरा र श्रीमतीको शोकले गर्दा खान पनि मन थिएन । उ आफ्नो अगाडि परिवार सबै गुमाउनु पर्दाको पीडाले आफै पनि मरिरहेको महसूस गरिरहेको थियो । उसले जसोतसो गाउँमा बाँचेका दुईचार जना मानिसहरूको सहायताले आफ्नो श्रीमती र छोराको काजक्रिया सम्पन्न गरी गाउँमा दुःख कष्टका साथ जीवन यापन गर्न थाल्यौं ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : राधेश्याम साह

उमेर : ४० वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-५, मोरङ

## १.३. राजा कछुवा

बेतना सिमसारमा विभिन्न प्रकारका कछुवा, माछा, गोहोरो, भ्यागुता, सर्प लगायतका जलप्राणीहरूको बसोबास रहिआएको छ । त्यसै सिमसार क्षेत्रभित्र बसोबास गर्ने दुई कछुवा बिच को राजा हो त भन्ने बारेको अभूतपूर्ण कहानी ।

सुन कछुवा र मयूपङ्खी कछुवा पानीमा सयर गरिरहेको अवस्थामा केही मानवहरूको भिड त्यहीँ सिमसारमा प्रवेश गर्दछन् र हातमा मोबाइल र क्यामराले ति कछुवाका फोटाहरू लिन थाल्छन् ।

सुन कछुवा ती मानव तिर हेरी आफ्नो विभिन्न पोजमा आफूलाई प्रस्तुत गरेको देखेपछि मयूरपङ्खी कछुवाले भने छ ?

मयूरपङ्खी कछुवा- ए मित्र सुन कछुवा मिती किन यस्तो हाउभाउ देखाइरहेका छौँ ?

सुन कछुवा- हेर मित्र.... ती मानवहरूको हातहातमा के छ देखेनौ ? मयूरपङ्खी कछुवाले नियाल्दै भन्छ ।

मयूरपङ्खी कछुवा- हो त है.... उनीहरूसँग त आधुनिक युगको मोबाइल र क्यामरा पो जस्तो छ ।

सुन कछुवा- त्यहीँ भएर त हेर भनेको हो नि ?

मयूरपङ्खी कछुवा- आखिर किन आएका रहेछन् तिनीहरू हाम्रो वासस्थानमा ?

सुन कछुवा हाहाहाहा...... हाँस्दै भन्न थाल्छ ।

सुन कछुवा- हे बुध्धु तिनीहरू त मेरो फोटो खिच्दैन नि ? त्यहीँ भएर त मैले आफ्नो प्रस्तुति देखाएको तिनीहरूलाई । म राजा हो नि त राजा यस स्थानको ।

ह....... मयूरपङ्खी कछुवा सोच्दै भन्न थाल्छ । राजा....? फोटो....? भन्दै सोध्यो ।

मयूरपङ्खी कछुवा- हैन तिमी राजा अनि तिम्रो फोटो खिचेका उनीहरूले ?

सुन कछुवा- हो त हेर त हातका मोबाइल र क्यामरा म तिर तेर्साइ खिचिरहेका छन् ।

मयूरपङ्खी कछुवा- हुन्छ तिम्रो उनीहरू त मेरो पो फोटो खिचेका हुन् । मेरो मयूरपङ्खी स्वरूपले गर्दा ।

सुन कछुवा- हुन्छ ? म त सुन हो सुन...

मयरूपङ्खी कछुवा- सुन भएर के भो त ?

सुन कछुवा- हैन तिमीलाई थाहा छैन की के हो ?

मयूरपङ्खी कछुवा- के कुरा ?

सुन कछुवा- सुन भनेपछि भगवान महादेवका त तीन नेत्र खुल्छ भन्छन् यी मानवहरू झन् यिनी त स्वयम् मानव नै भए ।

मयूरपङ्खी कछुवा- लु भो.... अहिलेको सुनको काम छैन हेर त्यो कतिखेर हराउँछ भन्ने कुरानै थाहा हुन्न उनीहरूलाई अनि किन तिम्रो पछि लाग्छन् र ?

सुन कछुवा- हे... तिमीलाई के थाहा हो सुनको महत्त्व ? छोड म अझै विभिन्न स्वरूप दिन्छु उनीहरूलाई ता कि राम्रो फोटो जाओस् उनीहरूमा ।

मयूरपङ्खी कछुवा- लु लु भो... उनीहरू त मेरो फोटो विभिन्न तरिकाले लिइरहेका छन्, हेर नभए ?

सुन कछुवा- होहो... राजालाई छोडेर कोही मन्त्री तर्फ लाग्छ नि ?

मयूरपङ्खी कछुवा- लु धेरै राजाको धम्की नलगाउँ तिमी ।

सुन कछुवा- म राजा त हो त त्यसैले त मेरो फोटाहरू लिइरहेका छन् ।

मयूरपङ्खी कछुवा- आफू राजा र आफ्नो मात्र फोटो लिएको घमण्ड नगर धेरै ।

सुन कछुवा- घमण्ड गरेको हैन मेरो नै हो । पत्याउँदैनौं भने हिँड सोध्न अनि त प्रस्ट भइहाल्छ नि ।

मयूरपङ्खी कछुवा- तु हिँड न त ? त्यस्तै लाग्छ भने ।

दुवै कछुवा मानव भएका तिर लागे र उनीहरूको समीपमा पुगेपछि हत्तनपत्त सुन कछुवाले सोध्छ ?

सुन कछुवा- ए मानवहरू हो तिमीहरूले म यस स्थानको राजा अनि सुन भएकाले मेरो फोटाहरू खिचेको होइन ?

मानव- ह... तिम्रो ?

सुन कछुवा- अँ मेरो ।

मानव- अब सुनका दिन गए कुन दिन सुनको कारणले समातिन्छ पत्तो हुन्न कहाँ तिम्रो हो नि हामीले त उँ मयूरपङ्खी कछुवाको पो फोटाहरू लिएको त, कति राम्रो मजुर जस्तो सजाउन मिल्ने अनि राजा पनि हामी त उनीलाई नै मानेका छौँ । तिम्रो त अब काम छैन है...।

मयूरपङ्खी कछुवा खुसीहुँदै र सुन कछुवा दुःखीहुँदै पानी तिर लाग्छन् र मयूरपङ्खी कछुवाले भन्छ ।

मयूरपङ्खी कछुवा- ए सुन कछुवा कसको फोटो लिएको रहेछ र यसको राजाको हो त ह ? हाहाहाहा........

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : इरान राई

उमेर : ५९ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-२, मोरङ

## १.४. सिमसार

उहिल्यै एउटा गाउँमा धनाढ्य साहु थियो र उसकी बुढी पनि थिई । उसको धन सम्पत्ति प्रसस्तै थियो । तर सन्तान थिएनन् । सन्तान नभएकोले गर्दा उसलाई साह्रै चिन्ता परेको थियो । मेरो सम्पत्ति धेरै छ तर सन्तान नभएपछि यो सम्पत्ति मेरो शेषपछि कसले खान्छ भनेर चिन्ता गरिरहेको थियो । यत्तिकैमा एक दिन उसले मनमनै अष्टमीको दिन व्रत बस्ने विचार गऱ्यो । व्रत बसेपछि उसको सन्तानको रूपमा छोरो जन्मियो । उसका बाआमा साह्रै खुसी भए । अनि छोरोको नाम सिमसार राखियो । त्यो छोरा हुने बिरुवाको चिल्लो पात भने झैँ सानै देखि अति नै चलाख थियो । हरेक कुरामा चाख लिने नयाँ काममा रुचि देखाउने नयाँ साथी बनाउने गऱ्थ्यो । सिमसार ठुलो हुँदै गयो अनि उसले आफ्ना साथीहरूसँग पैसा कमाउन दार्जिलिङ जाने निधो गऱ्यो तर उसको बाआमाले पठाउन चाहेनन् । उ जिद्धी गरेर साथीहरूसँग भारतको दार्जिलिङमा व्यापार गर्न जाने निधो गरिसकेको थियो । भारतमा कहिल्यै नगएको र त्यहाँका बासिन्दाले धेरै ठग्ने र लुट्ने हुनाले घरबाट बन्देज लगाइए तापनि उ घरबाट हिँड्यो ।

साथीहरू सबैसँगै सिमसार दार्जिलिङ जाँदै थियो बिच बाटोमा पुग्दा एउटा मन्दिरमा सुनको देवता देखेछन् । अनि सुनसान जङ्गलमा सुनको देवता देखेपछि साथीहरूले यो सुनको देवता काटेर हामी बाँडेर यहीँबाट घर जाऊँ भनेछन् तर सिमसारले मानेनछ । साथीहरूलाई धेरै सम्झाएपछि देवतालाई काट्न हुँदैन यस्तो नराम्रो काम नगर हेर साथी भनेर धेरै सम्झायो तर धेरै मूर्ख साथीहरूका अगाडि उसको केही सीप लागेन उनीहरूले देवतालाई काटेर टुक्रा-टुक्रा पारेर भाग लगाए तर सिमसारले लिएन अनि सबै जना त्यहीँबाट घर फर्किए । सिमसार शोक र सन्ताप लिएर भजनकिर्तन गाउँदै फर्किदै थियो साथीहरू खुसीले गदगद थिए ।

यत्तिकैमा अचानक आँधिबेरी हुरीबतास चल्यो । त्यहाँ नजिकै नदी रहेछ । कोही साथीहरू हुरीबतासले गर्दा नदीमा परे कोहीलाई रूखले च्याप्यो र सबैको सुनको टुक्रा खस्यो । पछि ती सुनका टुक्रा सबै जोडिएर देवताको रूपमा त्यहीँ ठाउँमा प्रकट हुनुभयो । यसै क्रममा कोही साथीहरू खोलामा डुबेर मरे भने कोही आँधिबेरी आउँदा रूखले च्यापिएर मरे तर सिमसारलाई भने केही भएन । सिमसारलाई देवताले रक्षा गर्नुभयो । अरू सबै साथीहरू मरे । ऊ एक्लै घर फर्क्यो र केही वर्षपछि सिमसारको विवाह भयो । देवताको प्रभावले गर्दा सिमसार सुख शान्तिका साथ जीवन बिताउँदै गयो ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : उदय बहादुर राई

उमेर : ४१ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-६, मोरङ

## १.५. सौतिनी आमा

एकादेशमा दुई जना दिदी बहिनी थिए रे । दिदीको आमा मरेकाले बाले अर्को आमा बिहे गरेर जन्मेको बहिनी हो रे । दिदी र बहिनीको बा एउटै थिए तर आमा दुईटा रहेछन् । त्यसपछि सौतिनी आमाले आफ्नो छोरीलाई चैँ धेरै नै माया गर्थी । मिठो मिठो खान दिने, स्कुल पठाउने, काम पनि केही नगर छोरी तँ सक्दिनस् भन्थी । आफ्नी छोरीलाई केही काम पनि लाउँदिनथी रे । सौतिनीको छोरीलाई चैँ खान पनि नदिने सधैँ बाखा मात्र हेर्न जङ्गल पठाउने गर्थी रे । बाखा हेरेर घर आएपछि मकै दिने तर पेट भरि खान नदिने । आफ्नो छोरीलाई भने मीठोमीठो खान दिएर राख्ने । एक दिन हैन दुई दिन हैन सधैँ यस्तै गरेकाले उसलाई धेरै रुन र मन भाचिएर आउँथ्यो ।

गुनासो सुनाउने मान्छे कोइ नहुँदा दिदीले आफ्नो त्यो दुःख त्यहीँ बाखा चराउन जाँदा उसै बाखालाई नै भन्थी रे । हेरन बाखा तिमी त यसरी जङ्गलमा खुला भएर पेटभरी खान पाउँछौँ तर मेरो घरमा सौतिनी आमाले राम्रो र पेटभरी पनि खान दिन्न् । के गर्नु मेरो भाग्य नै फुटेको रहेछ भन्दै रुँदै बाखालाई आफ्नो दुःख बताउन थालिछ । त्यो कुरा बाखाले पनि देखेको र उसको कुराबाट पनि सुनेकाले दया आएपछि त्यो बाखोले उसलाई कहिले खिर कहिले बाबर कहिले पुवा दिसाबाट निकाल्देर खान दिन थालिछे ।

उसले सधैँ बाखाबाट पाउने अनेर प्रकारका खानेकुरा खान थालेपछि घरमा आमाले थोरै दिएकी मकै पनि उसलाई पुग्ने हुन थालेछ । सधैँ बाखा चराउन छिट्टै जाने र बेलुका ढिलो मात्र घर आउने र घरमा दिएको खाना पनि थोरै मात्र खाने तर पनि बलियो र मोटो हुँदै गएको देखेर सौतिनी आमाको मनमा अनेक कुरा रुमलिन थालेछ रे । त्यसपछि सौतिनी आमाले अझ धेरै काम र बाखाहरू पनि बढाइ दिइछे । तर पनि उ खुरुखुरु अराएका काम गरिरहने तर झनै बलिइ र मोटो हुँदै गएकीले सौतिनी आमालाई झनै सङ्का र कौतुहलता छाउँदै भयो रे । यसको कारण के चैँ रहेछ ह भनिछ रे । र अबबाट चियोचर्चा गर्नलाई आफ्नी छोरीलाई भोलीदेखि दिदीसँगै बाखा गोठालो पठाउँने बिचार गरिछे ।

सधैँ झैँ दिदी बाखा लिएर जान लाग्दा बहिनी पनि सँगै जान लागेको देखेर दिदीले हुन्न जङ्गलमा अनेक प्रकारका जीवजन्तुको त्रास हुन्छ । बाटो पनि धेरै अप्टेरो छ नजाऊ भनिछ । तर पनि आमाको कुराले उ जस्तो भएनि जाने भनी बाटो लागिछ । जङ्गल पुगेपछि सधैँ झैँ बाखीले उसलाई खिर, पुवा र बाबर हगिदिछ । त्यो उसले खाइछे । यो सबै कुरा उसँगै गएकी बहिनीले सबै देखिछ । त्यो कुरा देखेपछि उ दिदीलाई छोडी छिटोछिटो गरी घर आइछ र सबै कुरा आमालाई सुनाइछ । आमा रिसले धुवाँधुवाँ भएर त्यो बाखाले त्यसलाई त्यस्तो खानेकुरा पो हग्दो रहेछ पख त्यस बाखीलाई भोलि नकाटी छोड्दिन भनी कराइरहिछ ।

सदा झैँ बेलुका घर आइछ र बाखो खोरमा राखी आफ्नो सदाको झैँ काममा लागिछ । सौतिनी आमाले भोली देखि बाखा चराउन जानपर्दैन त्यसलाई काट्ने हो भोली त भनिछे । सौतिनी आमाको कुराले उ रातभरी सुत्न सकिन छ । रातभरी सोचेर र रोएर मात्र बसिछ । रुँदै बाखा भएको ठाउँमा गएर भोलि त तँलाई काट्ने रे भनी सुनाइछ । अब के गर्ने हो भनी बाखासँग बसेर रोएर मात्र बसिछ । बाखाले उसलाई सम्झाउँदै भनिछ । काटे भने काटुन् तिमीलाई पनि खान राखिदेलान त्यसबाट एक एउटा टुक्रा टपरीमा लगेर ठुलो पोखरीको छेउमा राखिदिनु । बाखाको त्यो कुरा सुनेर हुन्छ भन्दै रुँदै कोठातिर सुत्न गइछ । न भन्दै त्यस बाखीलाई छोडेर अरू बाखा चराउन पठाइछे । उसलाई पठाएपछि त्यस बाखीलाई काटी मासु भाग लगाएर खाइछे । अनि उसलाई पनि भाग लगाएर अलिकति टपरीमा राखिदिइछे ।

बाखा चराएर आएपछि उसलाई पनि टपरीमा राखेको खान दिइछे । तर उसले नखाई हिजो बाखाले भने झैँ ठुलो पोखरीको छेउमा लगेर राखिछे । भोलि पल्ट त त्यो टपरीमा भएको मासु त सुनको मूर्ति जस्तै डल्लो भएछ । अनि सारा मान्छे त्यस पोखरीको डिलमा के अचम्म भो । सुनको मूर्ति नै छ त भनी अचम्म नै गरेछन् रे । त्यस सुनको डल्लोलाई सबै मान्छेले चलाउन पनि सकेन छन् रे अनि राजा र मन्त्री पनि आएर उठाउन खोज्दा डेगनी चलेन छ । यो के अचम्म भो भन्न चाले छन् रे । त्यो कुरा त उसलाई पहिले नै बाखाले भनी सकेको थियो र सो काम पनि उसैले गरेकी थिई । त्यसैले उ त्यहाँ गएकी थिइन रे । बाउ आएर छोरी त्यस स्थानमा यस्तो भएर त्यो सुनलाई कसैले पनि बाच्न सकेनन् । तिमीले सक्छौँ कि हिँड भनी लगेछ । कसैले पनि नसकेको म सकुँला र भनिछ । त्यहीँ पनि हिँड भन्दै लिएर गएछ । उसले त्यो छुनसाथ टुक्राटुक्रा भएछ यो कसरी यस्तो भयो भनी सोधेछन् । उसले भनिछ त्यो बाखा मेरी आमा हो रे । आमा मरेपछि बाखा भकिरे त्यहीँ आमालाई काटेकाले यो आमाकै शक्तिबाट यस्तो भएको हो भनिछ ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : देवराज निरौला

उमेर : ५९ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-६, मोरङ

## १.६. आगो र एकता

डिपु गाउँमा नन्दलाल धिमाल र उनका परिवार बस्थे । उनी निकै मेहनती किसान हुन । घरसँगै जोडिएको उसको खेतमा अचानक आगो लाग्यो । चैत्रको रापमा लागेको आगोले भित्राउनै लागेको मुसुरी डढाउन थाल्यो । त्यो देखेर घरका चारै छोरा तथा चारै बुहारीहरू आगो निभाउनका लागि कस्सिए । घर नजिकैको इनारबाट बाल्टिनमा पानी उघाएर बारीतर्फ ल्याउँदै उनीहरूले आगो निभाउन थाले । पानी बोकेर दौडँदा परिवारको एउटा सदस्य लड्न लाग्दा तत्कालै अर्काले उठाए । त्यसो हुँदा बाल्टीको पानी सबै पोखिन पाउँदैनथ्यो । सामूहिक रूपमा मिलेर काम गर्दा उनीहरूले आफ्नो फसलमा लागेको आगो सहजै निभाउन सके । परालले छाएको आफ्नो घरलाई आगोबाट जोगाउन पनि सके । तर आधाजति फसल आगोले डढाएका कारण 'यो सालका लागि अन्न पुग्ला कि नपुग्ला' भनेर उनीहरू चिन्तित थिए ।

तर पनि किसानका श्रीमान् श्रीमती समझदार थिए । उनीहरूले आफ्ना परिवारका सबै सदस्यहरूलाई बोलाएर छलफल गरे र भने, 'यो साल अत्यन्त किफायतीका साथ अन्नको उपभोग गरौँ' । खेतको एक गेडा अन्न पनि खेर नजाने गरी सँगालौँ । गाईवस्तुलाई अन्नभन्दा धेरै घाँसपानी खुवाउँ । अनि यो साल अल्लि छिटो नै खेती लगाऔँ । त्यसो भएपछि हामीलाई अन्न पुग्नेछ र हामी भोकमरीमा पर्नेछैनौँ । विवेकशील बाआमाको सो सुझाव कार्यान्वयन गर्न सबै छोराबुहारीहरू कस्सिएर र एकताबद्ध भएर लागे । नभन्दै नयाँ फसल आउनेबेलासम्म परिवारलाई खाने अन्न पनि पुग्यो । परिवारले भोकमरी झेल्नु परेन ।

तर सधैँ एउटै अवस्था रहेन । बाआमाको मृत्युपछि छोराहरू पनि भिन्नाभिन्नै भए र पारिवारिक एकताको सन्देश भुल्दै गए । चारैतर्फ ढोका फर्काएर चारवटा छाप्राहरू बनाए । पहिलेको इनारमा पानी लिन जाँदा आपसमै उनीहरूको कलह हुन थाल्यो । उनीहरूले 'इनारकै कारण कलह बढेको' भन्ने ठानी इनार पनि भत्काए र पर रहेको छिमेकीको टुबेलमा पानी लिन जान थाले । पहिले आफ्नै साझा इनारमा ढुक्कले पानी भर्न पाउने उनीहरू परायाको टुबेलमा गएर रुँगेर पानी भर्न थाले । तर आफ्नो इनार भत्काएपछि पनि उनीहरूको द्वन्द्व समाधान हुनेवाला थिएन, किनकि उनीहरू एउटै विरासतका थिए ।

त्यस्तैमा फेरि चैत्र आयो । चर्को घामका कारण कताबाट जेठो दाइको घरमा आगो सल्किए छ । आकाशमा धुवाँको कुहिरो देख्दा अरू भाइहरूले आफ्नो घरमै आगो लाग्यो कि भनेर नियाले । 'आफ्नो घरमा आगो नलागेको भए किन चिन्ता गर्नु ?' भन्दै उनीहरू छाप्रामा पसेर सुते र, एक्कैछिनमा ठुलो दाइको घरलाई आगोले सकायो । दोस्रो भाइको घरमा पनि सोही अवस्था आयो र उसको घर पनि आगोले सकियो । दोस्रोको घरसमेत डढेपछि जेठो छोराले सचेतना अपनायो र 'कमसेकम एउटा भाइको घर बच्दा मात्रै पनि ओत लाग्ने ठाउँ बाँकी रहनेछ नत्र खुला आकाशमा बस्नुपर्नेछ' भन्दै सबै भाइका परिवारहरूलाई जुटेर आगो निभाउन आग्रह गरे ।

तर दुःखको कुरो, बाउको पालामा जस्तो अहिले आफ्नै घरनजिक पानीको कुवासमेत थिएन उनीहरूको । पहिलेको इनार पुरिएको थियो । त्यसो हुँदा टाढाको छिमेकीको टुबेलमा पुगी पानी लिएर आइ आगो निभाउन यस पटक धेरै गाह्रो भयो । तर पनि, अन्तिम समयमा सबै भाइहरू मिलेका कारण बाँकी भाइका छाप्राहरूलाई आगोबाट बचाउन सकियो । कमसेकम अन्तिम समयमा लिएको समझदारपूर्ण निर्णयले उनीहरूले आफू बस्ने सानो छाप्रो जोगाउन सके ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : हेमन्त घिमिरे

उमेर : ४८ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-५, मोरङ

## १.७. दाजुभाइको कथा

एकादेशमा एउटा गाउँमा छ जना दाजुभाइ थिए । र तिनीहरूका बाआमा सानैमा मऱ्या रैछन् । एउटी बहिनी मात्र रहिछ उनीहरूको । त्यो बहिनी सानै थिई रे । छ जना दाजुभाइले धेरै दुःखकष्टका साथ हुर्काइ रहेका थिए । यसैक्रममा ती दाजुभाइहरूले बिहे गरे रे । बिहे गरेपछि घरमा मान्छेको सङ्ख्या धेरै भएछ र उनीहरूलाई खान पुगेन छ । त्यहीँ भएर ती दाजुभाइहरू आफ्ना स्वास्नी र बैनी कि भाउजूहरूलाई हेर्ने जिम्मा लगाएर विदेश गएछन् रे । हिँड्ने बेलामा दाजुहरूले यो हाम्रो एकमात्र सानी बहिनी हो यसको राम्रोसँग हेरविचार गर्नु है भनी विदेश लागेछन् रे ।

दाजुहरू गएपछि भाउजूहरूले त्यस नन्दलाई राम्रोसँग हर्न त के कुरा खान पनि राम्ररी नदिई खाली दुःखमात्र दिएछन् । उसलाई सधैँ कुवाबाट पानी ल्याउने, जङ्गल गएर दाउरा ल्याउने र धान मकै सुकाइ कुटाएर ल्याउने जस्ता धेरै काम मात्र लाएछन् रे उसलाई । बिचरा उ रुनबाहेक अरू के नै गर्न सक्थीर उसले किन भने उसका दाजुहरू नभएकाले भाउजूहरूबाट पाएको पीडा र दबाब मात्र नै थियो रे । त्यतिका काम त्यो छ सात वर्षको बच्चीले सक्छे त ? नगरी पनि के गरोस् उसले भाउजूहरूको पीडा सहनु पऱ्यो उसले ।

तर त्यस घरमा कान्छी भाउजूले भने अलिकति माया गर्थी रे दुई सिता भात नङ्मा लुकाएर खान दिन्थी रे । यसरी दुई तीन वर्ष बितेछ । उ जङ्गलमा दाउरा लिन जाँदा सर्प र बाघले सहयोग गर्ने गरेका रहेछन् उसलाई । बाघले दाउरा खोजीदिने र सर्पले दाउरा बाँधी दिने काम गर्दा रहेछन् । त्यस्तै पानी लिन जाँदा कुवाले आफै भरिदिने र मकै र धान कुट्न जाँदा चराहरूले सहयोग गरिदिने तर एक गेडा चामल हराउँदा पनि उसले कुटाइ खाइछे र चराहरूले खोजेर ल्याइ दिँदा रहेछन् रे उसलाई । यी सबै कुरा गर्दा उसलाई धेरै दुःख र कष्ट भोग्दै जीवन बिताइ रहेकी रहिछे ।

अब त दाजुहरू पनि आउने दिन हुन लाग्यो भनेर भाउजूहरूले उसलाई भनेछन्- 'जङ्गलबाट सिमलको रुवा लिएर आइज' भनी पठाएछन् । जङ्गलमा गएर सिमलको भुवा लिन रूख चढ्नु पने रहेछ । जसोतसो रूखमा चढी छ तर ओर्लन भने सकिन छ । अब यस रूखबाट कसरी ओर्लने भनी सोची रूखैमा बसिरहिछ । दाजुहरू पनि विदेशबाट त्यहीँ बाटो हुँदै घर आइरहेछन् । रात परेकाले जङ्गलको त्यसै रूखमुनी बास बसेछन् । खानका लागि भात पकाउन थाले छन् त्यसै बखतमा कान्छो दाजुको ढाडमा आकाशबाट पानीको थोपा झरेछ ।

ओहो पानी पो आउन लागो कि के हो भन्दै हतार गर्दै भात छ भाग लगाउन थाले छन् तर भात त सात भाग पो भएछ । होइन यो के भयो भन्दै दाजुहरू कुरा गर्दै गर्दा फेरी माथिबाट बहिनीको आँसु झरेछ र कान्छो दाजुलाई लागेर । फेरी के झरो भनी सबैदाजुहरू मिलेर माथि रूखमा हेर्दा त आफ्नै बहिनी रहिछ । बहिनीलाई रूखबाट तल झारी रुँदै भात खाएछन् र सबै सुती भोलिपल्ट बिहानै घरतिर लागेछन् ।

घरआइ बहिनीलाई लुकाइ भाउजूहरूलाई सोधे खै त बहिनी ? कान्छी भाउजूले चैं खै अहिले सम्म यतै रुँदै हुनुहुन्थ्यो कता जानु भो कुन्नी ? अरू भाउजूहरूले हत्तन पत्त खै के था हामीलाई केही भनेको मान्ने होइन खाली खायो बसोमात्र हामीलाई दुःखमात्र दियो केही काम गर्ने पनि होइन भनेछन् । ए.... त्यसो पो ? हामीले तिमीहरूको सबै चालचलन थाहापाई सकिम् अब कान्छी बाहेक सबै यस घरबाट जाऔँ भनी दाजुहरूले घर निकाली दिएछन् रे । बहिनीलाई बोलाई कान्छी भाउजू सहित सबै दाजुबहिनी मिलिमिली बसेछन् ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : चन्द्र बहादुर बुढाथोकी

उमेर : ६१ वर्ष

लिङ्ग : पुरुष

ठेगाना : बेलबारी-५, मोरङ

## १.८. टुहुरो

एकादेशमा एउटा टुहुरो केटो रहेछ । दुःखी भएको कारणले ऊ माग्दै खाँदै गर्थे । आनि ता जब ऊ बाह्र-तेह्र वर्षको लाठे भायो; अब मागेर खानु ठिक छैन भन्ने विचार गरी कामको खोजमा हिँडेछ । जाँदा-जाँदा ऊ एउटा सिकारीको घरमा पुगेछ । सिकारी दयालु थिएछ । तो सिकारीले टुहुरालाई आफूसँगै राखेछ । त्यसपछि उसलाई पनि सिकार खेल्नु सिकाउने विचार गरेछ । भोलिपल्टदेखि केटो पनि बन्दुक बोकेर सिकारीसँगै जङ्गलतिर हिडेछ । सिकारीले तेस टुहुरालाई बन्दुक चलाउन सिकाएछ । टुहुरो पनि केहीपछि बन्दुक चलाउन सिपालु भएछ । ऊ आबो त लाठे भइसकेकाले सिकार खेल्न खुबै चासो दिएछ ।

एकदिन ऊ शिकारीको घारबाट बन्दुक बोकी हिँडेछ । उसले बाटामा एक हुल केटकेटीहरूले भिजेका भट्मास खाँदै गरेको देखेछ । त्यसैबखत पशुपन्छी, भटमास, ढुङ्गाहरू सबैले मान्छे जस्तै गरी बोल्ने र सबैले सबैको बोलेको बुझ्न पनि सक्दा रहेछन् । ती भिजेका भटमासले टुहुरासँग भने- 'दाइ हामीलाई पनि साथै लिएर जाउनहो, परेका बखतमा हामी मद्दत गरिहाल्छ नि भन्दै भटमासको यस्तो कुरा सुनेपछि उसले साथै लिएर हिँडेछ । अब केटो, बन्दुक र भटमास भई त्यहाँबाट हिँड्दै गएछ, त्यसैबखत बाटोमा सियो पनि भेटिएछ र सियोले नि साथै लान भुनेछ । अनि त 'हुन्छ' भनेरसँगै लिएर गई हालेछ । अगाडि जाँदै रहेछन्, आलि पर जङ्गलमा बाघसँग भेट भएछ, बाघले निसँगै लानलाई भनेछ । त्यसपछि 'लौ हुन्छ भनी बाघसमेत भएर पाँचै जना साथी-साथी मिलेर हिँडेछ । हिँड्दा हिँड्दा बेलुकी नै भएछ र एउटा गाउँमा पुगेछन् । तेस गाउँमा एउटी राछेस्नी बूढीले साह्रै दुःखो मात्र दिएको रहेछ ।

राछेस्नीले मान्छेहरूलाई मार्दै खाँदै गर्दिरछे । खाईनसकेको जथाभावी फ्याँकेर सोझासिँधा गाउँलेलाई धेरै दुःख दिएकी रछे । सबैले गाउँले मिलेर भेला गरेछन् । र एक-एक घरबाट एक दिनमा एक जना राछेस्नीको आहार बन्नु जाने नियम बनाएका रहेछन् । राछेस्नी बूढी पनि ओढारमा बसी-बसी खान पाइने भएपछि खुसीले दङ्ग परेकी रहिछ । पालैपालो एक-एक जना मनुसेहरू खाइ बसेकी रछे । एसरी त भएन राछेस्नीको त्रासमा कहिले सम्म रहने हो भन्ने पिर रहिछ । टुहुरो र उसका साथीहरू बास बस्नुलाई त्यहीँ गाउँमा आइपुगेछ । एउटा घारमा बसी भात खाएपछि त्यहाँका मुन्छेको रुवाबासी चलेछ । कुरा के रछ भनी बुझ्दा त तेस रात त्यै घरको एक जाना मुन्छे राछेस्नीको आहारा बन्नु जाने पालो रहेछ ।

सबै कुरा थाहा पाएपछि टुहुरो र उसका साथीहरूले आफूहरू राक्षेस्नीकोमा आहारा बन्न हामी चारै जना साथीहरू जाने बताएछ । तेसपछि घरको मुख्याले 'पाहुना त देउता हुन्; हामीलाई पापलाग्छ' भनेर उनीहरूले मानेनछन् । धेरैबेर बातचित गरेपछि बल्ल तल्ल केटा र उसका साथीहरूले जान्छौँ-जान्छौँ भनिराखेपछि उनीहरूले पनि केही भनेनछन् । केटाहरू पनि आलटाल गर्दै ढिलो गरी राक्षेस्नीका तिर हिँडेछन् ।

राछेस्नीको ओडारमा पुगेछन् । भटमास अगेनाको खरानीमा, बन्दुक दैलो पछाडि, सियो दैलाको ठेलामा, बाघ आँगनमा र केटो कोठामा लुकेर चुपचाप बसेछन् । बूढी भोकले अतालिँदै र रिसले झोक्किँदै, गोडा बजार्दै, माथिबाट तल झरिछ । त्यस ओडार कालो अँध्यारो रहेछ । राछेस्नी बूढीले बत्ती बाल्नु खोजिछ र आगेनामा आगो फुक्न थालिछ । खरानीमा लुकेर बसेको भटमास पड्केर बूढीको आँखैलाई हिर्काएछ । राछेस्नीको आँखै फुटेछ, ऐया ! मरेँ नि ! भनेर रूँदै बाहिर निस्कन खोज्दा ठेलामा ठाडो परेर लुकीबसेको सियोले गोडामा घोचिदिएछ । अनि त बूढी चिच्याउँदै आँगनमा लडिगइछ । मौका पारेर ढोकामा लुकिबसेको बन्दुकले पनि गोली हानिहालेछ । गोली लागेर राछेस्नी बूढी त ठहरै मरिगइछ । अनि त आँगनमा बसेको बाघले बूढीलाई खाइदिएछ । भोलिपल्ट गाउँलेहरूले यो कुरा थाहा पाएर खुसी मनाएछन् ।

राछेस्नी मारेकोमा गाउँलेहरूले टुहुरो केटो र उसका साथीहरूलाई यहीँ हाम्रो गाउँमा बस्नलाई अनुरोध गरेछन् र बूढीको सबै धन-सम्पत्ति त्यहीँ केटोलाई दिएर खुसीले राखेछन् । यसरी केटाले सबैलाई साथी बनाएकाले उसलाई फाइदा भएछ अनि ता खुसी भएर सबै साथीहरूसँग मिलेर बस्न थालेछ ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : विष्णु कुमारी राई

उमेर : ७२ वर्ष

लिङ्ग : महिला

ठेगाना : बेलबारी-६, मोरङ

## २. भूतसम्बन्धी लोककथा

### २.१ भूतको रूख

धेरै पहिलेको कुरा हो । हाम्रो घर बोराबन भन्ने गाउँमा पर्दछ । हाम्रो घर गाउँको मध्य भागमा रहेको छ । हुन त हामी यस गाउँमा आएको पनि नयाँ नै हो । घरगाउँमा भएपछि हाम्रो मुख्य पेसा भनेकै कृषि र पशुपालन हो । काम नगरे खानका लागि समस्या रहने चर्को गर्मी होस् या सितले छपक्क ढाकेको जाडो होस् । बिहान उठेदेखि बेलुका नसुतुन्जेल सम्म काम गर्ने पर्‍थ्यो । त्यस माथि हामी सामान्य परिवार भएकाले यो त झनै हाम्रो नियति भनौँ या बाध्यता नै भनौँ । ज जस्तो भए पनि दिन क्रमिक रूपमा बित्दै गइरहेको थियो नै ।

घर र हाम्रो खेत एक किलोमिटर पर खोलाको नजिकै पर्दथ्यो । खेत जानका लागि बिचमा फेरी नहर थियो नहरमा सानो काठे पुल पनि हालिएको थियो । त्यसैबाट नहर तर्नुपर्‍थ्यो । हाम्रो लगायत त्यस क्षेत्रको सिँचाइ भनेकै सोही नहरको पानी थियो । हामी दुई जोइपोइ निकै मेहनत गर्ने भएकाले नै होला खेतमा अबेरसम्म काम गरी घर फर्कने गरिन्थ्यो । यसै गाउँमा धेरै पहिलेबाट बसोबास गर्दै आउनु भएको आमाले भन्नु हुन्थ्यो– 'नानी तपाईंहरू धेरै मिहिनेती हुनुहुँदो रहेछ काम पनि धेरै गर्ने तर तपाईंहरूको खेत पर खोलाको नजिकै पर्छ । त्यस स्थानमा त भूतको बास छ भन्ने गरेको छ कतिले त साँझ पर्नासाथ देखा परेको छ भन्ने गरेका छन् होस गर्नुस् है ?' भनी हामीलाई भन्ने गर्नुहुन्थ्यो तर हामी हा..... के को भूत नसुत नि हामी त त्यस्तो कुरामा विश्वास गर्दैनौँ ।

यसरी नै समय पनि बित्दै थियो । एक दिन पल्लो घरका बा हतारिँदै आएर भन्नु भयो ए नानीहरू हो । हामी खाना खाँदै गरेका हतार हतार बाहिर आएर भन्यौँ के भो बा किन स्वा-स्वा गर्दै हतारिँदै आउनु भएको छ त घरैबाट आउनु भएको हो । कहाँ घरबाट आउनु नि म त पारिको गाउँमा खेताला भन्न गएको थिए । त्यहाँ गफ गर्दा गर्दै झमक्क साँझ परिगयो । आउँदा त जुन नै लागि सकेको थियो । खोला तरी तिमीहरूको खेतको रूखको झ्याङमा त सेतो लुगा लगाएको एउटा मानिस फेला पर्‍यो । को होला भनी उभिएर हेर्दाहेर्दै त्यो सेतो लुगा वाला त एका एक ठुलो-ठुलो पो हुँदै गयो । मेरो त होस् नै उड्यो के गर्ने के भनेर । हत्त न पत्त गोजीमा सलाई र फलाम रहेछ । सुनेको थिए आगो र फलाम भयो भने भूत भाग्छ रे ! न भन्दै हत्त न पत्त सलाई बालीहाले र हातमा फलाम लिएर भगवानको नाम जपे । र आँखा नहेरी फटाफट हिँडे न भन्दै त्यसले केही गरेनछ । पछाडि फर्केर पनि नहेरी यहाँ आइपुगे धन्नले बाचे । होस् गर है तिमीहरू पनि खाली साँझसम्म खेतमा नै हुन्छौँ भनी आफ्नो घर तर्फ लाग्नुभयो ।

हे... बा पनि के भन्नु हुन्छ के । कहाँ अहिलेको समयमा पनि भूत हुन्छ र बुढा भनी सोधे । तर बुढाको मनमा भने केही चिसो पसेछ खै देखेको नै भन्नु हुन्छ त नपत्याऊ पनि कसरी । कस्तो ठाउँमा आइयो कि के हो ? आ... के घरमै आएको होर खेतको कुरा हो तै पनि हामी ले त्यस्ता कुरामा विश्वास गरेर हार मान्नु हुन्छ होला । जुन लागेकाले रूखको छाया देख्नुभो होला बुढो मान्छे ले । त्यहीँ पनि बुढी अबदेखि खेतबाट अलि छिट्टै आउनुपर्छ होला ।

समय बित्तै थियो मङ्सिरको दिन भएकाले धान काट्ने र बिटा लगाउनु पर्ने भएकाले समय गएको पत्तो नै भएन । धान काट्दा काट्दै झमक्क साँझ भैं हालेछ । आकाशमा तारा र जुन देखिन थाल्यो । जुनको उज्यालो ले ढाक्दै गयो । बाले भनेको रूखको झाडीबाट सर्ल्याङ्ग गर्दै केही हिँडेको आवाज आयो । झसङ्ग भएर हेर्दा केही पनि छैन । मनमा चिसो सो भयो । बुढाले जौ अब भन्न थाले । बुढी पनि लौन त भन्दै हिँड्ने तरखर गर्दै गर्दा पुनः रूख गर्ल्याम ढलेको आवाज आयो । बुढाबुढी नै अँगालो हाल्दै भुइँमा लडे र मुर्छा परेछन् पछि बिउँझिँदा त घरमा पो रहेछन् । गाउँका सबै भेला भएका रहेछन् । होइन हामी कसरी यहाँ खै त भूतको रूख ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**

वाचक : शकुन्तला मिश्र

उमेर : ६८ वर्ष

लिङ्ग : महिला

ठेगाना : बेलबारी-६, मोरङ

# ३. सृष्टिसम्बन्धी लोककथा

## ३.१. ब्रह्माको सृष्टि

धेरै वर्ष अघि सृष्टि समयमा पृथ्वी, मानव शून्य अवस्थामा रहँदा भगवान, ब्रह्मा, विष्णु र महादेवको बैठक स्वर्गमा बसेछ । अनि जीव ग्रहको रूपमा रूपान्तरण गर्ने निधो भएछ । देवगणको सल्लाह बमोजिम ब्रह्माले सबै सूक्ष्म जीव देखि ठुला-ठुला जनावर हात्ती, गैँडा, बाघ, भालु सबै खाले जीव जन्तुहरूको सृष्टि गर्नुभएछ । अनि सबै देवीदेवताहरूको जीवलोक भएछ । अनि पृथ्वी पनि खुसीले पृथ्वीको सयर गर्न थाल्नु भएछ । विष्णु र लक्ष्मी पनि घुम्दै गर्दा एक घना जङ्गलमा एउटा घाइते हात्ती ठुलो वृक्ष मुनी लडिरहेको देखेछन् । हात्तीका दुवै खुट्टामा बाघले आक्रमण गरेर घाइते बनाइ दिएको रहेछ । दिन बित्दै गएपछि उसको खुट्टामा किरा पर्न थालेछ । यसरी किरा परेपछि हात्ती हिँड्न नसक्ने भएपछि वृक्ष मुनी नै कयौँ दिनदेखि न पानी न घाँस भएछ बसिरहेछ । उसले खानका लागि आहारा नै केही पनि नपाएपछि मृत्युसँग लडिरहेछ ।

बेलाबेलामा चित्कार छोडी रोएको देखेपछि लक्ष्मीले विष्णुलाई भन्नुभएछ प्रभु हेर्नुस् त त्यो हात्ती धेरै दिन देखिको पीडा सहन नसकी त्यस्तो अवस्थामा परेको छ । त्यो जीवलाई कसले दया माया गर्छ । ब्रह्माको सृष्टि अधुरो भएछ । प्रभु ब्रह्मालाई पुकार गरी पृथ्वीमा दया, माया, प्रकट गर्ने प्राणीको सृष्टि गर्नका लागि भन्नु पऱ्यो । लक्ष्मी माताले यसो भन्दै भगवान विष्णुसँग पुकार गर्नुभएछ । विष्णु भगवानले पनि आफ्नी अर्धाङ्गीनीको यस्तो कुरा सुनेर हार्न नसकि ब्रह्मा कहाँ गएर यस पृथ्वीको हालखबर सबै वृत्तान्त बताउनु भएछ । त्यस पश्चात् ब्रह्मा त्यो कुरा सुनी खुसी भएर आवश्यक ठानी पृथ्वीमा मानिसको सिर्जना गर्नु भएछ ।

मानिस जब पृथ्वी तलमा आएर आफ्ना गतिविधिहरू सञ्चालन गर्ने क्रममा यताउता हिड्डुल गर्न थाले तब उसले त्यो दुःखी हात्तीलाई देखेर मानिसमा दयामाया पलाएर आयो । अनि मानिसले जङ्गलमा पाइने सबै प्रकारका जडीबुटीको प्रयोग गरी हात्तीलाई उपचार गर्न थाले । समय बित्दै गयो घाइते हात्तीको सेवामा लागेका मानिसहरूलाई भगवान विष्णुले देखेर त्यो कुरा ब्रह्मादेवलाई भन्नुभयो तपाईंको सृष्टि अब पुरा भयो कि जस्तो लाग्छ । पृथ्वीमा सबै प्रकारका जीवजन्तु देखि लिएर मानिसको सृष्टि भयो । यो कुरा सुनेर सबै देवीदेवताहरू देवलोकमा खुसीले उत्सव मनाउनु भयो ।

*'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला खुरुखुरु आइजाला'*

**कथावाचक**


वाचक : सिता बिष्ट

उमेर : ६७ वर्ष

लिङ्ग : महिला

ठेगाना : बेलबारी-६, मोरङ

**बेलबारी नगरपालिका क्षेत्रको नक्सा**




स्रोत: https://belbarimun.gov.np/en

**कथावाचकको विवरण तालिका यस प्रकार रहेको छ ।**

| क्र.सं. | नाम | लिङ्ग | उमेर | ठेगाना | शिक्षा |
|---|---|---|---|---|---|
| १. | शकुन्तला मिश्र | महिला | ६८ वर्ष | बेलबारी-६, मोरङ | ८ कक्षा सम्म |
| २. | कृष्णप्रसाद बराल | पुरुष | ६८ वर्ष | बेलबारी-५, मोरङ | एसएलसी सम्म |
| ३. | राधेश्याम साह | पुरुष | ४० वर्ष | बेलबारी-५, मोरङ | आइएड सम्म |
| ४. | इरान राई | पुरुष | ५९ वर्ष | बेलबारी-२, मोरङ | एसएलसी पास |
| ५. | उदयबहादुर राई | पुरुष | ४१ वर्ष | बेलबारी-६, मोरङ | आए पास |
| ६. | देवराज निरौला | पुरुष | ५९ वर्ष | बेलबारी-६, मोरङ | एसएलसी सम्म |
| ७. | हेमन्त घिमिरे | पुरुष | ४८ वर्ष | बेलबारी-५, मोरङ | आएसम्म |
| ८. | चन्द्रबहादुर बुढाथोकी | पुरुष | ६१ वर्ष | बेलबारी-५, मोरङ | आठ कक्षा सम्म |
| ९. | सिता बिष्ट | महिला | ६७ वर्ष | बेलबारी-६, मोरङ | ५ कक्षा सम्म |
| १०. | विष्णुकुमारी राई | महिला | ७२ | बेलबारी-६, मोरङ | साक्षर |

## सन्दर्भ सामग्रीसूची


अधिकारी, बोधविक्रम (१९९१), *नेपाली दन्त्य कथासङ्ग्रह,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

कोइराला, शङ्करप्रसाद (२०६२), *लोकसाहित्य सिद्धान्त र विश्लेषण* (दो.सं.), विराटनगर ।

गिरी, जीवेन्द्रदेव (२०५८), *हाम्रा लोकगाथा,* काठमाडौँ : एकता प्रकाशन ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

दिवस, तुलसी (२०३२), *नेपाली लोककथा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुर प्रसाद (२०५६), *नेपाली साहित्यको परिक्रमा,* काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली कथावलोकन,* दार्जिलिङ्ग : दीपा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स, डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बेलबारी नगरपालिकाको वेभसाइड : https://belbarimun.gov.np/en

राई, चतुरभक्त (२०७९), *मिथक, किंवदन्ती र लोककथाहरू विश्लेषणात्मक अध्ययन* मैनाली पुस्तक भण्डार विराटनगर ।

वैध, करूणाकर (२०४३), *अञ्चल लोककथा सङ्ग्रह* (तेस्रो संस्करण), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

शर्मा, तारानाथ (२०५१), नेपाली *लोकसाहित्यको इतिहास* (ते.सं.), काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९), *कथा सिद्धान्त र विवेचना,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०३८), *प्रारम्भिक कालको नेपाली इतिहास र परम्परा,* काठमाडौँ : पाठ्क्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।